# मेरो कथा नलेखिदिनू

(विज्ञान कथासङ्ग्रह)

नइ प्रकाशन

# मेरो कथा नलेखिदिनू

इन्दिरा प्रसाई

प्रकाशक : **नइ प्रकाशन**
पोस्टबक्स : ११४४१, काठमाडौँ (नेपाल)
टेलिफोन : ४७७१४५५, फ्याक्स : ४७७०५८०
Email : nai.com.np@gmail.com
website : www.nai.com.np
संशोधक : लवप्रसाद भण्डारी
आवरण सज्जा : भानु भट्टराई
कम्प्युटर : आयुष्मान शाक्य
मुद्रक : सिग्मा जनरल अफसेट प्रेस
मोल : दुई सय रुपियाँ
© सुरक्षित, २०७४ साल (2017)

ISBN: 978-9937-509-55-8
**Mero Katha Nalekhidinu**
(A Collection of short stories by Indira Prasai)

# प्रकाशकीय

नेपाली वाङ्मयको श्रीवृद्धिका लागि २०५२ साल माघ १५ गते नइ प्रकाशनको स्थापना भएको हो । नेपाली भाषा संसारप्रतिको साधनाहेतु जन्मेको नइ प्रकाशन वसुधैव कुटुम्बकम्‌को आदर्शमा आबद्ध छ । नइ प्रकाशनले परम्परागत सांस्कृतिक मूल्य, मान्यता र धारणालाई सदैव शिरोपर गर्दै आएको छ । देशदेशान्तरका प्रतिभाको सम्मान गर्नु यस संस्थाको अर्को प्रमुख उद्देश्य रहेको छ ।

नेपाली भाषासाहित्य, कला, संस्कृति, समाजसेवा, ज्ञानविज्ञान, चिन्तन, खेलकुदलगायत अन्य विविध क्षेत्रका प्रतिभाको खोजी र तिनीहरूको अर्चनामा नइ प्रकाशन अग्रसर छ । यस संस्थाबाट बेलामौकामा विभिन्न सांस्कृतिक कार्यहरूका अतिरिक्त विविध ग्रन्थमालाहरूको पनि प्रकाशन भइरहेको छ ।

नइ प्रकाशन विशुद्ध नेपाली मूल्य, मान्यता र धारणालाई अङ्गीकार गर्दै नेपाली प्रतिभाका सिर्जनात्मक कौशललाई सुन्दर एवम् सुरुचिपूर्ण ढङ्गले प्रस्तुत गर्नसमेत अग्रसर छ । जगत्‌मा जन्मेर जीवन चलाउन जमजमाउने हरेकले जन्मभूमिको जयगानमा आफूलाई समर्पित गर्नु नै उसको पुनीत कर्तव्य पनि हो । यसै सन्दर्भमा वाङ्मयसेवा पनि राष्ट्रसेवाको महत्त्वपूर्ण कडी हो भन्ने भावनाले यो संस्था उत्साहित छ ।

नइ प्रकाशनको प्रस्तावनामा उल्लिखित उद्देश्यअनुरूप विविध कार्यक्रम र योजनामुताबिक प्रस्तुत कृति पनि प्रकाशमा आएको हो ।

इन्दिरा प्रसाईले रचेको 'मेरो कथा नलेखिदिनू' विज्ञानविषयक यौन कथासङ्ग्रह हो। यस सङ्ग्रहमा रहेका कथाहरूले नेपाली आख्यान परम्परामा एउटा नवीन द्वारको उद्घाटन गरेका छन्। मानवीय रोमाञ्च र पीडाबोध यस सङ्ग्रहका कथाको आत्मा हो। यस सङ्ग्रहका कथाले मानवीय यौन र प्रेम (Sex & Love) का भावना तथा प्रकृति र जीवनको तादत्म्यलाई मनोविश्लेषणात्मक किसिमले सशक्त अभिव्यक्ति दिएका छन्।

'मेरो कथा नलेखिदिनू' नामक कृति प्रकाशित गर्न पाउनु नइ प्रकाशनका लागि गौरवको अवसर हो।

• नइ प्रकाशन

# विषयसूची


- **लेखकीय**
  विज्ञानसँग कथाको तालमेल • ९

१. प्रेमदूत • १७
२. नौ नम्बरकी • ४६
३. बिहेअघिको रात • ६१
४. श्री • ७०
५. यन्त्रपोसाक • ८४
६. त्यो रात • ९२
७. मेरो कथा नलेखिदिनू • ९८

# विज्ञानसँग कथाको तालमेल

मानिसको प्रथम सम्बन्ध कथासँग हो वा विज्ञानसँग ?

'मानिसको प्रथम सम्बन्ध कथासँग हो वा विज्ञानसँग ?' मेरो मनमा बेलाबखत यो प्रश्न आउँछ । तर म यसको सहज जबाफ दिन पनि सक्दिनँ । मलाई लाग्छ, मानिस स्वयम् विज्ञानसम्बद्ध भएका कारण विज्ञानलाई मानिससँग छुट्ट्याएर परिभाषित गर्न सकिँदैन । अनि कथाले खनेको बाटो विज्ञानले पहिल्याउने हुँदा मानिसका लागि दुवै अन्योन्याश्रित छन् भन्ने पनि मलाई लाग्छ ।

हुन त मानिस पनि सृष्टिका यावत् प्राणीजगत्कै फगत एउटा सदस्य मात्र हो । तर अन्य सबै प्राणीका तुलनामा मानिसले विकास गऱ्यो र मृत्युबाहेक सम्पूर्ण संसार नै जितिरहेको छ पनि । कसरी यो सब काम एउटा अदना मानिसले गऱ्यो होला ? यस कुराको चुरोसम्म पुग्न मान्छेलाई निकै कठिन पनि हुन सक्छ । हचुवाकै भरमा भन्ने हो भने कल्पनाशीलताले नै मानिसलाई सर्वश्रेष्ठ प्राणीको आसनमा बसाएको हो । मानिसको कल्पनाशीलतालाई यथार्थसँग जोडेर निस्कने परिणामको नाम विज्ञान नै हो । मानिसलाई विकासको चरमबिन्दुमा पुऱ्याउने काम पनि मानिसनिर्मित विज्ञानले गरेको छ भने मानिसलाई विनाशको गर्ततिर धकेल्ने काम गर्दै मानिसकै दूषित कल्पनाको परिणामका रूपमा विज्ञानलाई नै कलङ्कित पारिँदै पनि छ ।

शब्दकोशमा लेखेअनुसार विज्ञान भनेको विशिष्ट ज्ञान, प्रज्ञा, विवेक, बुद्धि, ईश्वर, आत्मा, आत्मस्वरूप ज्ञान र भौतिक विषयको तत्त्व, सिद्धान्त आदिको प्रयोगात्मक विवेचना गरिएको शास्त्र भनेर बुझिन्छ । विज्ञान त्यसैले मानवको सबैभन्दा विशिष्ट आविष्कार हो र विज्ञानले मानिसका उपभोग्य र सन्तुष्टिपरक वस्तु उत्पादनको पर्याप्त कार्य गरिरहेको छ । यी तानाबानाको अर्थ अरू केही नभएर विज्ञान र मानवसँगको सम्बन्धको ससानो लेखाजोखा गर्ने लेखिबियाँलो मात्रै म गर्दै छु ।

आख्यान रचना गर्नु सर्वप्रथम मेरो रहर थियो । बिस्तारैबिस्तारै लेखन मेरो आवश्यकता बन्यो र क्रमश: आख्यान रचना मेरा लागि धर्म बन्यो । यसै धर्म पालनका क्रममा झन्डै तीस वर्षअघि लेखिएको ‘मास्क’मा विज्ञानको प्रवेश गराउने मेरो प्रयत्नसमेत जोडेर मबाट विविध कालखण्डमा सिर्जना भएका कथाहरू सँगालेर ‘मेरो कथा नलेखिदिनू !’ एकै ठाउँमा सङ्गृहीत गर्न पाउँदा मभित्रको आख्यानकार फेरि रमाएको छ ।

व्यासभूमिका बासिन्दा हामी नेपाली कल्पनाको उडानमा पछाडि पक्कै छैनौँ भने पनि हुन्छ । चन्द्रमामा पहिलो रकेट पुग्नुअघि नै महाकवि लक्ष्मीप्रसाद देवकोटाले ‘उडी छुनु चन्द्र एक’को परिकल्पना गर्नु र आर्यघाटमा मृत्यु पर्खिरहेका उनलाई चन्द्रमामा रकेट पुगेर मानिसले चन्द्रमा छोएको समाचार दिइएको तथ्यले महाकविको कल्पनाको उडान विज्ञानसम्मत भएको रहेछ भन्ने प्रमाण पेस गरेको छ । कविको कल्पनाशक्तिको तेजस्विताद्वारा विज्ञानले उपलब्धि गर्ने मान्यता पनि स्थापित भएको पाइन्छ । तर कोरा कल्पनाले मात्र पनि उपलब्धि हुन सक्दैन । सोही कल्पनाका कुराहरूको शाश्वत प्राप्तिका लागि अनवरतको लगनशीलताले मात्रै सार्थकता पाउन सक्छ ।

कथाकार फगत कल्पनामा रमाउँछ । उसको कल्पना साकार होला अथवा नहोला उसलाई खासै सरोकार पनि हुँदैन । बरु

कथाकार आफ्ना कथ्यमा आफूले देखेको सपना वा कल्पनालाई लिपिबद्ध गर्दाको प्रसवानन्दमा बाँच्छ । एउटा वैज्ञानिकले देखेको सपना अथवा कल्पनाका तुलनामा कथाकारको सपना र कल्पनाले यथार्थको जमिन टेक्न हम्मेसि पाउँदैन । हुन त हाम्रो जस्तो अविकसित र अव्यवस्थित सरकार हुने मुलुकका वैज्ञानिकहरूका सपना वा कल्पना पनि असमय तुहिन नै बाध्य छन् । विश्व बजारीकरणका कारण अहिले हाम्रा प्रतिभाशाली वैज्ञानिकहरू आफ्नो कल्पना र सपनाको वैज्ञानिक बिरुवा विकसित मुलुकका प्रयोगशालामा रोपिरहेका छन् । आफ्नो मुलुककै मायामा भुतुक्क भएर राष्ट्रवादी गीत गाउँदै यहीँ चमत्कार फलाउन चाहने वैज्ञानिकहरू भने असमय ओइलाउन र सुस्ताउन बाध्य छन् । थाहा छैन, यस्तो विडम्बना मुलुकले कहिलेसम्म भोग्नुपर्ने हो !

जति छ त्यतिले नपुग्नु र अझै अरू अझैको कामना गर्नु मानवीय स्वभाव नै हो । जे छ त्यसले चित्त नबुझ्नु र अर्को अझै अर्कोको आवश्यकता बोध गर्दै नवीनतम प्राप्तितर्फ उत्सर्गिक हुनु पनि मानिसकै पहिचान हो । मानिसको त्यही असन्तुष्ट स्वभाव मानवजातिका लागि वरदान र अभिशाप दुवै भएको छ ।

पश्चिमा वैज्ञानिकहरूद्वारा अत्याधुनिक भनेर निर्माण गरिनुभन्दा हजारौँ वर्षअघि पूर्वीय ऋषिहरूद्वारा प्रतिपादित ग्रन्थहरूमा पुष्पविमान, अन्तरदृष्टि, दूरदृष्टि, अङ्गप्रत्यारोपण, नियोगलगायतका विविध आश्चर्यजनक विज्ञानसम्मत कथाहरू वर्णन पाइन्छ । उस बेलाका कतिपय उपचार र अतिशय कल्पनाशीलताका रोचक कथ्यहरूमध्येकै कतिपय कल्पना अहिले विज्ञानद्वारा साक्षात् बनाइएका उदाहरणहरू छन् । यसै कारणले पनि मलाई विज्ञानकथा लेखनका लागि उत्प्रेरित गरेको हो ।

विश्वबन्धुत्वको नारा घन्काउने मानिस स्वयम् वैज्ञानिक आविष्कारहरूसँगको तादात्म्यताका कारण फगत एक्लो हुँदै गएको

छ । भौतिकताले एउटै घरभित्र, एउटै कोठाभित्र र एउटै ओछ्यानमा सँगसँगै भएका मानिसहरूबीच पनि प्रेमिल सम्बन्ध बिरानो हुँदै गएको छ । मानिस विज्ञानका उपलब्धिका कारण विज्ञानसँग सहकार्य गर्दै संसारसँग नजिकिन पुगेको छ । विज्ञानका उपलब्धिकै कारण विशाल संसारको मान्यता अब मानिसका चोर औँलाको टुप्पोमा सीमित भएको छ । तर विज्ञानका चरम उपलब्धिहरू भोग्दाभोग्दै मानिस भने आफ्नैसँग बिरानो हुँदै गएको छ । मानवीय हित सम्बर्द्धन अभिप्रायले प्रारम्भ भएको विज्ञानमय खोज र प्राप्तिपछि सोही प्राप्ति अब मानवीय ह्रासतर्फ उन्मुख भइरहेको पनि छ । सृष्टिका सुन्दर फूल स्त्रीभ्रूण हत्यामा सहभागी विज्ञानको खोजले पृथ्वीको नष्ट भ्रष्टतातर्फ कदम बढाएको सत्यले विज्ञान निश्चय नै समग्र मानवसमुदायकै समाप्तितर्फ उन्मुख भएको देखिँदै छ । यस प्रकारको विज्ञान कसरी उपलब्धिको कारक हुन सक्छ ? मानिसद्वारा निर्माण गरिएको विज्ञान अब मानिसको हत्या र आतङ्कको गतिविधिमा उद्यत भएपछि विज्ञान मानिसले आफ्नै विनाशका लागि निर्माण गरिएको विषयवस्तु मात्र हुँदै गएको छ भन्नुपर्ने अवस्थाको समेत सिर्जना भइरहेको छ ।

सृष्टिको प्रारम्भदेखिको हिसाबकिताब गर्ने हो भने दुर्गम मानवजीवनलाई सुगम बनाउने श्रेय विज्ञानलाई नै छ । पचास वर्षअघिको मेरो आफ्नै जीवनशैली, क्रमश: बिताउँदै आएको जीवन र मेरो वर्तमान जीवनशैलीबीचको फरक म स्वयम्कै लागि अचम्मलाग्दो गरी परिवर्तित छ । एकातिर सकसबाट सहजतर्फ र अर्कातिर सहजताबाट जटिलतातर्फ उन्मुख हुँदै गएको आफ्नै जीवनको भोगाइको अध्ययनले म विज्ञानका उपलब्धिबाट गजबले रोमाञ्चित र नराम्रोसँग उत्तर्सित पनि छु ।

जति मानिस विकसित हुँदै गयो, जति मानिस विज्ञानका चपेटामा पर्दै गयो त्यति नै एक्लिँदै पनि गएको छ । सहज जीवनशैलीका

नाउँमा अथवा सुरक्षाका नाउँमा भएका कतिपय आविष्कारसमेत मानवजीवन र पृथ्वीकै विनाशतर्फ समेत उन्मुख हुँदै गएको पाइन्छ । मानिसले विज्ञानको लोभमा फसेर कतै पृथ्वीबाट प्राणी मात्रकै अस्तित्व नामेट त पार्ने होइन ? भन्ने प्रश्न पनि उब्जिन थालेको छ । कतिपय आविष्कार वरदानमूलक भए तापनि ती आविष्कारकै अभिशापमूलक प्रयोग पनि हुने गर्छन् । जसले गर्दा आविष्कारसँग रमाउन खोज्दाखोज्दै पनि त्यसको सदुपयोगसँग आशङ्कित हुनुपर्ने अवस्था देखिन्छ ।

समग्रमा विज्ञान मानिसका लागि वरदान बन्नुपर्छ अभिशाप कदापि बन्नु हुँदैन । विज्ञान मानिसको सहायक हुनुपर्छ शत्रु कदापि बन्नु हुँदैन । मेरो व्यक्तिगत कुरा गर्ने हो भने म विज्ञानको स्कुले विद्यार्थी भइनँ तर विज्ञानसँगको मोहबाट पनि टाढा जान सकिनँ । आफूभित्र बेलाबखत उब्जिने कौतूहलजन्य कल्पनालाई विज्ञानकथाका माध्यमले थन्को लगाउन पाउँदा आफूलाई केही हलुङ्गो पाएकी छु ।

यथार्थको क्यानभासमा कल्पनाशक्तिको चित्रकारिताले मैले विज्ञानकथाको निर्माण गरेकी हुँ । यी कथारूपी चित्रहरूमा सामाजिक सञ्जाल, आधुनिक विज्ञानमूखी ई पत्रपत्रिका र ती पत्रपत्रिकामा प्रकाशित हुने विज्ञानका नविनतम खोजसम्बन्धी लेखरचनाहरूको अध्ययन घर्षणबाट निर्मित रङ्गले मैले मेरो कथारूपी चित्र सिँगार्ने प्रयत्न गरेकी छु ।

मैले यी आख्यानहरूको सिर्जना साक्ष्यमा हाम्रा नातिनातिनाको भविष्यसँग सरोकार राखेकी छु । नातिहरू इशाश श्रेष्ठ, अकृत घिमिरे, आर्जित घिमिरे र नातिनी प्रकृति प्रसाईजस्तैँ नयाँ पुस्ताको सुदूर भविष्यतर्फ लक्षित कुनै कथाका पीडादायी स्पर्शले मलाई दुखाएको छ । निर्माणको चरमबिन्दुमा पुगेको पृथ्वी अवसानको मार्गतर्फ उन्मुख देखिँदो छ । यस वास्तविकतासँग साक्षात्कार हुँदा मेरो मानसमा पनि सामान्य मानवीय तुच्छ प्रवृतिले बोलबाला कायम गर्नु अनौठो होइन । त्यसैले पृथ्वीको विकराल विकृत

स्वरूपजन्य समयमा म पनि समग्र विश्वबन्धुत्वको साटो सर्वप्रथम आफ्नै सन्ततिको प्रश्नवाचक भविष्यसँग आक्रान्त भएकी छु । त्यसो भनेर मैले आफूलाई चिन्तातर्फ उन्मुख गराउन खोजेकै भए पनि मेरो लेखनासनमा प्रतीकात्मक रूपले मैले आफ्नो रक्तकण स्थापना गरेको मात्र हो । पृथ्वीको अक्षुणताप्रति आस्थावान मेरो मानस सृष्टिका भावी पुस्ताले सुन्दर र सुरक्षित वसुन्धरा भोग्न पाउन भन्ने चाहनातर्फ अभिमुख हुनु कुनै ठूलो आश्चर्य नभएर मानवीय कर्तव्य नै हो ।

सधैँझैँ घरधन्दा थामिदिने सुमी चौधरीको कर्तव्यपरायणता, कान्छी छोरी अनुकृतिकाको मोह र मेरा प्रिय नरेन्द्रप्रदत्त प्रेमिल संसार नै यस कथासङ्ग्रह आविष्कारको कारक तत्त्व भएको छ ।

**नागपञ्चमी, साउन २०७४** **• इन्दिरा प्रसाई**

# मेरो कथा नलेखिदिनू

# प्रेमदूत

'तन मात्र होइन मनसमेत सुन्दर भएकी दु:खी स्त्रीको आकर्षक तस्बिर !'

धीराले प्रोफाइल पिक्चर फेरेको तीन मिनेटमा एउटा कमेन्ट लेखिएको थियो । पच्चीस लाइकमध्ये यो कमेन्ट लेख्नेले लभको चिह्न नै रियाक्ट गरेको थियो ।

त्यसको नाउँ प्रेमदूत थियो । अनौठो नाउँ र कमेन्ट पनि सामान्य नभएपछि धीरालाई उसको प्रोफाइल हेर्ने कौतूहल हुनु अस्वभाविक पनि थिएन ।

- आधुनिक सञ्चारसँग सम्बद्ध
- सामाजिक जीवन र व्यवहारको विश्लेषक
- आफ्नै व्यवसाय सञ्चालक

धीरालाई उसको स्टचाटस खासै आकर्षक पनि लागेको थिएन । अझ उसको प्रोफाइल पिक्चरको ठाउँमा पनि गुलाफको फूल अनि कभर फोटोका रूपमा समुद्रको फोटो देखेपछि 'यो कुनै छद्मनामीकै फेसबुक हो' भन्ने टुङ्गो पनि उनले लगाइसकेकी हुन् । उनी फर्केर आफ्नो वालमा आइन् । उनको प्रोफाइल फोटोमा पचास लाइक पुगिसकेको थियो । कमेन्ट पनि दसओटा भइसकेका थिए । सुन्दर, आकर्षक, कत्ति राम्रीजस्ता चलनचल्तीका कमेन्ट पनि आउँदै थिए । तर पहिलो कमेन्टको दाँजोमा ती सबै कमेन्ट फिका परिसकेका थिए ।

'को रहेछ यो ?'

फोटो त अरूले जस्तै देख्यो त्यसले पनि, तर मेरो 'मन' कसरी देख्यो हँ त्यसले । कत्ति न भेटेर हित्तचित्त नै गाँसेजसरी नै किटान गरिदियो । 'ह्या... अनुमानको ढुङ्गा हान्या होला बज्या छद्मनामीले...' उनले मनमनै त्यसलाई सम्झँदासम्झँदै बिर्सन खोजेकी थिइन् ।

विश्वव्यापी ग्लोबल वार्मिङ, राष्ट्रमा व्याप्त अव्यवस्थाका कारण फैलिएको धूलोधूवाँको प्रदूषणले काठमाडौँ अब काठमाडौँजस्तो रहेन । धीराले पच्चीस वर्षअघिको मीठो हावा वहने काठमाडौँ सम्झिन् । त्यति बेलाको वैशाख महिना यति आनन्ददायक थियो कि के भन्नु र ? तराईबाट भर्खरै काठमाडौँ आएकी उनले वैशाख महिनामा पनि गतिलै स्वेटर लगाएकी थिइन् । अविरलसँग त्यसै बेला भेट भएको हो ।

मौसम र अविरल !

उनलाई एक्लै फिस्स हाँस्न मन लाग्यो । अविरल पनि काठमाडौँको मौसमजस्तै भए अब ! प्रदूषित ? उनले आफैँसँग प्रश्न गरिन् । उनको मन त्यसैत्यसै अमिलो भएर आयो ।

सायद यसरी उनी अमिलिनुपर्ने पनि थिएन होला । सधैँ झैँ एक्लै उच्चाटिँदो दिन बिताउँदाबिताउँदै त्यस दिन अचानक धीराले अविरलको टचाब खोलेकी थिइन् । त्यस दिन अविरलले आफ्नो टचाब लकै नगरी अफिस गएका रहेछन् । मन दोमनले उनका औँला टचाबमा सलबलिँदा-सलबलिँदै अविरलको मेसेन्जर खोल्न पुगेकी थिइन् । त्यहाँ भेटिएका नानावलीका च्याट पढेपछि उनको मानस महल गर्ल्याम्मै ढलेको थियो । ती म्यासेजहरू पढेपछि केही समयसम्म त उनी विछिप्तै बनेकी थिइन् ।

'ओहो अविरलको मसँगको चिसोपनको कारण त यस्तो पो रहेछ !'

किसिमकिसिमका आधुनिकताले भरिपूर्ण सुन्दर युवतीहरूसँग अविरलले मेसेन्जरमा गरेका कुराकानी पढेपछि उनलाई हुनसम्मको औडाहा, आक्रोश र पीडाले सताएको थियो ।

'एउटी छोरी जन्माएकी हो । त्यो पनि अस्ट्रेलियातिर हिँडी । अब एउटा बोझजस्तो जीवनबाहेक मसँग घरमा केही छैन । घरमा जे छ त्यसमा म छैन । म आफूलाई एकदम एक्लो, रित्तो र विरही महसुस गर्छु प्रिये ।'

'तिम्रो प्रेममा बाँधिन पाए मैले पनि जिउँदो मुर्दाको जीवन बाँच्नबाट मुक्ति पाउने थिएँ ।' अविरलले लेखेको थियो ।

'त्यसो नभन न, तिम्रो पीडा म महसुस गर्न सक्छु । तिमीलाई मैले सम्पूर्ण रूपबाट अर्पण गरेकी छैन र ?' उताबाट युवतीले लेखेकी थिई ।

'तिम्रो प्रेमको सागरमा पौडिन पाए मेरो ओइलाएको जीवन लहलहाउन सक्छ प्रिये ।' अविधालाई अविरलको लेखन थियो ।

धेरै युवतीसँग अविरलको कुराकानी हुने गरेको भए पनि अविधासँग उसको निकै घनिष्ट सम्बन्ध भइसकेको कुरा पनि उनीहरूद्वारा एकअर्कालाई लेखिएको बेहोराले बोलिरहेको धीराले बुझेकी थिइन् ।

अविधा र अविरलका सारा कुराकानीबाटै धीराले एकाएक अविरलमा आएको परिवर्तनबारे जानकारी पाएकी थिइन् । नीला वा खरानी रङका पाइन्ट र सेता वा चेक सर्ट मन पराउने अविरल अचानक जिन्स पाइन्ट र बुट्टेदार रङ्गीन सर्ट लगाउन थालेको रहस्य पनि धीराका सामुन्ने खुलेको थियो ।

यसरी अविरलको प्रदूषण धीराका सामुन्ने ह्वाङ्गै खुलेको थियो ।

तर यस्तो विकराल अवस्थालाई पनि महादेवले विष पान गरेर शान्त भएझैँ धीरा शान्त बसेकी थिइन् । एक मन अविरललाई चट्टै छोडेर हिँडौँ कि भन्ने पनि नलागेको होइन धीरालाई । तर कता जाने ? माइतमा भाइबुहारीको दुर्व्यवहारका कारण वृद्ध आमाका आँसु उनले पनि पुछ्न नसकेको अवस्था थियो ।

प्रेम गरेकै समयको योजनाअनुरूप अविरलको प्रस्ताव धीराले कहिल्यै नाघिनन् । जसअनुरूप धीराले घरव्यवहार हेर्ने र अविरलले जागिर खाने थियो । त्यसो त धीराकी आमाले उनलाई प्रशस्त दाइजो पनि नदिएकी होइनन् । उनैको दाइजोको जमिनको केही अंश बेचेर छोरी श्लाघा अस्ट्रेलिया गएकी हो । बाँकी रहेको भाग पनि उनले श्लाघाकै लागि छुट्ट्याएर राखेकी छन् ।

अविरलसँग काठमाडौँको पुरानो बानेश्वरमा पुस्तैनी चारतले घर थियो । त्यही घरको दुई तला भाडामा लगाउनाले उनीहरूको दैनिक जीवनयापन सहज थियो । अविरलको बैङ्कको राम्रै जागिर भएकाले उनीहरूको बचत पनि राम्रै थियो ।

अविरल र धीराबीच प्रेमसम्बन्ध भए पनि अविरलका पितामाता र धीराकी आमाको पनि सहमतिमा नै उनीहरूको विवाह भएको थियो । पच्चीस वर्षअघि बिहे भएर अविरलका घरमा आउँदा एक मात्र छोराकी पुत्रबधूका रूपमा सासूससुराबाट पनि धीराले बिछट्टै माया पाएकी हुन् । उनीहरूको बिहेको पाँच वर्षपछि श्लाघा दुई महिनाकी हुँदानहुँदै नै सासू र त्यसको एक वर्षपछि ससुराले धर्ती छोडेपछि उनीहरू अविभावकविहीन भएका थिए ।

आर्थिक रूपले धीराको जीवन सहज थियो । तर पछिल्लो समय भने उनका मानसका लागि विछिप्त हुँदै गएको पक्कै हो । त्यसरी अविरलको मेसेन्जरमा उसका रङ्गीन गतिविधि नदेखुन्जेलसम्म त धीरालाई अविरलको आफूप्रतिको फर्कोफर्को वा बेवास्ता पनि

सहजै लाग्थ्यो । 'दिनभरि अफिसमा काम गरेर थकाइ लाग्दो हो । बिचरो...' अविरलप्रतिको धीराको सहज अनुभूति हुने गर्थ्यो । तर मेसेन्जरका ती च्याटका शब्दहरू पढिसकेपछि भने धीराका आँखामा जुन बेला पनि अविरल र अविधाका घनिष्टताका चित्रहरू मात्रै आउँथे । धीरा आफूभित्र आगो बलेर दनदनी भएको र त्यही आगोमा आफू दिनदिनै सल्किँदैसल्किँदै गएको अनुभूति गर्थिन् ।

'तिम्रा मेसेन्जरका सबै बेहोरा मैले पढिसकेँ ।'

अविरललाई सोधिहेरौँ कि, भनिदिऊँ कि पनि लाग्थ्यो धीरालाई कहिलेकाहीँ । तर त्यसरी अविरलको गतिविधि जाँचेर आफूले उनीप्रति विश्वासघात गरेको खुलासा हुनुसँग उनको स्वभाव नमिल्ने कुराले पनि धीराले अविरलसँग प्रश्न गर्ने साहस गर्न सकेकी थिइनन् ।

कहिलेकाहीँ त उनलाई त्यस दिन आफूले त्यसरी अनाधिकृत रूपमा अविरलको मेसेन्जर हेर्न नहुने थियो भन्ने पनि लाग्थ्यो । 'बरु मैले केही थाहा नपाएको अवस्था नै मेरा लागि ठीक थियो ।' उनको एक मनले भन्थ्यो । 'होइन, मैले हेरेर ठीक गरेँ, सधैँ अन्धकारमा बसेर खुसी हुनुभन्दा त सत्य जानेर दुःखी हुनु बेस ।' उनको अर्को मनले तुरुन्तै जबाफ दिन्थ्यो । वास्तविकतामा चाहिँ आफूभित्र गुम्सिएको पीडाले धीरा दिनदिनै कुण्ठामा बेरिन थालेकी थिइन् ।

'म भरे बेलुकी साथीहरूसँग गेटटुगेदरमा छु, तिमी खाना खानू, म फर्किन ढिलो हुन सक्छ । मैले मूल ढोका र कोठाको ढोकाको साँचो लगेको छु । तिमी सुते हुन्छ ।'

हिजोआज प्रत्येक शुक्रबार बेलुकी अविरल ढिलो आउने नियमजस्तै बसिसकेको थियो । विषय फरकफरक र प्रस्तुतिमा केही फरक हुनुबाहेक अरू कुरा उस्तै हुने गर्थ्यो । कहिलेकाहीँ त अविरल धुलिखेल

वा नगरकोटमा अफिसको मिटिङ वा गेटटुगेदरका नाउँमा रातै पनि बाहिरिन्थे । अविरलको मेसेन्जरको च्याट नपढुन्जेल त धीरा अविरलका हरेक सूचनालाई सत्य ठान्थिन् ।

अविरलको रङ्गीन संसारबारे जानकारी पाएपछि आफू भित्रभित्रै गुम्सिएर विस्फोटनको तयारी हुँदै गरेको कुरा थाहा नपाएकी धीरा स्वयम्लाई सकेसम्म यसै प्रकारको जीवनसँग अभ्यस्त बनाउने कोसिसमा थिइन् ।

आज अचानक अनौठो नाउँधारी 'प्रेमदूत' को असामान्य कमेन्ट पढेपछि भने शान्त तलाउमा कसैले ढुङ्गा हानिदिएजस्तै भएर उनको मनमा हलचल हुन खोजेको थियो । तर प्रेमदूतको फेसबुक प्रोफाइल हेरेपछि भने उनले आफूलाई पूर्वावस्थामा पुऱ्याइसकेकी थिइन् ।

त्यस साँझ पनि सधैँको साँझकैँ धीराले कौसीको फूलबारीमा पानी हालेर केहीबेर तिनै फूल र पातहरूसँग मनका कुरा वा गुनासाहरू पोखिन् । धीराका र छिमेकीका घरका वरिपरिका बुर्जाहरूमा असजिलो गरी भए पनि जोडीजोडी भएर बसेका परेवाहरूलाई उनले हेरिन् । बिहान उनले परेवालाई छानामा भात दिएको प्लास्टिकको प्लेट सधैँ कैँ परेवाले नै भुइँमा खसालेका थिए । उनले टिपेर भाँडा माऊने ठाउँमा पुऱ्याइन् । फेरि फर्केर परेवाका जोडीलाई डाहा गर्दै हेरिन् । ती जोडी परेवाका चार आँखाले उनका दुई आँखालाई गिज्याएको अनुभूतिले उनको मुटुनेरि बेस्सरी दुख्यो ।

दुखेकै मनले पनि पेटको भोकको खोजी गर्दै नियमित क्रिया सम्पन्न गर्न उनी भान्सामा पुगिन् ।

'के खाने ?'

न उमङ्ग, न उत्साह !

बिहानको उब्रेको भात र तरकारी फ्रिजमा थियो । हुन त उनलाई बिहानको बेलुकी पनि बासी खान मन पर्दैन । तर आज कमलीले 'खान मन छैन' भनी ।

कमली दस वर्षदेखि धीराको घरधन्धामा सघाउन आउने विवाहिता आइमाई हो । सुक्खा तलबमा राखिएकी भए पनि धीराले कमलीका लागि पनि भात पकाउने गरेकी थिइन् । पैसा मात्र दिएर जुठा भाँडा मझाउनु उनलाई ठीक लाग्दैनथ्यो । तर एउटा अनुशासन कायम गर्नुपर्छ भनेर उनले कमलीलाई भात बोकेर घर लैजान भने दिने गरेकी थिइनन् । आज त्यसैले बिहानको भात उब्रेको थियो । कमलीले नखाएका दिन मन नपरे पनि उनैले बासी भात खानुपर्थ्यो । आज पनि त्यस्तै भएको थियो ।

धीराले फ्रिजबाट भात र तरकारी झिकिन् । चिसो भातको बट्टा छुँदा उनले अविरलसँगको आफ्नो सम्बन्ध सम्झिन पुगिन् । ओभनमा तताइन्, 'कस्तो छिट्टै तात्छ' । तातो खानाले प्रेम गरेको बेलाको अविरलको न्यानो सम्झायो उनलाई । मान्छेको चिसिएको सम्बन्ध तताउने पनि यस्तै ओभन हुनुपर्ने नि है । अनि त्यसरी तताएको सम्बन्ध पनि ओभनमा तताएको खानेकुराजस्तै एकैछिनमा तात्ने र सेलाउनासाथ अति नमीठो हुने ! तर ओभनमा तताउनाले प्राकृतिक खानामा मन्द विष घोलिएझैँ मानवीय सम्बन्धमा पनि त्यस्तै विष घोलिने होला !

आफ्नो बच्चा– तर्कनाले उनी आफैँसँग हाँसिन् ।

एकैछिन विगतमा पुग्दा पनि आनन्दको मीठो सिर्काले उनको मनै चङ्गा भएको थियो । तर झट्टै अविधासँगको अविरलको च्याटको प्रसङ्ग स्मृतिमा आइदिनाले उनको प्रेमिल संसारलाई कालो बादलले झैँ छपक्क छोपिदियो । फेरि उही विषादको गहिरो कुहिरोमा उनी प्रवेश गरेकी थिइन् ।

त्यसैले एक्लै कुपुकुपु खाएको भात पनि स्वादविहीन, केवल पेटरूपी थैलो भरेजस्तो मात्र भएको थियो उनलाई ।

भान्साको सबै व्यवस्थापन सकेर उनी कोठामा आइन् । सधैँ झैँ उनको एनरोइड कोठैमा थियो । फुल चार्ज भएको मोबाइल झिकिन् र यसो हेर्दा उनको मेसेन्जरमा नयाँ रिक्वेस्ट मेसेज देखिन् । फेसबुककै कारण उनका केही पुराना साथीहरू भेटिएका थिए । तर उनीहरू पनि सबैजसो नै केही न केही काम र गृहस्थीमा व्यस्त हुँदा उनको मेसेन्जरमा च्याट गरिरहने पनि कोही थिएन । छोरी श्लाघा धेरजसो भाइबर र ह्वाट्स एपमा नै कुरा गर्थी । अझ खास गरेर श्लाघा प्राय:जसो शनिबार बेलुकी मात्र कुरा गर्न भ्याउँथी ।

'को होला यो ?'

धीराको मनको तीव्र गतिले मेसेन्जरको रिक्वेस्ट कौतूहलपूर्वक नै हेरेको थियो ।

प्रेमदूतकै रिक्वेस्ट र 'मसँग च्याट गर्न मिल्छ ?' भनेर लेखिएको मेसेज त्यहाँ थियो । युनिकोडमा लेखिएको मेसेज पढेपछि उनको मनको शान्त तलाउमा फेरि पनि केही तरङ्ग आउन खोजेको थियो ।

'छद्मनामी'

उनको मनले नमीठो गरी त्यस मेसेजलाई पन्छाउन खोज्यो ।

'किन र ? हामी साथी बन्न सक्तैनौँ र ?' तुरुन्तै उताबाट लेखिएको थियो ।

'छद्मनामीलाई मैले साथी बनाउने गरेको छैन ।' उनले रोमनमा जबाफ फर्काएकी थिइन् । धीरालाई श्लाघाले युनिकोड चलाउन पनि सिकाएकी छे । तर उनलाई रोमन लेख्न नै सहज लाग्थ्यो ।

'नाउँसँग के मतलब र ? मेरो नाउँले तपाईंको के अहित गरेको छ र ? म तपाईंसँग साथी बन्न चाहन्छु । फेरि मेरो च्याट

तपाईंलाई मन नपरे मलाई ब्लक नै गर्न पनि त तपाईं सक्नुहुन्छ नि ! होइन र ?'

उसको लेखाइ र त्यसमा खामिएका विचारले साँच्चै धीरालाई प्रभावित पारिसकेको थियो । यतिको शिष्ट, सभ्य र मर्यादित आग्रह पन्छाउन पनि उनलाई ठीक लागेन ।

'हो नि त, मन नपरे ब्लक गर्न पाइन्छ नि !' उसकै कुरालाई मनमनै दोहोर्‍याउँदै धीराले प्रेमदूतलाई साथी स्वीकार गरेकी थिइन् ।

त्यसै बेलुकीदेखि उनीहरूबीच च्याट सुरु भएको थियो ।

'किन छद्मनाम ? यतिको परिस्कृत विचार हुनेले आफ्नै सही नाउँमा प्रस्तुत हुँदा के बिग्रन्छ र ?' धीराले नलेखी भएको थिएन ।

'मेरो वास्तविक नाउँ नै यही हो भन्दा तपाईंलाई पत्यार नलाग्न सक्छ । तर तपाईंलाई मेरो वास्तविक नाउँ नै पनि किन चाहियो र ? फेरि नाउँ नै जानेर पनि के पो हुन्छ र ? मानिसका नाउँ जेसुकै पनि हुन सक्छन् । नाउँले उसको आचरण बुझाउने पनि होइन् । नाउँका अर्थको विपरीत क्रियाकलापमा संलग्न मानिसहरूको नाउँ तपाईंलाई थाहा छ ?'

उसको तर्कपूर्णको प्रश्नले धीरालाई उत्तरविहीन पारेको थियो । उसको प्रश्नको सन्दर्भअनुरूप तिनै प्रश्नका उत्तर धीराका मानसमा सरर आएका थिए । ती विविध सुन्दर नाउँधारी विकृत व्यक्तिका अनुहारहरू एकएक गर्दै उनको सम्झनामा आएका थिए । जसमध्ये सबैभन्दा धेरै राम, कृष्ण, शिव, सीता, गीता, पार्वती, सती, सावित्री, गायत्री, अमर, अमृत आदि-इत्यादि कति हुन् कति थिए । उनले चिनेका विपरीत अर्थका नाउँधारीहरू बग्रेल्ती नै थिए ।

'हो, यिनले भनेको कुरा पनि ठिकै हो, असली नाउँ नै व्यक्तिपहिचानका लागि सही माध्यम पनि हो भन्न सकिँदैन । नाउँले

मात्र त मानिस चिन्नै सकिन्न । मानिसलाई साथी बनाउनकै लागि मात्र त नाउँ जे भए पनि हुन्छ नै ।' धीराले उसको तर्कसँग सहमतिको छाप लगाइन् र फेरि कहिल्यै उनले उसको असली नाउँका बारेमा कुनै प्रश्न पनि गरिनन् ।

त्यस दिन केहीबेर उनीहरूबीच भलाकुसारी भयो । उसले उनका बारे खोजीनिधी गरेको थियो । स्वभावअनुरूप उनले आफ्नो माइती, घर, पारिवारिक स्थिति सबै खोलिदिएकी थिइन् । उनले पनि उसका बारेमा चासो राखेकी थिइन् ।

'सम्झनुस् यस संसारमा मेरो कोही छैनन् र यो संसारका सबै मेरा हुन् । हाहाहा, म आधुनिक सञ्चारसँग सम्बद्ध र आबद्ध पनि छु । यसबाहेक मेरो अरू परिचय तपाईंलाई आवश्यक पनि छैन । र अर्को सत्य के हो भने मेरो तपाईंको जस्तो गृहस्थी पनि छैन ।' उसले जबाफ फर्काएको थियो । अलि रूखोजस्तो, कुरा लुकाएको जस्तो जबाफ पढेर पनि स्पष्ट र परिमार्जित लेखाइ पढ्दा त्यति नरमाइलो पनि लागेन धीरालाई ।

'अनि गृहस्थी जमाउने उमेर भएन त अझै ?' धीराले उसले नभन्न खोजेको कुरामा पनि चासो राख्न खोजेकी थिइन् ।

'मलाई लाग्छ गृहस्थी उमेरभन्दा बढी आवश्यकता हो । मलाई अहिलेसम्म गृहस्थीको आवश्यकता परेको छैन । ...र भविष्यमा पनि पर्ला जस्तो मलाई लाग्दैन ।' लगत्तै उसको जबाफ आएको थियो ।

कस्तो अचम्मको कुरा गर्दो रहेछ यो मानिस ! धीरालाई ऊबारे थप कौतूहल जागेको थियो । 'प्रेममा असफल भएर निराश भएको जस्तो छ केटो ।' उनले मनमनै शङ्का गरेकी थिइन् ।

'तपाईंको उमेर कति भयो त ? प्रोफाइलमा पनि राख्नु भा रै'नछ ।' उनले नसोधी बस्न सकेकी थिइनन् ।

'म परिपक्व छु, उमेर भएर पनि परिपक्व नभए के गर्ने ? त्यसैले मेरो विचारमा यो उमेरको पनि कुनै अर्थ छैन । म तपाईंको प्रोफाइलमा लेखिएको तपाईंको उमेर होइन त्यहाँ लेखिएका तपाईंको विचारमा भएको परिपक्वताका कारण तपाईंप्रति आकर्षित भएको हुँ । एउटा सही साथी हुनका लागि प्रमुख योग्यता भनेकै उनीहरूबीचको उमेर होइन उनीहरूको विचारको स्तर मिल्नुपर्छ । उमेरको आकर्षण कुनै पनि बेला विकर्षणमा परिवर्तन हुन सक्छ । तर वैचारिक एकता अत्यन्त प्रबल हुन्छ । मान्नुहुन्छ ?'

ऊ प्रस्तुत भएको थियो । उसका परिमार्जित विचारले नै धीरा ऊप्रति आकर्षित हुँदै गएकी थिइन् । त्यसैले उसका विचारप्रति उनले शब्दले होइन लाइकको चिह्नले सहमति जनाएकी थिइन् ।

सधैँ नबित्ने समय कसरी बित्यो उनले पत्तै पाइनन् । मूल दैलो घरक्क उघ्रेको आवाजले उनको ध्यान घरतिर र आफूतिर गएको थियो । उनले आफूलाई सुत्ने तयारीमा पुऱ्याउने सम्पूर्ण विधि बाँकी नै थियो । उनले हतारहतार मोबाइल थन्क्याइन् । सधैँ झैँ मोबाइलको साउन्ड अफ गरिन् । त्यतिन्जेलमा अविरल कोठाभित्र पसिसकेका थिए ।

'अझै सुतेकी छैनौँ !' अविरलले उनलाई प्रश्न गर्दै भित्तामा टाँगिएको घडीतिर आँखा पुऱ्याएका थिए । अविरलसँगसँगै उनका आँखा पनि घडीमा ठोक्किएका थिए । त्यहाँ रातिको बाह्र बज्न पन्ध्र मिनेट बाँकी थियो ।

यसरी आधा रातसम्म मोबाइल चलाएर बसेको उनको यो पहिलो दिन थियो । तर त्यसपछि त्यस रात भने उनले मोबाइल चलाइनन् । सधैँ झैँ संवादहीनतामै अविरल र उनले आआफ्नो नित्यकर्म सकेर बिछ्यौनामा पुग्दा एक बज्नै लागेको थियो । अविरल बिछ्यौनामा ढल्किनासाथ मस्त निद्रामा पुगेर घुर्नसमेत थालेका थिए । तर उनलाई भने निकैबेरसम्म पनि निद्राले छुन सकेको थिएन ।

भोलिपल्ट साबिककै समयमा उठेर उनले नित्यकर्म सकिन् । भातभान्सा पनि तयार गरिन् । आज शनिबार भएकाले अविरलको अफिस थिएन । भात खाएपछि सधैँ झैँ टचाबलेट बोक्दै अविरल तल ओर्ले । अविरलका लागि टचाबलेट अभिन्न थियो । उनी निदाएको बेलाबाहेक घरमा उनको टचाबसँग मात्र सम्बन्ध हुन्थ्यो । भात खाँदा त के र ? उनी त बाथरुममा पनि टचाब लिएरै जान्थे ।

कमली आइपुगेपछि उसलाई सबै काम सुम्पेर धीरा पनि तल ओर्लिन् । उनले पनि आज मोबाइल समात्न पुगेकी थिइन् ।

मेसेन्जरमा मेसेज थियो ।

'अचानक कता गायब हुनुभयो ?'

'सुत्नुभयो कि के हो ?'

हिजोको म्यासेज थियो ।

'फुर्सत भएको छैन ?'

'गृहस्थी भनेको यस्तै हो ?'

'हत्तपत्त आफ्ना लागि समय नै पाइन्न है ?'

आजको मेसेज थियो ।

ऊ अनलाइन थियो । लगत्तै केही लेखिरहेको जानकारी पनि आएको थियो । उनले आफू अघिल्तिरको सोफामा बसिरहेको अविरलपट्टि ध्यान दिएकी थिइन् । उनी सधैँ झैँ टचाबमा कसैसँग एक धुनसँग च्याट गरिरहेथे । तर धीराले च्याट गर्न सकिनन् ।

'मलाई तपाईंसँग कुरा गर्न मन लाग्छ, तपाईंलाई लाग्दैन ?' प्रेमदूतले प्रश्न गरेको थियो । धीराले केही जबाफ दिइनन् ।

'व्यस्त जस्तो लाग्यो, केही छैन, फुर्सत भएपछि आउनुहोला नि, म पर्खिरहेको हुन्छु ।' उसको मेसेज फेरि आएको थियो । उसको

मेसेज पढेर उनी म्यासेन्जरबाट फेसबुकमा पुगिन् । तर आज फेसबुकमा उनलाई कुनै रसै लागेन । कसैको जोडी फोटो, कसैको एकल फोटो, कसैको जन्मदिन, कसैको कोही मरेको, कसैको कोही जन्मेको, कसैको वैवाहिक वर्षगाँठ त कसैका छोराछोरी या नातिनतिनाको जन्मदिन, केही नभए कुकुर वा बिरालालगायत घरपालुवाकै भए पनि जन्मदिन आदिइत्यादिको फोटो देखाउनुबाहेक के पो हुन्छ र फेसबुकमा ! उनलाई फेसबुकमा त्यसैले उच्चाट लाग्यो । आज कसैलाई पनि लाइक नगरी उनी बाहिरिइन् । त्यसपछि युटचुबमा पुगिन् ।

हुन त युटचुबमा के पो हुँदैन र ? आफूअनुरूप जे चाह्यो त्यही हेर्न पाइने र जान्न पाइने यस युगको महान् आश्चर्य हो युटचुब । युटचुब र गुगलबाट पाएको जानकारी उनले स्नातकोत्तर गरेर पनि पाएकी थिइनन् । अबको समयमा स्कुल, कलेज, विश्वविद्यालय किन खोलिराखेको होला जस्तो पनि उनलाई लाग्थ्यो । बिचरा त्यहाँ पढाउने मास्टरहरूलाई अहिलेका विद्यार्थीले जोकर भन्ठान्छन् होला ! 'धन्न मास्टर भइनछु !' उनले लामो सास फेरिन् । खानै आँटेको मास्टरी जागिर अविरलको अनुरोधमा नखाएकोमा पनि अहिले चाहिँ राम्रै लागेको छ उनलाई ।

'त्यै त धन्न जोकर हुनबाट बाँचिएछ' । फेरि पनि एक पटक लामो सास फेरिन् धीराले ।

तर आज युटचुबमा पनि उनलाई आकर्षण भएन ।

आफ्नै सामुन्नेमा बसिरहेको अविरललाई उनले सरर्र एक दृष्टि दिइन् । नियमितताजस्तै अविरल सधैँ झैँ च्याटकै दुनियाँमा थिए ।

धीरा मोबाइल बोकेर सरक्क त्यहाँबाट हिँडिन् । माथि भान्सामा कमलीले भाँडा माझेको खन्दयाङखुन्द्रुङ आवाज पछ्याउँदै उनी भान्सामा पुगिन् । उनलाई कमलीले पुलुक्क हेरी मात्र, केही बोलिन । कमली धेरै बोल्दिन पनि । यसको धेर नबोल्ने, एकनास काम मात्रै गरिरहने

बानीले नै हरेक वर्ष तलब थपेर र बेलाबेला उपहारहरू दिएर पनि कमलीलाई नै उनले काम गर्न राखेकी हुन् ।

डाइनिङ टेबुलको कुर्सीमा उनी बसिन् र टेबुलमा मोबाइल राखेर मेसेन्जर खोलिन् । प्रेमदूत अनलाइन नै थियो ।

'आइमाई नभई आइमाईको व्यस्तता बुझ्न गाह्रो हुन्छ नि मिस्टर !' उनले लेखेकी थिइन् ।

'बल्ल फुर्सद भयो मेडमलाई हाहा !' उसले लेखेको थियो ।

'आफूलाई आइमाई होइन व्यक्ति मात्र सम्झनुस् न मेडम, जीवित व्यक्ति, आचारसंहिता र अनुशासनमा बाँधिएको, विविध मोहजालमा फसेको । होइन र ?' सधैँ झैँ उसको तर्कले भरिएको विचार आएको थियो ।

'आचारसंहिता, अनुशासन र मोह त गार्हस्थ्यको धर्म नै हो नि मिस्टर !' धीराले पनि उसको व्यङ्ग्यलाई आफ्नो धर्मका रूपमा स्वीकार गरेकी थिइन् ।

त्यसपछि त्यस दिन झन्डै दुई घण्टासम्म उनीहरूबीच च्याट भएको थियो । कमली घरधन्धा सकेर फर्केकी थिई । उनले घडी हेर्दा चियाचमेनाको समय भइसकेको थियो । त्यसैले सधैँजस्तै लोग्ने र आफूलाई समेत कफी र केही खाजा बोकेर उनी लोग्ने भएठाउँमा पुगेकी थिइन् । अविरल अझै टचाबमै थिए अर्थात् उनी च्याटकै दुनियाँमा थिए । सधैँ धीरालाई अविरलको यस्तो कर्मले हुनसम्म रिस उठ्थ्यो । अविरल र अविधाका बीचका संवाद नपढुन्जेल उनीहरूबीच च्याट सन्दर्भमा पटकपटक भनाभन पनि नभएको होइन । तर आज किन हो किन अविरलको च्याट व्यस्तता पनि उनलाई मन परेको थियो ।

धीरा सन्तुष्ट भावले फिस्स हाँसिन् ।

टिटेबुलमा कफी र खाजाको किस्ती राखेपछि उनी आफ्नो भागको खाजा लिएर खान थालिन् । सधैँ झैँ उनको आगमनप्रति खासै महत्त्व नदिई च्याटको निरन्तरतासँगसँगै अविरल पनि खाजा खाँदै थिए । तर त्यहाँ बसुन्जेल धीराले मोबाइल खोलिनन् र मोबाइलको साउन्ड हिँजैदेखि अफ गरिएकाले मोबाइल शान्त थियो । मनभित्र एक किसिमको प्राप्ति, आनन्द, उकुसमुकुस र उत्साहको सञ्चार भएको अनुभूतिले धीरालाई आफूमा जाँगर भरिएझैँ भएको थियो ।

आफ्नो भागको खाजा र कफी खाइसकेर उनले लोग्नेको गतिविधि निहारिन र फेरि फिस्स हाँसिन् । अविरल सधैँ झैँ च्याटमा सक्रिय र खाजामा सुस्त गतिमा थिए । उनको कफी थर्मस कपमा थियो ।

सधैँ लोग्नेको आफूप्रतिको बेवास्ताले पिरोलिने धीराको मन आज भने फुरुङ्ग थियो । आफूले खाइसकेका भाँडाकुँडा समेटेर पुन: एक पटक लोग्नेको गतिविधि निहार्दै, ढुक्क भएर उनी बैठक कोठाबाट बाहिरिइन् । उनले मोबाइल एउटा सानो नेपाली ढाका कपडाबाट तयार गरिएको थुप्रै गोजी भएको चिटिक्क परेको साइड ब्यागमा राखिसकेकी थिइन् । यो ब्याग श्लाघाले अस्ट्रेलिया जानुअघि 'तिमीलाई यसमा मोबाइल र केही पैसा हालेर तलमाथि गर्न सजिलो हुन्छ' भनेर दिएकी थिई । 'मैले फोन गर्दा तिमीसँग सधैँ मोबाइल साथमा होस् नि !' भन्दै श्लाघाले हाँस्दै उनलाई अँगालोमा बाँधेकी थिई । उनले 'हुन्छ म तेसै गर्छु नि छोरी !' भनेकी त हुन् । तर खोइ किन हो छोरीले भनेजसरी जतिखेर पनि त्यस ब्यागलाई बोक्नचाहिँ उनी बिर्सन्थिन् । कति पटक श्लाघाले समय निकालेर फोन गर्दा उनी कहिले कौसीमा, कहिले तल आँगनमा हुन्थिन् र मोबाइल उनीसँग हुन्थेन । पछि मोबाइलमा हेरेपछि छोरीले रिसाएर पठाएको मेसेज त्यहाँ हुन्थ्यो, 'तिमीले झोला बोकेकी छैनौ ? उफ !' अनि धीराले

हतारहतार श्लाघालाई कल ब्याक गर्दा 'अब म बिजी छु, अहिले कुरा गर्न मिल्दैन, पछि कुरा गरौँला ।' यसरी छोरीको मेसेज मात्र पढ्नुपर्थ्यो उनले ।

श्लाघा जति रिसाउँदा पनि त्यो ब्याग झुन्डचाउने उनको आदत बस्नै सकेको थिएन । तर आज अचानक ड्रअरमा राखेको त्यस ब्यागको उनलाई सम्झना भएको थियो र उनले हत्तपत्त ब्याग भिरेर त्यसमा मोबाइल पनि घुसारिसकेकी थिइन् ।

•

समय निकै बितेको थियो । यसबीच कुनै पार्टीविशेषमा जाँदा राम्रा लुगा लगाएका बेला उनी सधैँ झैँ अविरललाई फोटो सेसनका लागि अनुरोध गर्थिन् । अविरल उनीसँगको संयुक्त फोटो खिच्नभन्दा छुट्टाछुट्टै फोटो खिच्न उत्सुक हुन्थे । अब उनको पनि आफ्नो मात्रै फोटो खिच्ने उद्देश्य भइसकेको थियो । त्यसैले दुवैले एकअर्काका थरीथरीका फोटो खिच्थे । त्यसपछि घर पुगेर दुवैले आआफ्ना फेसबुकमा फोटो अपलोड गर्थे ।

'कति सुन्दर, यो सुन्दरता आँखैमा टाँसिरहूँ लाग्छ । तिमीलाई तिम्रा ईश्वरले फुर्सदमा बनाएझैँ लाग्छ ।' प्रेमदूत हिजोआज कमेन्टमा नलेखेर मेसेन्जरमा लेख्थे ।

सँगसँगै गएर उनले नै फोटो खिच्दा पनि अविरलको मुखबाट धीराको प्रशंसाका लागि शब्द नै निस्कँदैनथ्यो । कहिलेकाहीँ त अविरलले उनले सारी, कुर्तासुरुवाल वा पाइन्ट के लगाएकी छन् भन्नेसम्म पनि हेक्का राख्दैनथे । प्रेमदूत धीराको जीवनमा आउनुअघि उनीप्रतिको अविरलको यस्तो व्यवहारले दुख्नुसम्म उनको चित्त पनि दुख्थ्यो । तर उनले त्यसरी चित्त दुखाउनुको वा अँध्यारो मुख लगाउनु वा बाथरुमभित्र पसेर रोएर आँखा सुन्याउनुप्रति पनि अविरललाई कुनै चासो नै हुन्थेन । अविरलको शरीर उनीसँग भए

पनि मन अन्तै भएको कुरा अहिले प्रेमदूतसँगको सामीप्यताले धीरालाई पनि बुझाउँदै थियो ।

मानवीय संवेदनाले नै प्रशंसा खोज्छ, झन् स्त्रीसंवेदना त प्रशंसामै लुटुपुटु हुन्छ । त्यसैले प्रेमदूतबाट पटकपटक हरेक पटक आफ्नो रूप, बनोट र विचारको समेत प्रशंसा सुन्न अब धीरा लालायित हुन थालेकी थिइन् । हुन त प्रेमदूत प्राय:जसो अनलाइन नै हुन्थे । धीरालाई अचम्म पनि लाग्थ्यो । कहिलेकाहीँ मध्यरातमा बाथरुमका लागि बिउँझिँदासमेत मस्त निदाइरहेको अविरलको पलङतिर हेरेर उनी मेसेन्जर खोल्थिन् ।

'किन रातभरि जागेको, यसरी रातभरि जाग्यो भने स्वास्थ्य खराब हुन्छ ।' उनी बुजुक भावले स्नेहिल उपदेशात्मक मेसेज पठाउँथिन् ।

'मेरो कामै अनलाइन हो । सधैँ जाग्रत् रहनु मेरो पेसाको मर्यादा हो । मेरो स्वास्थ्य निकै मजबुत छ, हत्तपत्त बिग्रिने छैन ।'

'अँ... अनलाइन देखिनौँ भने बरु मेरो स्वास्थ्य खराब भयो भन्ठान्नू ।'

त्यसपछि अर्को लाइनमा उनीद्वारा 'हाहा' को कार्टुन पठाइएको हुन्थ्यो ।

'कस्तो अजीव मान्छे !' त्यति बेला प्रेमदूतको मेसेज पढेपछि उनको मनमा आश्चर्यका फोकाहरू उठ्थे पनि तर ती फोकाहरू बिहान हुनुअघि नै फुटिसकेका हुन्थे ।

प्रेमदूत र उनको च्याट चलेको वर्षदिन नाघिसकेको थियो । यसबीच उनैले प्रेमदूतसँग भेटघाटका लागि पनि प्रस्ताव राखेकी थिइन् ।

'समय आएपछि भेटघाट हुने नै छ, भेट्नु भनेको छुट्टिनुअघिको समय हो । मलाई लाग्छ तिमीसँग जब भेट्नेछु, कतै छुट्टिनुको पीडा

त भोगिँदैन ? त्यसैले हामी जे छौँ, जसरी छौँ, यसैमा रमाउँदा के बिग्रिएको छ र ? होइन ?'

'अनि तिमी र अविरल सँगसँगै एउटै घर र एउटै कोठामा बस्छौ तर कति टाढा छौ । तिम्रो र मेरो भेटै नभए पनि हामी धेरै नजिक छौँ । होइन र ?'

प्रेमदूतको तर्कका अघि उनको केही सीप लाग्दैनथ्यो । उनलाई आफूले यतिविधि मन पराएको व्यक्तिको आवरण कस्तो होला ? उसलाई भेटौँ, कुरा गरौँ, छोऊँ भन्ने धीराको आकाङ्क्षा हुने गर्थ्यो । अविरलसँग मायाप्रेमभन्दा पनि बाध्यताजस्तो सम्बन्ध बिताउन विवश उनलाई पनि पुरुष तिर्सना जाग्नु अनौठो थिएन । अऊ प्रेमदूतका मीठामीठा र रङ्गीन तर शिष्ट विचारले उनी आफूलाई प्रेमदूतकै सेरोफेरो र एक किसिमको उसको नशामै परेको अनुभूति पनि गर्थिन् । तर खोइ कसरी बनेका थिए, प्रेमदूत ! असङ्ख्य मेसेज गर्थे तर भेटदेखि तर्किन्थे ।

•

'हेर, अब म तिमीसँग नभेटी छोड्दिन । अविरलसँगको मेरो सम्बन्ध म अब धान्न नसक्ने भएकी छु । तिमी र म सँगै बसेर केही कुराहरूको टुङ्गो लाउनु छ । मैले तिम्रो मेरो सम्बन्धका बारे श्लाघालाई भन्नु छ । त्यसैले तिमीले यो साता मलाई भेट्नैपर्छ । किनभने म र अविरल अब दुई महिनापछि श्लाघाको ग्रेजुएसन सेरोमनीका लागि अस्ट्रेलिया जाँदै छौँ । हेर, म अब तिम्रो कुनै तर्क र बहाना सुन्दिनँ ।'

धीराले लेखेकी थिइन् । तर त्यसपछि सधैँजस्तो गरेर लगत्तै प्रेमदूतको जबाफ आएको थिएन । यसबीच उनको मुटुको स्पन्दन निकै बढेको थियो । 'आखिर यो मान्छे हो को ? यति स्तरीय, मीठा र परिमार्जित विचारको मानिस किन मलाई भेट्न चाहँदैन ? कतै

अपाङ्ग पो हो कि ? अपाङ्ग भए पनि भन्नुपर्छ नि, मसँग किन लुकेर बस्नु ! यति मायालु मानिस अपाङ्गै भए पनि मलाई त स्वीकार्य छ । अनि विवाहित हो भनौँ भने पनि विवाहित नभएको कुरा उसैको विचारले प्रस्ट पार्छ ।

'विवाह मेरो शब्दकोशमै छैन !' कुनै दिन विवाहबारे उनीहरूबीच छलफल चलेका बेला उसले फर्काएको जबाफ मेसेन्जरको भित्तामा मात्र होइन धीराको मस्तिष्कको डायरीमा पनि त्यस बेला नै खुसीसाथ टिपिएको र सजाइएको कुरा पनि यस बेला धीराले सम्झेकी थिइन् ।

त्यस दिन प्रेमदूतको प्रतिउत्तर नआउन्जेल उनका मनमा सकारात्मकभन्दा नकारात्मक विचारकै उफान बढिरह्यो । यसबीच उनलाई केही काम गर्न पनि जाँगर चलेको थिएन । पटकपटक मेसेन्जरबक्समा प्रेमदूतको मेसेज पर्खिएरै उनले लामो समय बिताएकी थिइन् ।

'के त तिमी नभेटिनछोड्ने नै हो त ?'

झन्डै एक घण्टा बितेपछि प्रेमदूतको प्रश्न उनका अघि तेर्सिएको थियो ।

'हो, म अब तिमीसँग जसरी पनि भेट्छु । पहिलो दिन हामी कुनै रेस्टुराँमा चिया खान सक्छौँ । पछिपछि अन्यत्र पनि भेटौँला । अनि तिमीसँग यातायातको कुन साधन छ ? वाइक वा कार ?' मनमा आशाको रङ्गीन दियो बालेर उनले सोधेकी थिइन् ।

'म कुनै रेस्टुरेन्ट वा होटेलमा जाने गरेको छैन । ठीकै छ, तिमी नभेटिनछोड्ने होऊ भने मेरो अफिसमै आऊ । पर्सि दिउँसो १ बजे । त्यस बेला अफिस शान्त हुन्छ । म तिम्रो प्रतीक्षामा हुनेछु ।'

प्रेमदूतले लेखेको थियो र उनले यी लेखाइ पढ्दा-नपढ्दै प्रेमदूतले आफ्नो कार्यालयको ठेगाना पनि पठाइसकेको थियो ।

'कस्तो फास्ट !'

अब धीराको उमङ्गको सीमै थिएन । दुई वर्ष हुन लाग्दा आफूले भुतुक्क भएर मन पराएको व्यक्तिसँग पहिलो पटक उनी भेट्दै थिइन् ।

'कस्तो होला– अग्लो, होचो, कालो, गोरो ? किसिमकिसिमका काल्पनिक चित्रहरू उनका मनभरि नाचिरहे । आज साँझ टरिसके पनि भोलिको सिङ्गो कष्टकर दिन प्रेमदूतको प्रतीक्षामा बिताउनु थियो ।

'के गर्दै छौ ?' भोलिपल्ट सधैँको समयमा धीराले नै सोधेकी थिइन् ।

'आफ्नो सधैँकै कर्म त हो नि ? तिमी नि ?' उसले संक्षिप्तमा जबाफ दिएको थियो ।

'म... म त भोलि कुन बेला १ बज्छ भनेर घडी हेरिरहेकी छु । यो घडी किन यति बिस्तारै चल्दै छ भनेर रिस पनि उठिरहेछ ।' उनले जबाफ दिएकी थिइन् ।

'तर तिमी छक्क नपर्नू है, मलाई भोलि नभइदिए हुन्थ्यो भन्ने लागेको छ । तिमीसँगको यो प्रेमिल सहवार्ता अन्त्यको सम्भावनाले म त्रस्त छु ।' उसले लेखेको थियो ।

'त्यसो नभन न, तिमीजस्तो सकारात्मक चिन्तकले किन यस्तो नकारात्मक कुरा सोचेको ? तिम्रो यो कुरा मलाई पटक्कै मन परेन ।' उनले जबाफ फर्काएकी थिइन् ।

'सुन, के तिमी मसँग साँच्चै प्रेम गर्छ्यौ ?' उसले लेखेको थियो ।

'तिमी कस्तो प्रश्न सोध्दै छौ ? हामीबीचको दुई वर्षको सम्बन्धपछि सोध्ने प्रश्न हो र यो ? तिमीसँग गरेको प्रेमले आशक्ति र आवश्यकताको रूप धारण गरेकैले तिमीसँग सशरीर भेट्न चाहेको कुरा पनि मैले तिमीलाई अर्थ लगाइरहनुपर्छ र ? बरु मैले यही प्रश्न

तिमीसँग पो सोध्नुपर्ने भएको छ ।' धीराले बढो अधीरताका साथ केही आक्रोशित पनि हुँदै उत्तरमा लेखेकी थिइन् ।

'तिमी मलाई गुमाउन चाहन्नौ भने अझै पनि केही बिग्रेको छैन । भेटेर केही हुने पनि होइन । फेरि तिमीले पनि कुखुरेबैँस र मध्यबैँस पनि पार गरिसकेकी छौ । हाम्रो यो भावनात्मक प्रेमभन्दा ठूलो र अजरअमर अरू कुनै प्रेम हुन सक्तैन । तिमी जिद्धी नगर धीरा ! अझै समय छ, केही बिग्रेको छैन, हामी नभेटौँ ।'

फेरि पनि प्रेमदूतको तर्कपूर्णको अनुरोध आएको थियो । 'लौ अब अरू कुरा नगरौँ, तिमी त भेडा हौ कि क्या हो ? एकोहोरो नभेट्ने राग अलापेकोअलाप्यै गर्छौ बा ! कस्तो तिमीलाई आफूमाथि विश्वास नभएको हो कि के हो ? मलाई त हाम्रो भेटपछि हाम्रो प्रेम थप गाढा हुने कुरामा विश्वास छ । म अब आज तिमीसँग अरू केही कुरा पनि गर्दिनँ । एकै चोटि भोलि १ बजे तिम्रो अफिसमा तिमीसामु उपस्थित हुनेछु ।'

'बरु भन त तिमी मलाई कुन पोसाकमा हेर्न मन पराउँछौ ? सारी, कुर्ता, लेहङ्गा, सरारा, मिडी वा पाइन्ट ? अनि कुन रङको लुगा लगाएर आऊँ ?' धीराले उत्साहित हुँदै लेखेकी थिइन् ।

'तिमी गुलाफी सारी र गुलाफी लिपस्टिक लगाएर आऊ । मेरी प्रेमिकालाई भोलि म धीत मरुन्जेल हेर्नेछु ।' प्रेमदूतले लेखेको थियो ।

धीरालाई प्रेमदूतका प्रेमिल लेखन पढ्नासाथ उनको सारा शरीरमा आनन्दको काँडा उम्रिएझैँ भएको थियो ।

'तिमीसँग ग्रे कलरको सुट छ ? छैन भने जुन रङको भए पनि हुन्छ । तर तिमीलाई म पहिलो पटक सुटमा हेर्न चाहन्छु ।' उनले पनि मनभरि सुकोमल भावनाहरू समेटेर लेखेकी थिइन् । उताबाट कुनै लेखोटको साटो स्याडको स्टिकर पठाइएको थियो । तर त्यस

बेला उनले त्यस स्टिकरलाई महत्त्व पनि दिइनन् । त्यसपछि उनीहरूबीच अन्य संवाद रोकिएको थियो ।

छटपटीमै बल्लतल्ल उनको रात बितेको थियो । दुई वर्षअघिदेखि गाँसिएको उनीहरूको सम्बन्धको भौतिक आकार भोलि मात्र उनले समेट्दै थिइन् । अचम्म पनि लागेको थियो उनलाई, भेटघाट त परै जाओस प्रेमदूतको आवाज पनि सुनेकी थिइनन् उनले ।

'हामी कुराकानी पनि गर्न सक्छौँ नि, कति टाइप गरिरहनु ? लेख्दालेख्दै हैरान हुन्छु म त ।' एक दिउँसो अविरल अफिस गएका बेला धीराले ऊसँग प्रस्ताव राखेकी थिइन् ।

'मेरो कार्यालयमा अरू पनि छन्, मैले आवाज निकालेर कुरा गर्नु उपयुक्त हुँदैन ।' अनि कार्यालयको समयबाहेकमा अविरलको उपस्थितिका बेला धीरा पनि कुराकानी गर्न असमर्थ थिइन् । त्यसैले कुराकानी पनि उनीहरूबीच भएको थिएन । त्यसैले प्रेमदूतको शरीर मात्र होइन आवाज सुन्न पनि उनी लालायित थिइन् ।

'कस्ता होलान उनी ? कस्तो होला उनको आवाज ? त्यति मनमोहक शब्द प्रस्तोताको आवाज पनि पक्कै ओजस्वी हुनुपर्छ ।' मनमनै प्रेमदूतको सुन्दर आवरणमा खामिएको ओजपूर्णको आवाजद्वारा प्रस्तुत हुने उनीप्रतिको सजीव प्रेमको काल्पनिक चित्रसँग खेल्दाखेल्दै निकै रात बितेपछि मात्र उनी निदाएकी थिइन् । त्यतिविधि रसिली भएर निदाएकी उनले त्यस रात सपनाचाहिँ एकदम निस्तोनिस्तो देखेकी थिइन् । बिहान बिउँझिएपछि बिनाअर्थको सपना सम्झँदा उनलाई अलि झिजो लागेको थियो । तर सपनाको कुरामा अलमलिने समय पनि उनीसँग त्यस बेला थिएन ।

धीराले बिहानको नित्यकर्मका साथ फुर्तिलो पाराले भातभान्साको तयारी गरिन् । सधैँ झैँ अविरललाई भात पस्केर आफ्ना लागि पनि लिँदै खाइन् । अविरल सधैँ झैँ अफिस हिँड्न लागेका थिए । 'म आज

बाहिर जानु छ ।' उनले लोग्नेलाई आफ्नो बाह्यगमनबारे सुसूचित गरेकी थिइन् । अविरल नियमितझैँ कुनै प्रतिक्रिया नदिई मोटर स्टार्ट गरेर मूल ढोकाबाहिर पुगेका थिए । तर अविरलको यो निरपेक्ष व्यवहारले पनि उनलाई त्यस बेला खुसी भरिएको सन्तुष्टि दिएको थियो ।

अब समय उनले चाहेअनुरूप नै बित्दै थियो । प्रेमदूतले भनेझैँ लुगा पहिरेर उनी पूरै शरीर देखिने ऐनाका अघिल्तिर उभिएकी थिइन् । 'मलाई त गुलाफी रङमा बोलाए उनी कस्तो भएर आउने हुन् ? मैले भनेझैँ सुटमा आउलान् ?' उनले आफैँसँग प्रश्न गरेकी थिइन् ।

आजसम्म प्रेमदूतले आफ्नो एउटा फोटो पनि देखाएका थिएनन् ।

'तिमी कस्ता छौ, यति सुन्दर अभिव्यक्तिका मालिक पक्कै पनि सुन्दर हुनुपर्छ ।' एक पटक उनले ऊसँग कौतूहलपूर्वकको आग्रह पनि नगरेकी होइनन् ।

'भैगो, फोटो वा स्वरूपको केही अर्थ छैन । समय आएपछि यो रूप पनि तिम्रासामु प्रस्तुत हुनै पर्नेछ । किन त्यसअघि मेरो स्वरूपको खोजी गर्छ्यौ ? यो स्वरूप, यी आवरण, यो भौतिकताको त्यति गहन अर्थ छैन । वास्तवमा यी क्षणिक मोहबाहेक केही होइनन् ।' त्यति बेला प्रेमदूतको दार्शनिक उत्तरले उनको कौतूहल शान्त भएको थियो । तर आफूले त्यत्ति रुचाउँदै गएको प्रेमदूतको भौतिक रूपप्रतिको उनको तृष्णा शान्त पार्न सक्ने क्षमता पनि उनीसँग कमसेकम थिएन । तर प्रेमदूतको शालीन, विवेक र बुद्धिपूर्ण तर्क जित्न सक्ने सामर्थ्य पनि उनीसँग नभएका कारण धीराले पुन:पुन: प्रेमदूतसँग साक्षात्कारका लागि अनुरोधै पनि गरेकी थिइनन् ।

'त्यसो भनेर पनि कसरी हुन्छ र ? तिमी त्यति उचाइका कुरा गर्छौ । जीवन यही धर्तीमा बिताउनुपर्छ, विचारै मात्र सँगालेर रमाउन पनि सकिन्न नि ! मलाई त तिम्रो स्वरूपसँग पनि रमाउन मन छ ।'

प्रेमदूतको आकर्षणले धेरै नै तानेपछि एक पटक उनले मन खोलेरै ऊसँग प्रस्ताव राखेकी थिइन् ।

'तिमी पुन: कुखुरेबैँसका कुरा गर्न थालेकी छौ । एउटी परिपक्व स्त्रीका लागि स्वरूपको आकर्षणभन्दा भावना र विचारको आकर्षणको महत्त्व हुनुपर्ने होइन र ? तिमीले अविरलसँग स्वरूपको आकर्षण र भोग सकेर विकर्षणसमेत भोगिसकेकी छौ । मेरो स्वरूपप्रतिको आकर्षणपछिको प्राप्तिले दिने सुखभोगपछिको परिणाम पनि यसरी नै दोहोरिँदै जाने छैन भनेर तिमी किटान गर्न सक्छचौ ?' प्रेमदूतको जबाफले उनलाई एकदम भित्रैसम्म हल्लाएर छोडेको थियो । त्यसपछि उनले प्रेमदूतसँग भौतिक आकर्षणबारे चर्चा गर्ने हिम्मत नै गर्न सकेकी थिइनन् । तर पटकपटक हरेक पटक प्रेमदूतसँग साक्षात्कारका लागि धीराको तडप भने बढ्दै गएको थियो । अविरलसँग छोटो समयको भेटघाटपछि तुरुन्तै बिहे गरेर गाँसिएको समयभन्दा अहिले प्रेमदूतसँगको सामीप्यता चाहको मृदु प्रताडना प्रबल हुँदै गएको थियो ।

आज उनको सोही चाह साकार हुने घडी नजिकिँदै थियो । प्रेमदूतको त्रिपुरेश्वरमा भएको अफिसको ठेगाना उनले पाइसकेकी थिइन् । धीराको पुरानो बानेश्वरस्थित घरबाट टचाक्सीमा सरर त्यहाँ पुग्न त दस मिनेट लाग्ने हो तर जामको हिसाब गर्दा आधा घण्टाकै बाटो ठानेर हिँड्नु राम्रो उनले ठहर गरेकी थिइन् । त्यसैले १२ बजेर २५ मिनेटमा उनले गुलाफी रङको लिपस्टिक ओठमा लगाइन् । धेरै दिनपछि आफूले चाहेको मानिसको रोजाइको लिपस्टिकले ओठ चुम्दा उनको सारा शरीरमा सिरिङ्ग भएर एक किसिमको रोमाञ्चकताले उनलाई जिस्क्याएर गएको थियो ।

केहीबेर ऐनामा उनले आफैँलाई निहारिरहिन् । 'म अझै पनि राम्री छु' विवाहिता भएर पनि निकै अन्तरालदेखि आफ्नै लोग्नेले पनि आँखा गाढेर नहेरेको उनको सर्वाङ्ग कौमार्यको अनुभूतिले उथुलपुथुल

भएको थियो । धीराले आफैँलाई आफूले पनि हेरिरहन सकिनन् । प्रेमदूतसँगको निश्चित भेटको मीठो मानसस्पर्शसमेत गाँसिनाले एक किसिमको मादकताले उनलाई रुम्म पारेको थियो । एकैछिन आँखा चिम्लिन् र लामो सास तानेर छातीभरि पारिन् । त्यसपछि ऐना नहेरी बिस्तारै बाहिर निस्कँदै मूल ढोका थुन्दै मूल सडकमा उनी पुगेकी थिइन् ।

'मोनालिसा एडभान्स नेटवर्क' खोज्न उनलाई गाह्रो भएको थिएन । विविधा टावरको छैटौँ तलामा अवस्थित प्रेमदूतले दिएको ठेगानामा उनी लिफ्टको सहारामा सहजै पुगेकी थिइन् । रिसेप्सनमा नवयुवती सजिएकी थिइन् । उनले प्रेमदूतसँग भेट्न आएको भन्नासाथ निकै आश्चर्यको मुद्रामा रिसेप्सनिस्टले उनलाई हेरेकी थिइन् । कागजको चिर्कटोमा धीराले आफ्नो नाउँ लेखेर दिएपछि उनलाई त्यहीँ भएको सोफामा बसाएर रिसेप्सनिस्ट देब्रेपट्टिको ढोका खोलेर भित्रतिर पसेकी थिइन् ।

धीरा मुटुको धडकन शान्त बनाउँदै सोफामा बसिरहिन् । बिस्तारै उनले कार्यालयको चारैतिर नियालेकी थिइन् । जताततै टेबुलमा कम्प्युटरैकम्प्युटर मात्र थिए । तर त्यहाँ मानवीय उपस्थितिको कुनै आभास थिएन । एकदम चकमन्न ।

'कस्तो अफिस हो ? कम्प्युटर मात्र ? मानिस ?' उनको मनले उनीसँगै प्रश्न गरेको थियो । 'ए... लन्च आवर' उनको मनले नै जबाफ दिएपछि उनी ढुक्क भएकी थिइन् ।

केही समयमै रिसेप्सनिस्ट फर्केकी थिइन् र उनलाई भित्र पस्ने आग्रह गर्दै ढोका खोलिदिएकी थिइन् । निकै लामो ग्यालेरी पार गरेपछि उनलाई रिसेप्सनिस्टले एउटा ढोकाको अघिल्तिर पुऱ्याएकी थिइन् । ढोकाको दाहिनेपट्टि 'रोबोट दि ग्रेट' लेखिएको नेमप्लेट पढ्न तत्काल उनले भ्याएकी थिइन् ।

ढोका खोलेर आफू बाहिरै उभिएर रिसेप्सनिस्टले उनलाई भित्र पसाएकी थिइन् । भित्र पस्दापस्दै उनले रिसेप्सनिस्टको अनुहारमा कृतज्ञतापूर्वक हेरेकी थिइन् तर रिसेप्सनिस्टको मुस्कानमा अर्कै भाव थियो ।

उनलाई प्रेमदूतसँग भेट्नु थियो, भेटेर मनका सबै कुरा भन्नु थियो, सुन्नु थियो । त्यसैले उनलाई यस बेला अरू कुनै कुरासँग खासै मतलब पनि थिएन ।

अब प्रेमदूतको भनिएको कोठामा उनी पसिसकेकी थिइन् । झ्यालमा सेता पर्दा लगाइएकाले कोठामा बाहिरबाट प्रवेश गरेको सूर्यकै पर्याप्त उज्यालो थियो । कोठाको भुइँमा सुन्दर र सफा कार्पेट थियो । तर त्यहाँ मानवीय उपस्थिति भने शून्य थियो । एउटा हाकिम कुर्सी, त्यसअघिल्तिर एउटा भव्य नै टेबुल, टेबुलमा कम्प्युटर र अलि परतिर एउटा तन्नाजस्तै ठूलै कपडाले छोपेको केही अग्लोजस्तो वस्तुबाहेक त्यहाँ अरू केही थिएन ।

धीराले अचम्ममा परेर यताउति हेरिरहिन् मात्र ।

धीराले अविरलबाहेक जीवनमा अरू कुनै पुरुषसँग कहिल्यै एकान्तमा भेटेकी पनि थिइनन् । उनको मन त्यसैत्यसै खुसी र एक किसिमको भयसमेत मिसिएर रोमाञ्चित थियो । त्यस कोठाको एकान्त वातावरणमा आफूले यत्तिका दिनसम्म प्रेम गरेपछि प्रथम पटक भेट्न लागेको प्रेमीको सामीप्यताको भावसमेत गाँसिनाले धीरा थप रोमाञ्चक अनुभूतिको मदमा परिसकेकी थिइन् ।

तर उनको प्रेमदूत भने त्यहाँ देखिएका थिएनन् ।

'यो के हो ? खोइ प्रेमदूत ? मलाई किन यसरी छक्क्याएका होलान् ?' कोठामा कतै पनि उनलाई नदेखेपछि धीराको मनभरि कालोकालो बादल मडारिन खोज्दै थियो ।

'तिमीले मेरो अफिसमा आउँदा मोबाइलचाहिँ ल्याउन नबिर्सिनू है ! र मोबाइल पनि हातैमा बोक्नू । नत्र मलाई भेट्न गाह्रो होला । अनि तिम्रो मोबाइलको फोर जी पनि अन राख्नू है !' हिजै मात्र प्रेमदूतले आफूलाई दिएको निर्देशन धीराले झट्टै सम्झेकी थिइन् ।

'ए...' भन्दै धीराले हतारहतार हाते ब्यागबाट मोबाइल झिकिन् र झट्टै फोर जी पनि अन गरिन् ।' नभन्दै मेसेन्जरमा उनले प्रेमदूतको मेसेजको सङ्केत देखिन् ।

'तिमीलाई मेरो कार्यकक्षमा स्वागत छ ।' उनले लेखेको एक मिनेट भएको थियो । मेसेज पढेर मुख अमिलो पार्दै फेरि उनले आफू उभिएको कोठाको चारैतिर पुन: आँखा पुऱ्याएकी थिइन् । कोठा पूर्ववत शान्त थियो ।

'प्रेमदूत, तिमी कता छौ ? तिमीले मलाई किन यसरी उल्लू बनाइरहेका छौ ? कता लुकेर हेरिरहेका छौ ? मलाई कुखुरेबैँसको भन्ने तिम्रो परिमार्जित विचारले कसरी तिमीलाई मसँग यसरी खेल्न सघायो । छिटो सामुन्नेमा आऊ ।' आफूले यति लामो समयदेखि सँगालेर राखेको उमङ्गको ज्वालामा पानी छयाप्ने प्रेमदूतको यो खेल धीरालाई पटक्कै मन परेको थिएन । त्यसैले उनले आफ्नो आक्रोशित भावसमेत पोखेर च्याटमा लेखेकी थिइन् ।

'प्रिय ! म तिम्रैसामु छु ।' उताबाट लेखिएको थियो । उनले टाउको उठाएर कोठाको चारैतिर फेरि पनि हेरेकी थिइन् । तर त्यस कोठामा कुनै मानवीय उपस्थिति नै थिएन ।

'हेर मलाई यसरी नझुक्याऊ न, यस कोठामा त तिमी छैनौ, कि म गलत कोठामा छु ?' उनले लेखेकी थिइन् ।

'तिमी सही कोठामा छयौ । यस कोठामा एउटा टेबुल, एउटा कुर्सी र एउटा कम्प्युटर अनि छेवैमा कपडाले छोपिएको टेबुलभन्दा अग्लो एउटा वस्तु छ, हैन ?' प्रेमदूतले लेखेको थियो ।

'हो तर तिमी यी सब कुरा कहाँबाट हेरिरहेका छौ ?' उनले आश्चर्यपूर्वक सोधेकी थिइन् ।

'म तिम्रै नजिक छु । अगाडि बढ र त्यो कपडा हटाऊ त !'

प्रेमदूतले उनलाई अह्राएको थियो । धीराले यन्त्रवत उसको आदेशको पालना गरेकी थिइन् ।

कपडा हटाउनासाथ त्यहाँ मानिसको कङ्कालजस्तो यन्त्र थियो र त्यसको टाउकोमा प्रेमदूत लेखिएको थियो ।

'मेरो स्वरूप यही हो धीरा !' पुन: प्रेमदूतद्वारा मेसेन्जरमा लेखिएको थियो ।

'हे भगवान् ! यो के हो ?' कङ्कालजस्तो स्वरूपलाई प्रेमदूत स्वीकार गर्न उनी तयार छँदै थिइनन् ।

'मलाई थाहा थियो, मलाई भेटेपछि तिमीमा जागेको मप्रतिको उत्साहको अन्त्य हुनेछ । त्यसैले तिमीलाई बारम्बार हामी नभेटौँ भन्ने आग्रह गरेथें । तर तिमीले मानिनौ । तिमी मानिसहरू भावनामा मात्र रमाउन नसक्ने रहेछौ ।

मेरो आविष्कारक युवा कम्प्युटर वैज्ञानिक स्वयम् नै प्रेमप्रताडित व्यक्ति हुन् । उनकी प्रेमिकाले उनको स्वरूप गतिलो भएन भनेर उनीभन्दा सुन्दर पुरुष अपनाउँदै उनलाई त्यागेकी थिइन् । त्यसैले उनले वर्षौं लगाएर मेरो आविष्कार गरेका हुन् । उनैले मेरो नाउँ प्रेमदूत राखेका हुन् । भौतिक शरीरबाहेक मसँग सबै कुरा छ । त्यसैले उनी मेरा माध्यमले युवतीहरूको मानसिकतासँग खेल्छन् र प्रेमको धीत मार्छन् ।

तर विश्वास गर धीरा, मैले तिमीसँग स्वतन्त्र र साँचो प्रेम गरेको छु । प्रेममा तिमीले धोका खाइसकेकी हुनाले अब शरीरसँगको तिम्रो चाह नहोला भन्ने मैले ठानेको थिएँ । तर म गलत रहेछु,

मानिसहरू शरीरबिनाको प्रेम गर्न नसक्ने रहेछन् । जाऊ, अब तिमी फर्क । आजदेखि म तिम्रो मेसेन्जरमा हुने छैन ।'

'सुन, तिमी राम्री छौ !'

यस अन्तिम मेसेजका साथसाथै स्याडको स्टिकर पनि त्यहाँ आएको थियो ।

त्यसपछि मेसेन्जरबाट प्रेमदूतको भर्सन बन्द भएको थियो ।

सायद प्रेमदूतले धीरालाई ब्लक गरिसकेको थियो ।

• **कलाश्री** : २०७४

# नौ नम्बरकी

"आर.बी., म एक महिनाको छुट्टी जाँदै छु, साहेबले बल्लतल्ल मान्यो । पाँच वर्षमा जाँदै छु । तिम्रो चिठीपत्र भए पठाऊ, लगिदिन्छु तर मालसामान चैँ लाँदिनँ है ! अहिले भन्दिया छु । अस्तिको पल्ट तिमीहरूको सामान बोक्ने भएर उता एयरपोर्टमा लगेज भारी भएर उल्टै दण्ड पऱ्यो । यसपालि कसैको पनि कुनै सामान चैँ नलाने । साथीभाइको चिठीपत्र भने लगिदिन्छु कि कसो ।" रामचन्द्र घर जाने उत्साहमा बोल्दै थियो ।

रामचन्द्र जसलाई यहाँ साहेबले आर.सी. भनेर बोलाउँछ, त्यसैले ऊ सबैको आर.सी. हो । त्यसै गरी आर.बी.चाहिँ रामबहादुर हो । साहेबले लामो नाउँ बोलाउने झन्झट नगरी सबैको नाउँ छोट्ट्याइदिन्छ । उनीहरू तीन जना नेपालीबाहेक दुई जना भारतीय केटीहरू र चार जना बङ्गलादेशी केटाहरू पनि यहाँ छन् । भारतीय केटीहरू चन्द्रावतीलाई सी. भन्छ साहेबले र मधुमालतीलाई एम. मात्रै भन्छ । बङ्गलादेशी केटाहरू चन्द्रशेखरलाई सी.एस., गोपीकृष्णलाई जी.के., कृष्णचन्दरलाई के.सी. र कालीप्रसादलाई के.पी. भनेर साहेबले बोलाउने गर्छ । तर रामबहादुरलाई यसरी नाउँ छोट्ट्याएको पटक्कै मन पर्दैन र ऊचाहिँ आफ्ना सबै सहकर्मीलाई उनीहरूको पूरै नाउँले बोलाउँछ । तर उसका सहकर्मीहरू भने साहेबकै नक्कल गर्छन् र एकआपसमा साहेबले छोट्ट्याएकै नाउँ चलाउँछन् ।

रामचन्द्रले घर जाने कुरा गर्नासाथ रामबहादुरलाई पनि आफ्नो घरको सम्झना भएर आयो । रामबहादुर घर नगएको पनि झन्डै छ-सात वर्षै भइसक्यो । यहाँबाट छुट्टी पाउनै गाह्रो छ । सुरुसुरुमा छुट्टी नपाएको झोकमा कहिलेकाहीँ यो कामै छोडौँ जस्तो पनि उसलाई नलागेको होइन । तर साहेब ज्यादै असल छ र रामबहादुरलाई खुबै माया गर्छ । साहेबले कामदारमध्ये सबैभन्दा बढी विश्वास पनि रामबहादुरलाई नै गरेको छ । यति ठूलो फर्मको सबैजसो जिम्मा हिजोआज रामबहादुरकै हातमा छ । साहेबको विश्वासपात्र भयो भनेर उसका सहकर्मीहरू उसको ईर्ष्या पनि गर्छन् । त्यसैले यहाँको कामै छोडेर साहेबको विश्वासलाई घात पार्न पनि ऊ चाहँदैन ।

रामबहादुरलाई घरै जाने पनि अब के नै आकर्षण रह्यो र ! आफूले मन पराएर बिहे गरेर घरमा छोडेर आएकी स्वास्नीले पनि पर्खिन सकिन । पाँच वर्षपछि घर जाँदा ऊ अर्केकी भइसकेकी रहिछे । आमाले माया गर्थिन्, उनी पनि स्वर्गे भइसकिछन् । बाउ दाजुसँग बसेका रहेछन् । दाजुको परिवारमा भाउजूको हेरविचार र नातिनातिनाको रमझममा बाउ पनि रामबहादुरका लागि बिरानोझैँ भएछन् ।

“कान्छा अब नजा परदेश, यतै बस्, घरजम गर् बाबै ।” बाउले भन्न त भनेका थिए । तर आम्दानी गर्न नसकेको घरजम पनि दिगो हुँदैन । कमलीसँग उसले घरजम गर्न खाजेकै त हो नि । दिनरातको अभाव र गरिबीसँग आजित भएपछि कमलीकै सल्लाह मानेर ऊ परदेसिएको हो । तर कमलीले आफैँले कमाउन भनेर परदेश पठाएको लोग्नेलाई पर्खन सकिन । रामबहादुरले त्यस बेला मनभरि कुरा खेलाए पनि बाउलाई कुनै जबाफ फर्काएको थिएन ।

“कान्छा सबै उस्तै हुँदैनन्, सधैँ एकनास हुँदैन, आइमाई जातलाई एक्लै छोड्नु हुँदैन । आँट गर्, अब नजा, यतै बस्, म पनि बूढो

भइसकैं, आमाले तेरै नाउँ लिँदालिँदै प्राण छोडी ।" रामबहादुरको मनको कुरा पढेर बाउले भनेका थिए । तर उसले बाउले भनेझैँ गरेन ।

"एकपल्ट पुगेर आउँछु बा !" उसले यति मात्रै भनेको थियो ।

"बाका कुरा पनि ठीकै हुन् कान्छा, अब नजा, यतै मिलीजुली काम गरौँला ।" दाइले पनि भनेका थिए । तर रामबहादुरले दाजुको हिजोको व्यवहार बिर्सन सकेको थिएन । दाजु र भाउजूले उसले कमाएन भनेर त्यस बेला अर्घेलो गरेको उसले कसरी बिर्सोस् ! अझ रामबहादुरले कमलीलाई बिहे गरेपछि दाजुले सगोलमा बस्न पनि रुचाएका थिएनन् र त्यसपछि दाजुकै आग्रहमा परिवार दुई टुक्रा भएको थियो । दाजुले कुलो पनि लाग्ने र राम्रो उब्जाउ हुने खेतजति आफ्ना भागमा पारेर रूखो र कुलो नलाग्ने खेत उसको भागमा पारिदिएका थिए । त्यसपछि बाउआमा पाल्ने जिम्मा पनि रामबहादुरलाई लगाएर दाजु पन्सिएका थिए । कुनै इलम नभएको रामबहादुर वर्षदिनमै साहूको ऋणमा चुर्लुम्म डुबेको थियो । 'अब परदेश नगई अर्को उपाय छैन ।' कमली र उसले सल्लाह गरेका थिए । त्यसपछि खेतजति जम्मै साहूलाई जिम्मा लाएर दलाललाई पैसा खुवाएपछि रामबहादुरले परदेशमा जागिरको मुख देखेको थियो ।

परदेसिएको अर्को वर्षदेखि रामबहादुरले बाउको नाउँमा पैसा पठाउन थालेको थियो । बाउको नाउँमा पैसाको बिटो देखेपछि भाउजूको बुद्धि फर्केको थियो । बूढाबूढीलाई एकोहोऱ्याएर कमलीलाई पोइल हिँडाउने जुक्ति पनि भाउजूकै थियो । कमलीलाई टिक्न नदिएपछि उनीहरूले बूढाबूढीलाई स्याहार्न आफ्नै घरमा पुऱ्याएका थिए । त्यसपछि रामबहादुरले पठाएको सबै पैसा दाजुकै हातमा पर्न थालेको थियो । त्यसैले आफ्नो दाजुको माया कतिसम्म गहिरो छ भन्ने कुरा रामबहादुरले राम्ररी बुझेको थियो । उसले पैसा कमाउन छोडेको भोलिपल्ट उसका दाजुभाउजूले उसलाई नचिन्न पनि बेर लाउँदैनन् । त्यसैले छँदाखाँदैको त्यस्तो राम्रो काम छोडेर बाउ, दाजुका कुरा मान्नु रामबहादुरलाई

पटक्कै ठीक लागेन । त्यसैले चाँडै फर्किनेछु भनेर ऊ पुन: विदेसिएको थियो ।

रामबहादुर फर्किएको छ महिनामै सेतो धागोले बेरिएको चिठी उसको नाउँमा आएको थियो । बाउ बितेछन् । उसले आफूले जानेको किरिया यहीँ बसेरै बार्‍यो । परदेशमा नियम त कसरी पुर्‍याओस्, तै बाउलाई बिदा गर्‍यो । बाउको देहान्तपछि अब नेपालै रित्तो लाग्यो उसलाई । त्यसैले पनि ऊ घर गएको छैन । किन जाने ! कसका लागि जाने ! ढुङ्गा र माटोबाहेक नेपालमा अर्थोक के छ र उसको । ढुङ्गा र माटो त यहाँ पनि छ । एकै पेटको दाजुको माया उसले कमाएको पैसासँग मात्र छ । बरु यही देशको साहेबले उसलाई बिरामी पर्दा पनि स्याहारेको छ ।

यहाँ आएकै साल फुड प्वाइजन भएर ऊ झन्डै खुस्केको थियो । त्यस दिन दुई-चार चोटि दिसाबान्ता हुँदा पनि उसले खासै वास्ता गरेन र आफ्नो नियमित काम गरिरहेको थियो । अचानक उसलाई तारन्तारको दिसाबान्ताले छोपेको थियो । मधुमालतीले आत्तिएर तुरुन्तै साहेबलाई खबर गरेकी थिई । त्यस बेला साहेब हावाको गतिमा आइपुगेको थियो र हतारहतार उसलाई गाडीमा हालेर अस्पताल पुर्‍याएको थियो । आधा घण्टाको बाटोमा रामबहादुरले गोडा तीन-चारेकपल्ट गाडीमै दिसा र बान्ता गरेको थियो । झन्डै बेहोसजस्तो अवस्थाको रामबहादुरलाई साहेबको गाडी खराब गरेको भन्नेचाहिँ सम्झना थियो तर ऊ यति शिथिल भइसकेको थियो कि त्यस बेला आफ्नै शरीर उसको वशमा थिएन ।

“तपाईंले फोहोर पारेको गाडी साहेबले सबै आफैँ सफा गरे नि आर.बी. दाइ !” पछि मधुमालतीले सुनाएकी थिई । भारतीय केटी मधुमालतीले साहेबको ड्राइभर नेपाली केटो हर्कबहादुरसँग बिहे गरेकी छ । मधुमालती र हर्के साहेबले दिएको साहेबकै घरसँग टाँसिएको क्वार्टरमा बस्छन् । रामबहादुरलाई अस्पतालमा तीन दिनसम्म

सलाइन चढाएर राखिएको थियो । अस्पतालबाट साहेबले रामबहादुरलाई आफ्नै घरमा लगेको थियो । साहेबले आफ्नो कोठाकै छेउको कोठामा रामबहादुरलाई राखेर रामबहादुरको जम्मै हेरविचार आफैँले गरेको थियो । साहेबको स्याहारसुसारले एक हप्तामा रामबहादुर तङ्ग्रिएर तन्दुरुस्त पनि भएको थियो । त्यसपछि मात्र साहेबले रामबहादुरलाई उसैको कोठामा फर्किन दिएको थियो । मानिसलाई मानिसले जित्ने भनेकै सदव्यवहारले रहेछ । त्यस बेलाको साहेबको व्यवहारले गर्दा रामबहादुरका लागि साहेब भन्नु उसको जिउँदो भगवान्‌जत्तिकै भएको छ । वास्तवमा यो परचक्री भूमि पनि उसका लागि आफ्नो मातृभूमिभन्दा प्रिय भएको साहेबकै मायाले हो । उसलाई सम्झँदा पनि अचम्म लाग्छ, साहेब उसको भाषा बुझ्दैन र ऊ पनि साहेबको भाषा बुझ्दैन । मानिसले मानिसलाई माया गर्न भाषा पनि नचाहिने रहेछ । आफ्नाहरूका माझ ऊ बिरानो भइसकेको छ र बिरानो साहेबले उसलाई मायाजालमा हालिसकेको छ ।

रामबहादुरको साहेब वैज्ञानिक हो । हुन त ऊ डाक्टर हो तर उसले कहिल्यै पनि डाक्टरी काम गरेर बिरामी जाँचेन । उसलाई केटाकेटीदेखि नै आविष्कार र अनुसन्धानमा रुचि थियो रे । त्यसैले डाक्टरी विद्या पढेर पनि ऊ अनुसन्धानमा नै लागिरह्‍यो । अहिले उसलाई सबैले वैज्ञानिक भनेर नै चिन्छन् । त्यसो त साहेबले आफ्नो आविष्कारलाई अहिले व्यापारमा परिणत गरिसकेको छ । अरबपति बाबुआमाको एक्लो छोरो हो साहेब । त्यसैले पैसा कमाउने कुरा उसले कहिल्यै सोचेन । नयाँनयाँ काम गर्ने मात्रै लहड थियो साहेबको । गोरा साहेबहरूको उमेर त थाहा पाइँदैन, तर दस वर्षअघि रामबहादुर यहाँ आउँदाको साहेब र अहिलेको साहेबको उमेर विचार गर्दा साहेबको उमेर साठी वर्ष नाघिसकेको जस्तो लाग्छ उसलाई । रामबहादुरको सहकर्मी बङ्गलादेशबाट आएको कृष्णचन्दरचाहिँ अङ्ग्रेजी भाषा राम्रै जान्दछ । उसैले साहेबका

बारेमा लेखिएको किताब पढेर साहेबका बारेमा यी सबै कुरा रामबहादुरलाई भनेको हो । कृष्णचन्दरले सुनाएअनुसार उसको साहेबले बिहे पनि गरेको छैन र उसको घरपरिवारमा पनि कोही छैनन् ।

साहेबको यो फर्म सहरबाट निकै नै टाढा छ । यहाँबाट मोटरमा आधा घण्टाको बाटोमा एउटा सानोसानो गाउँ छ । तर यो फर्मको वरिपरि भने कतै पनि कुनै घर छैन । झन्डै नौ सय एकडजति जमिनलाई अग्लो पर्खाल लगाएर घेरिएको छ । एउटा ठूलो मूल द्वार छ । त्यहाँ हरहमेसा ताला लाग्ने गर्छ र त्यो तालाको साँचो साहेबसँग मात्रै छ । यहाँ काम गर्ने विदेशीबाहेकका कर्मचारी बाह्र जना त्यहींका स्थानीय जातिका मानिसहरू छन् । ती किसानहरू अङ्ग्रेजी जान्दैनन्, उनीहरू आफ्नै भाषामा बोलीचाली गर्छन् । त्यसैले रामबहादुर र उसका साथीहरूसँग ती किसानहरूको कुनै कुराकानी हुँदैन । कृष्णचन्दरले नै पत्तो लाएअनुसार ती किसान पनि त्यहाँका सुकुम्बासी हुन् र त्यही परिसरमा साहेबले दिएको घरजग्गाबाहेक उनीहरूको अन्त कतै जाने ठाउँ पनि छैन । उनीहरूले त्यस जमिनमा खनजोत गर्ने, तरकारी, फलफूल रोप्ने र स्याहार्ने काम गर्छन् । यहाँ हरेक मौसमका तरकारीहरू र फलफूलहरू पर्याप्त फल्छन् । साहेबको आफ्नै निजी हेलिकोप्टर पनि यही कम्पाउन्डको बीचभागमा राखिन्छ । कृष्णचन्दरकै भनाइअनुसार अस्पतालहरूमा आफ्नो उत्पादन पुऱ्याउने काममा साहेब यही हेलिकोप्टर प्रयोग गर्छ । पहिलो पटक यहाँ भित्रिँदा त्यस ठाउँमा एउटा अनौठो संसार देखेर रामबहादुर छक्क परेको थियो । चारैतिरको निर्जन एकान्त पार गरेपछि एउटा अर्कै संसारमा प्रवेश गरेको अनुभूति रामबहादुरलाई भएको थियो । एक किसिमको डरजस्तो पनि र अनौठोअनौठो, केटाकेटीमा आमाले सुनाएको दन्त्यकथाको सहरमा आइपुगेजस्तो अनुभूति पनि भएको थियो उसलाई ।

यहाँ रामबहादुरको जिम्मामा चाहिँ एउटा पाँच सय मिटर चौडा र त्यति नै लामो घर छ । यो घर अचम्मको छ । यसमा बीसवटा कोठाहरू छन् । यी सबै कोठामा मानिसहरू छन् ।

जब पहिलो दिन रामबहादुर कोठामा पुगेको थियो, यहाँका मानिसहरू देखेर छक्क परेको थियो । यहाँका हरेक कोठामा दस-बाह्र जनाको सङ्ख्यामा नाङ्गा मानिसहरू थिए । कुनै कोठामा लोग्नेमानिस मात्रै, कुनै कोठामा आइमाई मात्रै र कुनैकुनै कोठामा लोग्नेमानिस र आइमाई दुवै थिए । 'ए यो त जेलखाना पो रहेछ' उसले त्यस बेला मनमनै ठानेको थियो । 'भो यस्तो जेलखानामा त काम नगर्ने' उसले तत्काल निर्णय गरेको थियो । त्यस बेला उसलाई कृष्णचन्दरले नै त्यहाँ पुऱ्याएको थियो । नेपालमा जुन दलाललाई उसले पैसा तिरेको थियो त्यो त अब त्यहाँ थिएन । त्यसैले उसले कृष्णचन्दरलाई नै आफ्नो मनको कुरा टुटेफुटेको हिन्दीमा भन्यो । कृष्णचन्दर हिन्दी कुरा गर्थ्यो र अङ्ग्रेजी जान्दथ्यो । त्यसैले ऊ नै साहेब र विदेशी कामदारका बीचको भाषासाँघु बनेको थियो ।

"अब तिमीले एक वर्ष त यहाँ काम गर्नै पर्छ, तिमी आएको कम्पनीको मालिकले तिम्रो एक वर्षको पैसा त लगिसक्यो ।" कृष्णचन्दरले रामबहादुरको निर्णयको जबाफ दिएको थियो ।

"यो मानिस बनाउने फ्याक्टरी हो, जेल होइन । यी मानिसहरू हाम्रो साहेबले मेसिनले बनाएको हो । यिनीहरू मानिसजस्ता मानिस नै हुन् तर यिनले मानिसका कुरा बुझ्दैनन् । यी हेर्दा मानिस भए पनि पूरै मानिस भने होइनन् ।" कृष्णचन्दरले रामबहादुरको मनको भाषा पढेर यो जानकारी दिएको थियो ।

"यस्ता मानिस साहेबले किन बनाएको हो, के काम ! फेरि यिनीहरूलाई किन लुगा नदिएको !" रामबहादुरले नाङ्गा मानिसहरूलाई हेर्न नसकेर भनेको थियो ।

“यिनीहरू लुगा लगाउन मन पराउँदैनन्, लुगा लगाइदियो भने च्यातिदिन्छन् ।” कृष्णचन्दरले भनेको थियो ।

“अहिले संसारका जुनसुकै देशमा पनि यी मानिसको माग छ । हाम्रो साहेबबाहेक संसारमा कसैले पनि यस्ता मानिसको उत्पादन गर्न सकेका छैनन् । त्यसैले यहाँ कोही पनि बाहिरको मानिस आउन पाउँदैन र यहाँका हामी कामदार पनि घरीघरी बाहिर जान पाउँदैनौँ । यसको मूल ढोकाको साँचो त्यसैले साहेबसँग मात्रै छ ।” त्यसै दिन कृष्णचन्दरले भनेको थियो ।

“यी मानिसहरूमध्ये कसैको मृगौला, कसैको मुटु, कसैको आँखा, कसैको हात वा खुट्टा बिक्री हुन्छन् । आजकल संसारका मानिसहरूका कुनै न कुनै अङ्गमा रोग लागेर ती अङ्ग फेर्नुपर्ने भइरहेको हुन्छ । त्यस्ता फेर्नुपर्ने अङ्गका लागि साहेबले यी मानिसहरू उत्पादन गरेको हो ।” कृष्णचन्दरले आफूले जानेका धेरैजसो जानकारी त्यसै दिन रामबहादुरलाई सुनाएको थियो ।

“यी मानिसहरूमध्ये कसैको आँखाको भाग बलियो छ, कसैका हातखुट्टा, कसैको टाउको, कसैको पाठेघर, कसैको मृगौला र कसैको मुटु । साहेबले त्यसैअनुसार यिनीहरूलाई अलगअलग कोठामा राखेको हो । यहाँ राखिएका मानिसहरूमध्ये सबैभन्दा पुराना पाँच वर्षका भए । म यहाँ आएको आठ वर्ष भयो । पहिलो पटक उत्पादन गरिएका सबै मानिस मरे । कुनै हिसाबमा गडबढी भयो भनेर त्यस बेला साहेब निकै मुरमुरिएको थियो ।” कृष्णचन्दर रामबहादुरलाई सबै कोठा घुमाउँदै थियो र आफूले जानेका कुरा भन्दै पनि थियो ।

“यो कोठामा हामीले पस्नुहुन्न, यहाँ मानिसको बीउ भर्खरै राखिएको छ । सहरमा मानिसको वीर्यको पनि ब्याङ्क छ रे, त्यहाँबाट साहेबले मानिसको वीर्य किनेर ल्याउँछ । ऊ ती सिसाका भाँडा छन्

नि, यसलाई साहेबले मदर भन्छ । हो ती भाँडामा एक वर्षपछि मानिसका बच्चा देखा पर्छन् । यो कोठामा साहेब मात्रै बेलाबेलामा पस्ने गर्छ र ती भाँडामा कुनै औषधी हाल्ने गर्छ ।" कृष्णचन्दरले बीचभागमा भएको एउटा कोठाको सिसाको ढोकाअगाडि पुगेपछि भनेको थियो ।

"यो कोठाचाहिँ अपरेसन गर्ने कोठा हो । साहेबले संसारका कुनै पनि अस्पतालबाट माग भएअनुरूपका अङ्गहरू काटेर उसैले बनाएको खास किसिमको बट्टामा ती अङ्गहरू प्याकिङ गर्छ । त्यस्ता अङ्गहरू प्याकिङ गरेको ४८ घण्टाभित्र मानिसमा प्रत्यारोपण गर्न सकिन्छ ।"

"योचाहिँ काम नलाग्ने मानिस पेल्ने कोठा हो ।" कृष्णचन्दरले त्यसै घरको पल्ला छेउको एउटा कोठाअघिल्तिर पुगेपछि भनेको थियो । कोठाको ढोका बन्द थियो तर सिसाको ढोकाबाट भित्रको दृश्य छयाङ्गै देखिन्थ्यो । त्यहाँ भित्र एउटा कालो रङ्गको ठूलो मेसिन थियो र जुन चिम्नीको आकारले कोठाको छतमा टाँसिएको थियो ।

"कुनैकुनै मानिसको कुनै पनि अङ्ग काम नलाग्ने हुन्छ, त्यस्ता मानिसलाई पाल्नुको कुनै औचित्य हुँदैन । त्यसैले त्यस्ता मानिसलाई पहिले मृत्युको सुई दिइन्छ र त्यसपछि त्यो निर्जीव भइसकेको मानिसलाई यो चिम्नीमा हालिन्छ र त्यो बिजुलीको स्विच अन गरेपछि केहीबेरमै त्यो खरानी हुन्छ ।" कृष्णचन्दरका कुरा सुनेर रामबहादुरको अनुहारमा भयका चिह्नहरू प्रकट भएका थिए ।

"डराउनु पर्दैन, तिमीहामीलाई साहेबले यसमा हाल्दैन । उसैले बनाएका फाल्तू मानिस मात्रै हाल्छ । कहिलेकाहीँ कुनैकुनै मानिस मर्छ पनि, त्यस्तो बेलाका लागि मात्रै हो यो । फेरि सबै अङ्गप्रत्यङ्ग प्रत्यारोपणका लागि झिकिएपछि काम नलाग्ने भएर बाँकी भएका

भाग पनि यसै मेसिनमा हालेर पेलिन्छ । यसलाई इन्सिनेटर भनिन्छ ।" कृष्णचन्दरले रामबहादुरलाई ढाडमा धाप मार्दै आश्वस्त पार्न खोजेको थियो ।

त्यस दिन रामबहादुरलाई फर्म हाउसका सबै कोठा र उसले गर्नुपर्ने काम पनि अह्राएपछि कृष्णचन्दर आफ्नो काममा लागेको थियो । तर रामबहादुरलाई भने कस्तोकस्तो भइरह्यो, दिगमिग लागिरह्यो र एक किसिमको डर पनि लागिरह्यो । रामबहादुरको जिम्मामा ती मानिसहरूलाई खाना खान दिने र उनीहरू बस्ने कोठा सफा पारिदिनुपर्ने थियो । ती मानिसहरूलाई खान एक किसिमको दाना दिइन्थ्यो । कुखुराले खाने दानाजस्तै किसिमको दाना उनीहरूलाई एउटा ठूलो प्लास्टिकको आरीमा हाल्दिनुपर्थ्यो र पानीचाहिँ प्लास्टिकका सिसीहरूमा भरेर राखिदिनुपर्थ्यो । प्रत्येक कोठामा सँगै गाँसिएका शौचालय थिए र ती मानिसहरू शौचालयको कमोड प्रयोग गर्थे । कमोड प्रयोग गर्ने ती मानिसहरू फ्लस गर्न जान्दैनथे । त्यसैले हरेक पटक रामबहादुरले नै त्यहाँ पुगेर फ्लस गरिदिनुपर्थ्यो । रामबहादुरले इसारा गर्नासाथ ती मानिसहरू शौचालयमा प्रवेश गर्थे र उसले धारा खोलिदिन्थ्यो । झर्नाको पानीमा तिनीहरू केहीबेर नुहाउँथे । हप्तामा एक दिन साबुनको फोहोरा पनि खोलिदिनुपर्थ्यो । जसले गर्दा उनीहरू सफासुग्घर देखिन्थे । रामबहादुरका लागि काम गाह्रो थिएन तर यस्तो अचम्मको र कहिल्यै सपनामा पनि नचिताएको काम गर्न भने उसलाई पटक्कै मन लागेको थिएन । 'ठीकै छ एक वर्ष त बस्नै पर्‍यो, त्यसपछि अर्कै काम खोज्नुपर्ला' बाध्य भएर रामबहादुरले निर्णय गरेको थियो ।

यसैबीच अचानक रामबहादुर बिरामी परेको थियो र बिरामी निको हुनासाथ रामबहादुर साहेबलाई छोड्न नसक्ने भएर साहेबको मायामा बाँधिएको थियो । त्यसैले त्यसपछि रामबहादुरले यही काममा आफूलाई डुबाएको थियो ।

कोठा नम्बर तीनमा केटीहरू मात्रै राखिएका थिए । प्रत्येक केटीका ढाडमा नम्बर टाँसिएको थियो । तिनीहरूमध्ये नौ नम्बरकी चाहिँ रामबहादुरलाई असाध्यै राम्री लाग्थी । आफ्नी कमलीको शरीर पनि उज्यालोमा सम्पूर्ण नदेखेको रामबहादुर सुरुसुरुमा निर्वस्त्र आइमाईका शरीर देखेर लाजले भुतुक्क हुन्थ्यो । पाँच वर्षका केटीहरू पनि अठार-बीस वर्षका जस्ता तरुनी थिए ।

"यी मानिस विकासे कुखुराजस्तै हुन् आर.बी. । यिनको बुद्धि र तागत हुँदैन । त्यसैले यी छिटोछिटो बढ्छन् रे ।" रामबहादुरको जिज्ञासाको जबाफ कृष्णचन्दरले नै दिएको थियो ।

यी कृत्रिम मानिस हुन् भन्ने जानेरै पनि नौ नम्बरकी केटीलाई देख्नासाथ रामबहादुरलाई भने कमलीको सम्झनाले आक्रान्त पार्थ्यो । छोटो समयसम्म भए पनि कमलीसँग भोगेको शारीरिक सुखको सम्झनाले उसलाई गाल्थ्यो । त्यसैले सबै कोठाको काम सक्नासाथ रामबहादुर तीन नम्बर कोठामा पुग्थ्यो र घण्टौँसम्म नौ नम्बरकी केटीलाई हेरेर बस्थ्यो । पहिलेपहिले नाङ्गा मानिसहरू हेर्न नसकेर आँखा चिम्लिने रामबहादुरलाई पछिपछि नाङ्गा मानिसहरू हेर्ने अभ्यास भएको थियो ।

"बुझ्यौ आर.बी., साहेबले उसको किताबमा गजबको कुरा लेखेको छ– प्रकृतिले बनाएका कुनै पनि जीवले कपडा लगाउँदैनन् । मानिसले पनि कपडा लगाउन आवश्यक नै थिएन । सुरुमा एउटा मानिसले गरेको गल्तीका कारण मानिसले कपडा लगाउनुपरेको हो । मानिसको वास्तविक सुन्दरता नै कपडाले छोप्छ । संसारमा त्यसैले जीवजन्तुले यौनअपराध गरेको सुनिँदैन तर असङ्ख्य मानिसहरू यौनअपराधमा संलग्न छन् । यो सबै मानिसले कपडा लगाएकाले भएको भन्ने उसको मान्यता छ ।" कृष्णचन्दरले एक दिन साहेबले लेखेको किताब पढेर रामबहादुरलाई अर्थ्याएको थियो । साहेबका कुरा ठीकबेठीक ठहर गर्ने क्षमता रामबहादुरसँग थिएन तर नौ

नम्बरकी केटीको सुन्दरतामा मोहित रामबहादुर दिनप्रतिदिन त्यस केटीप्रति लालायितसमेत हुँदै गएको थियो ।

'यो पनि त मानिस नै हो, साहेबसँग यो केटी माग्नुपर्‍यो, बरु पैसा जति परे पनि तलबबाट कटाऊ भन्नुपर्‍यो । आखिर साहेबले बेच्ने नै भएपछि कसो मलाई नदेला र !' धेरै दिनपछि एक दिन रामबहादुरले निर्णय गरेको थियो ।

हिजोआज रहँदा-बस्दा साहेब र उसका बीचमा सामान्य संवादका लागि कृष्णचन्दर नचाहिने भइसकेको थियो । साहेब प्रत्येक दिन बिहान सबेरै र बेलुकी गरेर दुई पटक फर्म हाउस घुम्न आउँथ्यो । त्यस दिन बिहान रामबहादुरले साहेबलाई आफ्नो इच्छा व्यक्त गर्ने निधो गर्‍यो । साहेबले एक नम्बर घुम्यो, दुई नम्बर पनि घुम्यो र तीन नम्बर कोठामा पस्यो । रामबहादुरको मुटु ढक्क भयो, तर पनि उसले आज साहेबसामु आफ्नो माग राख्ने निर्णय गरिसकेको थियो ।

"साहेब !" रामबहादुर नौ नम्बरकी आइमाईको अघि पुगेर उभियो ।

"के भयो यसलाई ?" साहेबले आफ्नो भाषामा सोध्यो ।

"होइन, यसलाई होइन, यो मलाई..." रामबहादुर अकमकायो र आफ्नो कुरा राम्ररी भन्नै सकेन ।

"हँ, के भयो यसलाई ?" साहेबले आफ्नो घाँटीमा झुन्डिरहेको स्टेथोस्कोपले नौ नम्बरकी केटीलाई जाँच्न थाल्यो ।

"साहेब, मलाई यो राम्री लाग्छे ।" रामबहादुरले दह्रो भएर भन्यो ।

"अँ, यो राम्री छ, मलाई पनि राम्री लाग्छ ।" साहेबले नौ नम्बरकी केटीको शरीर र टाउकोसमेत सुमसुम्याउँदै त्यसका गालामा च्वाप्प म्वाइँ खायो । रामबहादुरलाई त्यसरी साहेबले नौ नम्बरकीलाई सुमसुम्याएको र चुम्बन गरेको पटक्कै मन परेन ।

"साहेब, यसको पैसा मेरो तलबबाट काट्नुहोस् र यो मलाई दिनुहोस् ।" रामबहादुरले साहेबको मुखमा हेर्दै नहेरी कठोर भएर हतारहतार भनेको थियो ।

"तिमी के गर्ने, यसको त पाठेघर मात्रै राम्रो छ, तिमीलाई काम लाग्दैन आर.बी. ।" साहेबले छक्क परेर रामबहादुरलाई हेर्दै भनेको थियो ।

"म योसँग बिहे गर्छु साहेब, यो मेरी स्वास्नी कमलीजस्तै छ ।" रामबहादुरले रुन्चे स्वरमा भनेको थियो ।

"तिमी लैजाऊ, तर यो स्वास्नी हुँदैन; मैले झूटा कुरा गरेको होइन । तिमी मेरो कुरा पत्याउँदैनौ होइन ? ल लैजाऊ यसलाई ।" साहेबले नौ नम्बरकी आइमाईका पाखुरा समातेर त्यसलाई रामबहादुरतिर ल्याइदियो । त्यसको ढाडमा टाँसेको नौ नम्बर पनि झिकिदियो ।

"आर.बी., म तिमीसँग पैसा लिँदिनँ तर तिमीलाई मन नपरे भोलि नै फिर्ता ल्याइदेऊ । तिमीले यसलाई क्वार्टरमा लैजाँदा यसको खाना पनि सँगै लिएर जाऊ । यसले तिम्रो खाना खान सक्तिन । यसको स्वास्थ्यको हिसाबले पनि यसलाई यहाँको हावापानीबाहेकको प्राकृतिक हावापानीले बिगार्ने सम्भावना छ । एकैछिन पख, म यसलाई एउटा सुई लगाइदिन्छु, यो कोठाबाट बाहिर लैजाँदा यसलाई यो सुई लगाउनुपर्छ । बाह्र घण्टामा फेरि लगाउनुपर्छ ।" साहेबले भनेको थियो । साहेबले भनेझैँ नौ नम्बरकी केटीलाई झट्टै उसले एउटा सुई लगाइदियो ।

त्यस दिन आफ्नो सबै काम सकेपछि नौ नम्बरकी केटीलाई लिएर रामबहादुर आफ्नो क्वार्टरमा पुगेको थियो । परदेसिएको एक्लो रामबहादुरलाई आज यतिका वर्षपछि उत्साह र उमङ्गले खपिनसक्नु भएको थियो । नौ नम्बरकीको नाउँ उसले कमली नै राख्ने निर्णय

गरेको थियो । एउटी कमली गुमाए पनि आज अर्की कमली पाउँदा उसको हर्षको सीमै थिएन ।

क्वार्टरमा पुगेपछि रामबहादुरले आफ्नो बाकसबाट सारीचोलो र पेटीकोट निकालेको थियो । कमलीका लागि किनेका यी सामान बोकेर नेपाल जाँदा कमलीसँग भेट नभएपछि उसले फाल्न पनि सकेको थिएन । कमलीकै लागि त्यसै बेला किनिएका लालीपाउडर र क्रिम पनि थियो उसको बाकसमा । उसले सबै कुरा पालैपालो नौ नम्बरकी केटी अर्थात् ऊद्वारा नामकरण गरिएकी कमलीलाई लगाइदियो । कमली चुपचाप बसिरही । शरीरमा लुगा परेपछि भने ऊ केही छटपटाई र लुगा खोल्ने प्रयत्नमा लागी । तर रामबहादुरले उसलाई इसारा गरेर लुगा लगाइरहन लगायो । प्रत्येक पटक ऊ भने लुगा फुकाल्न खोजिरहन्थी । लुगाफाटो र सिँगारपटार सकेपछि रामबहादुरलाई नौ नम्बरकी केटी एकदमै ठ्याम्मै कमलीजस्तै लाग्यो । उस्तै गोरो अनुहार, उस्तै आँखा, उस्तै ओठ, उस्तै सम्पूर्ण बनोट ।

“कमली !” रामबहादुरले आँखाभरि आँसु पारेर त्यसलाई बोलायो । अँगालोमा कसेर फेरि बोलायो, “कमली !, कमली !”

ऊ भोकाइहोली भनेर रामबहादुरले सँगै ल्याएको दाना दियो । उसले कपाकप खाई । बोतलमा पानी पनि दियो, घटघट पिई । यतिका वर्षपछिको सुन्दरीको संसर्गले रामबहादुरलाई स्त्रीनशाले छोपिसकेको थियो । त्यसैले त्यसपछि उसले आफूले कमलीका रूपमा सिँगारेकी केटीका कपडा खोलिदियो । कपडा खोलिदिँदा त्यो केटी खुसी भई । त्यसपछि उसले त्यो केटीलाई नरनारीको भोगका लागि तयार गर्न खोज्यो । तर त्यो त भावशून्य थिई । उसले कुनै प्रतिक्रिया नै जनाइन । भावावेशमा रामबहादुरले आफूलाई पूर्ण पुरुषमा रूपान्तरित गऱ्यो तर त्यो भने आइमाई हुँदै भइन । एउटा ढुङ्गाजस्तो चिसो शरीरसँग खेल्दाखेल्दै रामबहादुर आफैँ शिथिल भयो । त्यो आइमाईसँग आइमाईको जस्तै शरीर थियो तर त्यो आइमाई भने थिइन । उसले

जति नै प्रयत्न गर्दा पनि त्यो आइमाई नै भइन । र, अन्तिममा रामबहादुर हाऱ्यो । त्यो आइमाई केहीबेरमै निदाएकी थिई र रामबहादुर त्यही निदाएकी आइमाईलाई हेर्दै रोइरह्यो ।

•

भोलिपल्ट बिहान साहेब फर्म हाउसमा आइपुग्नुअघि नै रामबहादुरले तीन नम्बर कोठामा त्यो आइमाईलाई पुऱ्याएर त्यसको ढाडमा नौ नम्बरको ब्याच टाँसिदिएको थियो ।

• **गरिमा** : २०६०

# बिहेअघिको रात

"अहिले कस्तो छ तपाईंलाई ?" उनले फेरि पनि सोधेकी थिइन् ।

"म अहिले ठीक छु, धन्यवाद !" कामदेवले उत्तर दिएका थिए । पाँच घण्टाको उडानका क्रममा झन्डै पन्ध्र पटकभन्दा पनि बढी उनले कामदेवप्रति चासो राखेकी थिइन् । प्रत्येक पन्ध्र-बीस मिनेटमा उनी आइपुग्थिन्, कामदेवलाई निदाएको जस्तो देख्दा फर्केर पनि जान्थिन् । अधिकांश समय अन्तर्राष्ट्रिय उडानमा बिताउने कामदेवलाई यस पटक भने हङकङको आकाश पार नगर्दै रिँगटा लागेको थियो । रिँगटा लागेको केहीबेरमै उनी बान्तासमेत गर्न लागेका थिए । त्यसै बेला उनका सहयात्रीले घण्टी बजाएर परिचारिकालाई बोलाइदिएका थिए ।

त्यसो त हवाईपरिचारिकाहरू कामदेवका लागि नयाँ पक्कै थिएनन् । हवाईजहाजको ढोकामा स्वागत गर्नेदेखि हवाईजहाजभित्रको आवाभगतमा हरेक पटकको यात्रामा हवाईपरिचारिकासँगको सामीप्यता थियो उनको । तर यस पटककी परिचारिकाको आफूप्रतिको विशेष हेरचाहले गर्दा परिचारिकाहरूको सेवाप्रति कामदेव आह्लादित हुन पुगेका थिए ।

त्रिभुवन विमानस्थलमा हवाईजहाजबाट ओर्लेपछि पनि उनले कामदेवलाई विशेष सहयोग पुऱ्याएकी थिइन् ।

“तपाईंको डाक्टरलाई आजै परीक्षण गराउनुहोस् है !” विनयपूर्ण शिष्टताका साथ उनले भनेकी थिइन् ।

“त्यस्तो खास केही नहोला ! तर पनि म जँचाउनेछु । तपाईंले यात्रामा मलाई धेरै हेरविचार गर्नुभयो । त्यसका लागि धन्यवाद... ।” कामदेवले परिचारिकाको नाउँ जान्न खोजेका थिए ।

“मेरो नाउँ रति हो ।” उनले भनेकी थिइन् ।

त्यसपछि दुवैले आआफ्ना भिजिटिङ कार्ड एकअर्काबीच साटेका थिए ।

यसरी भेटघाट हुनु र भिजिटिङ कार्ड नै साटिनु पनि दुवैका लागि कुनै अनौठो कुरा थिएन । कामदेव र रति दुवैको जनसम्पर्क अत्यधिक थियो र दैनिक जसो नयाँ व्यक्तिसँगको परिचय उनीहरूका लागि कौतूहलको विषय पनि थिएन । जस्तो कि त्यस्ता सबैजसो परिचयहरू तुहिएर जाने गर्थे । तर कामदेव र रतिबीच त्यसो भएन, अर्थात् उनीहरूको पहिलो भेट नै अन्तिम भेट हुन सकेन ।

उनीहरूबीच पुन: संवाद चलेको थियो । पहिलो खोजी कामदेवले नै गरेका थिए । अचानक एक साँझ रतिको घरको टेलिफोनको घण्टी घन्केको थियो । त्यस बखत फोनमा दुवैबीच सामान्य शिष्टताका संवादहरू आदानप्रदान भएका थिए । कामदेवले रतिको कामका सन्दर्भमा कुन उडानमा कहिले कता जाने भन्ने जानकारी लिएका थिए । रतिले भने उनको स्वास्थ्यकै बारे चासो राखेकी थिइन् ।

कामदेवले आफूलाई फोन गरेर आफ्नाबारे चासो राखेका सन्दर्भले रतिलाई निकै आनन्द लागेको थियो । रतिले आठबर्से आफ्नो हवाईपरिचारिकाको जागिरे जीवनमा धेरै यात्रुहरूलाई सेवा पुऱ्याएकी थिइन् । तर यात्रुहरू घर पुगेपछि आफ्नै संसारमा हराउँछन्, रतिको सेवाका बारे फुर्सतमा पनि सम्झन्छन् कि सम्झन्नन् जस्तो लाग्थ्यो उनलाई । त्यसैले धेरै यात्रुहरूमध्येका एक यात्रुले आफूलाई

घरमा पुगेपछि पनि सम्झेको प्रसङ्ग उनका लागि रमाइलो कुरा भएको थियो ।

कामदेवको व्यक्तित्व सामान्य थियो तर ठाँटिलो पहिरनमा उनको व्यक्तित्व केही गरिमाशाली अवश्यै देखिन्थ्यो । खासमा शरीरभन्दा पनि उनको आवाज प्रभावकारी थियो । वास्तवमा उनको आवाज मात्र सुन्ने जोकोहीले उनको व्यक्तित्वको विराटताको अनुमान लगाउनेछन् जस्तो रतिलाई लागेको थियो । त्यसैले हवाईजहाजमा भेटेका कामदेवभन्दा पनि टेलिफोनमा गुन्जेको कामदेवको व्यक्तित्वसँग रति बढी प्रभावित भएकी थिइन् ।

त्यसपछिको अर्को टेलिफोनको घण्टी कामदेवको घरमा गुन्जेको थियो । बैङ्ककबाट फर्केको साँझ रतिले पनि कामदेवलाई सम्झेकी थिइन् । दुवैबीच केहीबेर औपचारिक कुराकानी मात्र भएको थियो । भोलिपल्ट कामदेवले रतिलाई साँझको चियाका लागि तारे होटेलमा निम्तो गरेका थिए ।

रति वास्तवमै सुन्दरी थिइन् । हवाईपरिचारिकाका लागि आवश्यक पर्नेभन्दा बढी नै सुन्दरताले रति भरिएकी थिइन् । पाल्पाको सामान्य मध्यमवर्गीय परिवारकी रति जीवनका सम्पूर्ण सुखहरू भोग्न चाहन्थिन् । अन्तर्राष्ट्रिय उडानमा काम गर्नुका कारण आफ्नै आर्जनले जोरिएको काठमाडौँ, भीमसेनगोलाको आफ्नै घरमा रतिको जीवन अघि बढ्दै थियो । आफूले चाहेजस्तो वर पाए उसैको अँगालोमा बाँकी जीवन समर्पित गर्ने रहरले पनि उनलाई हिजोआज पिरोल्न थालेको थियो ।

हवाईपरिचारिकाको जागिरमा बिताएका यी आठ वर्षबीच उनले पनि पुरुषको विविध रूपलाई नजिकैबाट देखेकी थिइन् । ऐनाका सामु आफू उभिँदा आफ्नो समकक्षीमा कुनै सुन्दर पुरुषकै उनी कल्पना गर्थिन् । त्यसैले सुन्दर पुरुषहरूका नजिक पुगेर आफ्नो कल्पना

साकार पार्न पनि उनले खोजेकी थिइन् । तर बाहिरी आवरणको सुन्दरताभित्रको कलुषितताले रतिलाई पटकपटक आहत पारेको थियो । त्यसैले हिजोआज रति एउटा सामर्थ्यवान् असल पुरुषको साहचर्यको खोजी गर्दै थिइन् ।

त्यसो त रतिलाई कामदेव आफूले खोजेजस्तै पुरुष लागेका थिएनन् । तर पनि जतिजति उनको कामदेवसँगको सामीप्यता बढ्दै गएको थियो रति कामदेवप्रति नै आकर्षित हुन थालेकी थिइन् । कामदेवको सबैभन्दा ठूलो विशेषता उनमा भएको शिष्टता थियो । त्यसै गरी अहिलेको भौतिक युगमा चाहिनेजति भौतिकताले पनि कामदेव पुष्ट थिए । कामदेव ज्यादै व्यस्त व्यवसायी थिए । उनीसँग फुर्सतको समय निकै थोरै मात्र हुन्थ्यो । तर पनि फुर्सतमा रतिसँग समय बिताउन उनी मन पराउँथे । दुवैको फुर्सतका समयमा प्राय:जसो कामदेवले नै रतिलाई कुनै भव्य होटेलमा निम्ता गर्थे । साँझको चियाको त्यो समय बेलुकीको डिनरमा पुगेर टुङ्गिन्थ्यो । कामदेवको मदिरा वा धूमपानको पनि कुनै नशा थिएन । त्यसैले रातको प्रथम प्रहरमै कामदेव आफैँले हाँकेको मोटरमा रतिलाई उनको घरसम्म पुऱ्याएर फर्किन्थे ।

उनीहरूको पहिलो भेटपछिको झन्डै एक वर्षको समय पनि नाघिसकेको थियो । उनीहरूबीचको भेटघाट अथवा टेलिफोनका कुराकानीको समय पनि बाक्लिँदै गएको थियो । कामदेवको शिष्टता र सौम्यताले अबका दिनमा भने रति आक्रान्त नै हुन थालेकी थिइन् । यसबीच रतिले भने आफ्ना हावभाव र कटाक्षद्वारा कामदेवका अघि आफ्नो प्रेमको प्रस्ताव धेरै पटक राखिसकेकी थिइन् । त्यस्ता बेलामा कामदेव भने रतिको सौन्दर्यको आराधना गर्दै आफ्नो चस्माभित्रका आँखाले उनको सौन्दर्यको रसपान गर्थे । यसरी नै उनीहरू छुट्टिने गर्थे । रतिको उर्लिंदो यौवनको ज्वालामा घिउ थपिदिनुसिवाय कामदेव अघि बढेका थिएनन् । कामदेवको यस्तो व्यवहारले रति त्यसैत्यसै

मुरमुरिने पनि गर्थिन् । तर आफू स्त्री जात हुनु र कामदेवका शिष्ट र गरिमाशाली व्यक्तित्वका अघि आफूलाई पनि शिष्ट स्वरूपमै प्रस्तुत गर्नु उनको बाध्यता थियो ।

अन्तत: यस्तो दिन पनि आएको थियो अर्थात् रतिको धैर्यको बाँध भत्केको थियो । त्यस साँझ अन्नपूर्ण होटेलको मैनबत्तीको उज्यालोमा चिया पिउँदै गरेका ती दुवैबीचको मौनता भङ्ग रतिले नै गरेकी थिइन् ।

"म तपाईंसँग विवाह गर्न चाहन्छु ।" रतिको संवाद सुनेपछि कामदेवले पहिलोपल्ट निकै गहिरिएर रतिलाई हेरेका थिए ।

"के तपाईं पनि मसँग..." रतिले पुन: बोल्नुपरेको थियो । तब पनि कामदेव केही बोलिरहेका थिएनन् । पहिलोपल्ट कामदेवको अनुहारमा रतिले चिन्ताका लहरहरू देखेकी थिइन् । उनले यतिका समयको उनीहरूको सान्निध्यमा कामदेवको यतिबिघ्न अँध्यारो अनुहार देखेकै थिइनन् । आफूले सोध्न नहुने प्रश्न सोधेको अनुभूतिले पनि रतिलाई केही अपराधबोध गरायो । त्यसपछि केही बोल्नुको साटो रतिले पनि चुपचाप हुनुमै भलो ठानेकी थिइन् ।

"रति ! तिमी साँच्चै मसँग बिहा गर्न चाहन्छौ ?" धेरैबेरको मौनतापछि कामदेवको प्रश्न रतिका कानमा परेको थियो । रतिले टाउको हल्लाएर सहमति जनाएकी थिइन् ।

"ठीकै छ, मलाई तिम्रो प्रस्ताव मन्जुर छ तर विवाह गर्नुअघि मेरो पनि एउटा प्रस्ताव छ ।"

रतिले कामदेवका कुरा सुनेर उनको अनुहारमा एकोहोरो हेरेकी थिइन् ।

"मसँग वैवाहिक बन्धनमा बाँधिनुअघि नै तिमीले मसँग एक रात बिताउनुपर्छ । अर्थात् तिमीले मसँग एक रात बिताएपछि मात्रै

हाम्रो बिहेको टुङ्गो हुनेछ ।" कामदेवले अर्थ्याएर भनेका थिए । कामदेवको प्रस्ताव सुनेपछि एकैछिन रतिको होस हराएझैँ भएको थियो । 'के भन्ने ? के नभन्ने ?'को दोसाँधमा उनी पुगेकी थिइन् । उनले कुनै जबाफ दिन सकेकी थिइनन् ।

"के तिमी मेरो प्रस्ताव स्वीकार गर्न सक्छचौ ?" कामदेवले पुन: प्रश्न तेर्स्याएका थिए ।

"हुन्छ, तर नेपालमा भने होइन, पर्सि मेरो उडान सिङ्गापुरका लागि छ, तपाईं पनि सिङ्गापुर जाने भए ..." रतिले केही कामेको स्वरमा भनेकी थिइन् ।

"हुन्छ, म पनि तिम्रै फ्लाइटबाट सिङ्गापुर जानेछु । मेरो व्यापारको पनि काम छ त्यहाँ । म भोलि नै फोन गरेर होटेल पनि बुक गराउँछु ।" कामदेवको आवाज भने सधैँ झैँ शान्त र मधुर थियो । त्यस दिन पनि उनीहरू खानपिन सकेर नै छुट्टिएका थिए ।

मङ्गलबारको दिन थियो । रति आफ्नो परिचारिकाको दायित्व निर्वाह गर्ने क्रममा थिइन् । तर उनको आजको सम्पूर्ण क्रियाकलाप यन्त्रचालितझैँ थियो । उनको आँखा हरेक क्षण कामदेवकै प्रतीक्षामा थिए । त्यसपछि कामदेव पनि आइपुगेका थिए उस्तै शान्त, सौम्य र सुमधुर गतिमा । आज किन हो किन रतिलाई कामदेव विशिष्ट व्यक्ति लाग्यो; हवाईजहाजभरि भरिएका सम्पूर्ण पुरुषहरूमध्येका विशिष्टतम पुरुष । रतिको मनभित्र एक किसिमको कुतकुती पनि लागेर आयो । उनले कल्पिन्, आजको रात... कामदेवसँग बिताउने पहिलो रात... । आँखामा मीठामीठा चित्रहरू सजाएर अनुभूतिका काउकुती सँगाल्दासँगाल्दै उनीहरूको जहाजले सिङ्गापुरको धरती छोएको थियो । जहाजमा सामान्य शिष्टता व्यक्त गर्नुबाहेक कामदेव र रतिका बीच कुनै अरू संवाद भएको थिएन ।

"तिमी मसँगै हिँड, म तिमीलाई होटेलमा पुऱ्याएर आफ्नो काममा जान्छु ।" जहाज रोकिएपछि आफूनजिक आइपुगेकी रतिलाई कामदेवले भनेका थिए । आफ्नो कार्यसम्पादनपछि रति कामदेवको पछि लागेकी थिइन् ।

त्यसो त सिङ्गापुर रतिका लागि नौलो ठाउँ थिएन । यसअघि पनि केही पटक रतिले सिङ्गापुरका होटेलहरूमा रात बिताइसकेकी थिइन् । तर आज रति कामदेवका साथ रात बिताउन होटेलतिर जानुको औचित्यले गर्दा यो समय अनौठो र मिठासपूर्णको भएको थियो ।

'एक रात बिताइसकेपछि कामदेवले मसँग बिहे गर्न आनेकाने पो गर्ने हुन् कि ? अरू पुरुष र कामदेवबीच के फरक होला ?' कामदेवका साथ मोटरमा होटेलतर्फ गुडिरहँदा रतिको मनमा प्रश्नप्रतिप्रश्न उब्जिरहेका थिए ।

कामदेवमा भने कुनै खास परिवर्तन थिएन । उनको व्यक्तित्वमा अलिकति पनि फरक थिएन र उनको अनुहारको शान्त भावमुन्तिर कुनै भावको सङ्केत रतिले पहिल्याउन सकेकी थिइनन् ।

"तिमी फ्रेस भएर आराम गर्दै गर, म साँझसम्ममा आइपुग्छु ।" होटेलको कोठामा रतिलाई पुऱ्याएपछि कामदेवले भनेका थिए । त्यसपछि बेयरालाई चिया मगाएर दुवैले पिएपछि कामदेव बिदा भएका थिए ।

कामदेव गएपछि रतिले आफूलाई ऐनाको अगाडि निकैबेर कोणप्रतिकोणबाट नियालेकी थिइन् । ऐनामा देखिएको आफ्नो अङ्गअङ्गको सुन्दरताले उनी आफैँ मोहित भएकी थिइन् । कामदेवको सामान्य शारीरिक बनोटका सामु आफ्नो सुन्दरताको तुलना गर्दा आफैँलाई कताकता अपराधबोध पनि हुन खोज्यो उनलाई । तर झट्टै कामदेवको सौम्यता, शिष्टता र भव्यताका प्रतिरूपले उनको रूपमाथि पर्दा हालिदिएको थियो । त्यसैले यस बेला छटपटिँदै कामदेवको प्रतीक्षा गर्नु नै रतिलाई सही लागेको थियो । त्यसपछि कामदेवसँग

आजको रात बिताउँदा प्राप्त हुने सम्भाव्य आनन्दको पूर्वाभासले रतिको यौवनको गति अझै उर्लेको थियो ।

साँच्चै साँझ पर्नुअघि नै कामदेव आइपुगेका थिए । बेलुकीको आठ बजे उनीहरू डिनर टेबुलमा पुगेका थिए । साढे नौ बज्दा उनीहरूको खानपिन सकिएको थियो ।

रतिको मनभित्र सम्भाव्य रमाइलोको कल्पनाले पौडी खेलिरहेको थियो । कामदेव सधैँभन्दा केही बढी नै शान्त देखिन्थे । दस बज्नुअघि नै उनीहरू शयनकक्षमा प्रवेश गरेका थिए ।

उनीहरू कोठाभित्र पसेपछि कामदेवले नै ढोका बन्द गरेका थिए । कोठामा भएको सोफामा राम्ररी अडेस लागेर कामदेव बसेका थिए । अर्को सोफामा केहीबेर बसेपछि रति भने उठेर बाथरुमतिर लागेकी थिइन् । बाथरुमबाट केहीबेरमै निस्किएकी रतिको शरीरलाई सुन्दर तर पारदर्शी नाइट गाउनले झनै सुन्दर पारेको थियो । कामदेवको अघिल्तिरको सोफामा बसेपछि रतिले केही लजाएर कामदेवतिर हेरेकी थिइन् ।

"तपाईं बाथरुम जाने होइन ?"

टेलिभिजन हेर्दै गरेको कामदेवले एक पटक रतिलाई राम्ररी हेरेका थिए । "अँ !" त्यसपछि कामदेव पनि बाथरुम प्रवेश गरेका थिए । निकैबेरपछि बाथरुमबाट बाहिर निस्केका कामदेवले आफ्ना कपडा फेरेका थिएनन् । नाइट सुटमा बाहिर आउने कल्पनामा बसेकी रतिले पूर्वकपडामै कामदेवलाई देख्दा अचम्मै लागेको थियो ।

त्यसपछि कामदेव बिछ्यौनामा गएर बसेका थिए । "रति, यहाँ आऊ त !" कामदेवको आवाज सुनेर पुलकित हुँदै रति कामदेवको नजिकै पुगेकी थिइन् । "मलाई केही सहयोग गर न है !" कामदेवले रतिको अनुहारमा हेर्दै केही हाँसेर भनेका थिए । "यी दाँत त्यो मगको पानीमा चोपलेर राखिदेऊ न ।" आफ्ना मुखबाट दाँत झिकेर रतिलाई

दिंदै आफैँले केहीबेरअघि बाथरुमबाट ल्याएको मगतर्फ कामदेवले देखाएका थिए । केही अचम्मित हुँदै रतिले कामदेवको निर्देशन पूरा गरेकी थिइन् ।

"रति, यो आँखा पनि त्यो ब्रिफकेसमा यसको बट्टा छ त्यसैमा हालेर त्यो टेबुलमा राखिदेऊ ।" कामदेवले चस्मा खोलेर आफ्नो एउटा आँखा झिकेर रतिका हातमा हालिदिएका थिए । आफ्ना हातमा आँखा थापेर रतिले पुन: कामदेवको निर्देशनको पालना गरिन् । आफ्ना हातमा दाँत समात्दाभन्दा पनि आँखा समात्दा उनलाई आफ्नो शरीरभरि काँडा उम्रेको अनुभूति भएको थियो ।

"रति, मेरो यो खुट्टा पनि त्यहाँ भित्तामा राम्ररी राखिदेऊ न है !" कामदेवले आफ्नो दाहिने खुट्टा पनि झिकेर रतिका हातमा राखिदिएका थिए । यन्त्रवत् रति कामदेवको निर्देशन पालन गर्दै थिइन् ।

"अब यो हात पनि टेबुलमा राखिदेऊ ।" कामदेवले आफ्नो देब्रे हात पनि रतिका हातमा राखिदिएका थिए । त्यसपछि भर्खरै मात्रै बाहिरी पोसाक खोलेका कामदेवलाई भित्री गन्जी र कट्टुमा मात्रै रतिले देखेकी थिइन् ।

रतिलाई आफ्नो शरीरभरि पसिनाको खोलो बगेझैँ भएको थियो । उनको सम्पूर्ण शरीर चिसिएको थियो । एउटा नराम्रो सपना देखिरहेको अनुभूतिले उनी डराएकी पनि थिइन् ।

"माफ गर्नोस्, म यो कोठामा सुत्न सक्तिनँ ।"

रतिले भनेकी थिइन् । त्यसै बेला कामदेवले होटेलको रिसेप्सनमा फोन गरेर नेपालबाटै रतिका नाउँमा उनले बुक गराएको अर्को कोठाको साँचो मगाइदिएका थिए ।

• **नेपाल** : २०६१

# श्री

'बिना साथ जाडोको रात' कसैलाई सराप्नुपर्दा यो पनि पीडादायी हुने रहेछ । अहिले मेरा रातहरू त्यस्तै बित्ने गरेका छन् । एउटी भएकी छोरी श्री पल्लो कोठामा छे । नाइटबल्बको उज्यालोमा भित्ते घडी हेर्छु, 'दुई बज्न लागेछ ।'

"मामु ! तिमी अझै निदाएकी छैनौ ?" त्यसै बेला मेरो कोठाको ढोका उघारेर श्री भित्र पसेकी थिई ।

"निद्रै लागेन, जीउ पनि तातेन ।" मैले जबाफ फर्काएँ । ऊ हतारिँदै बाथरुम पसी । उसको बुबा गएपछि श्री पनि मेरै कोठामा गाँसिएको बाथरुम प्रयोग गर्छे । दुई जनाको परिवारमा दुईवटा बाथरुम प्रयोग गरेर पानीको किन नाश गर्ने ? बाथरुम सफा गर्न उसले नभ्याउने हुँदा पनि ऊ मेरै बाथरुम प्रयोग गर्छे ।

"हटवाटर ब्याग राखिनौ ?" श्रीले बाथरुमबाट निस्केर मेरो पलङ्नेरि आएर सोधेकी थिई ।

"राखेकी छु, खुट्टा त तात्यो तर जीउै न्यानो छैन ।" मैले जबाफ फर्काएकी थिएँ ।

"मनमा कुरा खेलाएर होला ? केही नसोची चुपचाप निदाउने प्रयास गर त नत्र मामाले दिनुभएको पिल्स खाऊ न ! रातैभरि ननिदाउनुभन्दा त पिल्स खाएर भए पनि निदाउनु राम्रो भनेर मामाले सल्लाह दिनुभएको होइन त ?" श्रीले सिरकभित्र हात घुसारेर मेरो हात मुसार्दै भनेकी थिई ।

"त्यसले भनेर हुन्छ र ? ऊ त डाक्टर मान्छे खानु भन्छ नि औषधी ! यो औषधी खाएपछि बानी लाग्छ, अहँ म त खान्नँ । बरु तिम्रो पढाइ सकियो भने यतै आऊ न !" मैले उसको हात समात्दै भनेकी थिएँ ।

"मामु ! मेरो काम त भर्खर सुरु भएको छ । अब म अनुसन्धानको पछिल्लो चरणमा छु । लड्डूको रेकर्डर बनाइसकेपछि मेरो यो आविष्कारले पूर्ण रूप लिनेछ । तिमीले पनि केही त बुझेकी छौ नि ! यो 'लड्डू' को रेकर्डर तयार भएपछि संसारलाई कति काम लाग्नेछ । तिमीले गर्दा नै त म आज यस काममा लागेकी हुँ । तिमी चिन्ता नगर, राम्रोसँग निदाऊ र मेरो सफलताको सपना देख । म त भोलि बिहानभरि सुतेर निद्रा पुऱ्याउनेछु । तर तिमीलाई त सूर्योदयअघि उठनैपर्छ ।" श्रीले भनिसकी र मेरो निधार, गाला, ओठ र जतातत्तै चुम्बन गरी । 'मेरी प्यारी मामु ! अब तिमी निदाऊ है त ।' भनिसकेर ऊ गई ।

उसको कोठा अर्थात् त्यो उसको प्रयोगशाला नै हो । आज पनि ऊ सधैँ झैँ रातैभरि काम गर्नेछे ।

"मामु ! पढेर म के बन्ने होला ? बाबाजस्तो हाकिम कि ? काकाजस्तो पुलिस कि ? मामाजस्तो डाक्टर कि ? सानीमाजस्तो आईएनजीओको जागिरे कि ?" स्कुलमै पढ्दै गरेका बेला श्रीले एक दिन मसँग प्रश्न गरेकी थिई ।

"छोरी तिमीले वैज्ञानिक बन्नुपर्छ ।" त्यसै दिन मेरो मुखबाट फुत्त निस्केको थियो ।

"के हो वैज्ञानिक ? त्यस्तो त हाम्रो कोही छैन त मामु ?" श्रीले निर्दोष ठूलाठूला आँखाले मलाई कौतूहलतापूर्वक हेरेर प्रश्न गरेकी थिई ।

"त्यसैले त ऊन् तिमी वैज्ञानिक बन्नुपर्छ भनेको मैले, अरू कोही नभएको तिमी हुनुपर्छ ।" मैले हाँस्दै थपेकी थिएँ ।

"वैज्ञानिक भनेको अरूले थाहा नपाएको, नयाँनयाँ, संसारलाई काम लाग्ने विशेष किसिमका यन्त्र, उपकरण, औषधीलगायत विविध प्रविधिहरूको आविष्कार गर्ने मानिसलाई भनिन्छ ।" मैले श्रीको बाल्यजिज्ञासा पूरा गर्ने कोसिस गरेकी थिएँ ।

मैले त भनेँ र भनिसकेपछि अरू कतिपय कुराजस्तै यो कुरा पनि बिर्सिसकेकी थिएँ । तर हामीबीचको यो संवादले श्रीको मनमस्तिष्कमा साँच्चैको प्रभाव परिसकेको छ भन्ने कुरा मलाई त्यस बेला हेक्कै भएन । यसै प्रभावका कारण उसले कलेज पुगेपछि पनि रसायनशास्त्रलाई महत्त्व दिई र क्रमश: ऊ विज्ञानका गहनतम पाठहरूमा एकोहोरो हुन थाली । उसको कोठामा पुस्तकका ठेलीहरू त छँदै थिए । बिस्तारैबिस्तारै यन्त्र र उपकरणहरूको पनि उपस्थिति हुन थाल्यो । जसले गर्दा उसको सुत्ने कोठा प्रयोगशालामा रूपान्तरित भएको थियो ।

"मामु ! मेरा लागि लड्डू बनाइदिन सकिसिन्छ ?" कहिल्यै खानेकुराको फर्माइसै नगर्ने छोरीले त्यस दिन भान्सामा आएर अचानक लड्डूको कुरा गर्दा म छक्क परेकी थिएँ ।

"केको लड्डू ?" मैले उसलाई सोधेकी थिएँ ।

"जेको भए पनि मलाई लड्डू चाहियो, गुलियो, मीठो क्या... !" उसले आत्तिएर भनेकी थिई ।

"ए लाटी छोरी ! लड्डू भनेकै गुलियो, मीठो हुन्छ ।" मैले हाँसेर जबाफ फर्काएकी थिएँ ।

"ल, ल ! बनाइस्यो न त ! मलाई लड्डू चाहियो । कति बेरमा बन्छ लड्डू मामु ?" उसले निकै हतारिएर मसँग प्रश्न गरेकी थिई ।

“ल, ल म तिमीलाई तुरुन्त बेसनको लड्डू बनाइदिन्छु नि त है । कति ठूलो र कति ओटा बनाइदिऊँ भन त ? अनि एकैछिन पर्ख, तयार भइहाल्छ ।” ऊसँग कुरा गर्दै मैले ग्याँसमा कराही बसालेर बेसन भुट्न थालेँ ।

“अहिले चारपाँचवटा जति सामान्य साइजको लड्डू बनाइस्यो न मामु !” त्यसपछि श्री आफ्ना कोठातिर लागी ।

‘आज यसले किन लड्डू खान मन गरी ? भान्सामा खान बोलाउँदा पनि हत्तपत्त नआउने, धेरजसो त खानेकुरा नै कोठैमा पुऱ्याएर खुवाइदिनुसमेत पर्ने यो छोरीलाई कसरी आज लड्डूको स्वाद आयो ?’ कराहीमा हालेको बेसन भुटिरहेकी मेरो मनमा अनेक किसिमका कुराहरू पनि आइरहेका थिए । समग्रमा त्यस दिन मेरो मनमा छोरीले इच्छा गरेको लड्डू बनाएर उसलाई खुवाउन लागेको कुराले निकै उमङ्गित पारेको थियो । श्रीका बाबालाई पनि बेसनको लड्डू निकै मन पर्थ्यो । त्यसैले मैले झनै मन लाएर बेसनको लड्डू बनाएँ । आधा घण्टामा पाँचवटा लड्डू बनाएर दुइटा भगवान्लाई चढाएँ र बाँकी तीनवटा लड्डू रिकापीमा हालेर श्रीका कोठामा पुगेँ । श्री कम्प्युटरमै तल्लीन थिई ।

“लेऊ लड्डू !” मैले उसको कोठाभित्र पस्दै भनेकी थिएँ ।

“ए ! बनाइसक्यौ ! कति फास्ट मेरी मामु ! ल, ल त्यहीँ टेबुलमा राखेर जाऊ न है ।” उसले मलाई हेर्दै नहेरी कम्प्युटरमै डुबेर भनेकी थिई । उसले मेरै हातबाट लड्डू खाए हुन्थ्यो भन्ने मलाई लागेको थियो । अघि लड्डूका लागि त्यस्तो हतारिएकी छोरीले अहिले लड्डूतिर हेर्दै नहेरी मलाई ‘जाऊ’ भनेको सुन्दा मेरो मन भित्र कताकता अलिकति चसक्क दुख्न पनि खोज्यो । तर ऊ कम्प्युटरमा डुबेका बेला ऊसँग दोहोरो बोल्नै हुन्न । त्यसैले त्यस दिन पनि सधैँ झैँ म उसको आदेश पालन गरेर अमिलो मन पार्दै चुपचाप उसका कोठाबाट निस्किएकी थिएँ ।

"मामु, मामु !" उसको कोठाबाट म फर्केको पन्ध्र मिनेटजति भएको हुँदो हो ऊ मलाई खोज्दै भान्सामै आइपुगी ।

"के भो ?" उसको हातमा रिकापी थियो र रिकापीमा एउटा लड्डू थियो ।

"मामु ! यो लड्डू तिमी खाऊ न है !" उसले मायालु पाराले भनेकी थिई ।

"म खान्न, मलाई यो बेसनको लड्डू मन पनि पर्दैन । मैले तिम्रा लागि मात्र बनाएको हो नि ! तिमी नै खाऊ, तिम्रो बाबालाई मन पर्छ, तर कहिले आउने हो ? उहाँलाई पनि नराखिदेऊ ! पछि नै बनाइदिउँला ।" मैले अलि झर्केजसरी भनेकी थिएँ ।

"म त खान्छु नै, तर मेरा लागि तिमीले पनि एउटा लड्डू खानैपर्छ मामु ! उसले लाडिँदै मलाई अँगालोमा बेरी र लड्डू मेरो मुखमा कोचिदिई । लड्डूको स्वादमा उसको वात्सल्य घोलिँदा त्यस बेला मलाई पनि लड्डू मीठो लागेको थियो ।

"मामु ! अब तिमी मेरो कोठामा नआऊ है ! म आधा घण्टापछि आफैँ तिमीलाई बोलाउँछु अनि आउनू ।" त्यसपछि मलाई भान्सामै छोडेर ऊ आफ्ना कोठामा गई । उसको कोठाको ढोका बन्द भएको आवाज मैले सुनेकी थिएँ । प्राय:जसो ढोका खुल्लै राखेर बस्ने श्रीले आज किन ढोका लगाई ? मेरो मनमा झिनो प्रश्न उब्जिन खोजे पनि मैले त्यसलाई खासै महत्त्व दिइनँ । त्यसपछि म पनि आफ्नै कामधन्धामा लागेँ ।

"मामु ! मामु ! छिट्टो यता आइस्यो त !" उसले कोठाको ढोका खोलेर मलाई उसका कोठामा डाकेकी थिई ।

"अहिले हजुरले फ्रिजबाट दाल झिकेको है, तरकारी पनि हिजोकै झिकेको है । अनि गोलभेँडा र धनियाँको अचार पिसेको है । त्यसमा

तिमीले दराजबाट कालो पाउडर मिसायौ, तिमीले फ्रिजबाट हरियो खुर्सानी पनि झिकेर पिस्यौ है ! अनि चम्चाले झिकेर अलिकति चाख्यौ है ! नुन नपुगेको रैछ क्यार तिमीले नुन पनि थप्यौ है ।" उसको कोठाको ढोकामा उभिएकी उसले एउटा कागजमा लेखेका कुराहरू पढेर मलाई सुनाइरही । जुन कार्य मैले भर्खरै भान्सामा सम्पन्न गरेकी थिएँ ।

"हो, सबै कुरा मैले भान्सामा गरेकै हो; तर तिमी त यो कोठाको ढोका थुनेर यहाँ थियौ त, कसरी देख्यौ ?" मैले छक्क परेर उसलाई सोधेकी थिएँ । ऊ मुसुमुसु हाँसिरहेकी थिई ।

"ल हजुर यहाँ बसिस्यो ! म बाथरुम जाँदै छु है !" कम्प्युटरअघिको कुर्सीबाट उठेर त्यही कुर्सीमा मलाई बसाउँदै श्रीले भनेकी थिई ।

"अब यो कम्प्युटरमा जेजे देखिसिन्छ यो कागजमा टिपिस्योस् है त !" उसले मलाई कागज र पेन पनि थमाई । किबोर्डको कुनै की उसले थिचेकी थिई, लगत्तै श्री कोठाबाट बाहिरिई र उसले बाथरुमको ढोका लगाएको सुनियो । म अचम्म परेर कम्प्युटरको स्क्रिनमा हेरेर बसेँ । श्री बाथरुमतिर जाँदै गरेको दृश्य पनि कम्प्युटरको स्क्रिनमा देखिएको थियो, उसले बन्द गरेको ढोका र बाथरुमभित्रकी श्री पनि देखिई । ऊ कमोडमा बसेकी अनि सबै दृश्य देखिइरहेको थियो । श्रीले भनेको जस्तै दृश्यमा देखिएका सबै कुराहरू मैले कागजमा टिपिरहेँ । कमोडमा बसेकी श्री दुवै हात हल्लाउँदै हाँसिराखेकी थिई । श्रीले म रिसाएको बेला मुख बन्द गरेर गाला फुलाउँदै मलाई गिज्याएर हँसाउने गरेको पनि उसले नक्कल गरी । त्यसपछि बाथरुमको ढोका उघारेर श्री म भएठाउँमा आएकी थिई । म छक्क परेर हेरिरहेँ ।

"कसरी श्री ! सीसी क्यामेरा पनि जडान गरेको छैन । कसरी देखियो सबै कुरा ?" आश्चर्यचकित मैले उसलाई सोधेकी थिएँ ।

"लड्डू खाएपछि भएको मामु, लड्डू ! तर मैले रेकर्डर बनाउन सकेकी छैन मामु ! रेकर्डर नभएपछि कसले पत्याउँछ र ?" श्रीले चिन्तित हुँदै भनी ।

"अनि लड्डूले कसरी... ?" मेरो कौतूहल शान्त भएको थिएन । उसले पल्लो टेबुलमा भएको एउटा कचौरा देखाई ।

"मामु यो भोल छ नि ! यसै भोलमा तिमीले बनाएको लड्डू चोपलेकी थिएँ । काम यो भोलले गरेको हो । तर यो भोल खुवाउन अप्ठेरो हुने भएकाले यो लड्डू चोप्नु मलाई ठीक लाग्यो ।" श्रीले उत्साहित हुँदै भनेकी थिई ।

"त्यसो भए त जसको विषयमा पनि यही कोठामा बसीबसी जानकारी पाइने भइयो अब !" मैले आश्चर्यमिश्रित खुसी प्रकट गर्दै श्रीलाई सोधेकी थिएँ ।

"हो नि ! अब बाबालाई पनि यो लड्डू खुवाउनुपर्छ । हजुर केही नभन्नू नि अहिले, सरप्राइज दिनुपर्छ । अब आज कान्छी दिदीलाई खुवाउने है ! कुन बेला आउँछिन् कान्छी दिदी ?" श्रीले हतारिँदै मलाई सोधेकी थिई ।

"तिम्रो बाबाले त हिजो मात्र मोबाइल गरिस्सेको होइन, 'काम सकिएको छैन, अझै एक हप्ता लाग्छ जस्तो छ' भन्दै होइसिन्थ्यो नि ! कान्छी त आउने बेला भयो । बरु हिँड न तिमी, हामी भात खाइहालौँ । उसले आएर भाँडा माझ्छे नि !" सधैँजसो भात खान भनेपछि ढिलो गर्ने श्रीलाई मैले भात खाइहाल्न मनाएँ ।

हामीले भात खाइसक्दानसक्दै कान्छी आइपुगेकी थिई । ऊ सधैँ झैँ हातले भाँडा माझिरहेकी थिई र मुखले आफूले भोगेको पीडा मेरा सामुन्ने पोखेर हलुङ्गो हुने प्रयास गरिरहेकी थिई । वैदेशिक रोजगारीमा गएको पति उतै बितेको खबर पाएपछि उसबाट जन्माएका असमयका दुई लालाबाला हुर्काउने एक्लो अथक प्रयासमा थिई कान्छी ।

भर्खरै मात्र यौवनको सुरुवात हुन लागेकी कान्छीको बैँसमाथि अधबैँसे ससुराले आँखा गाढेको कुरा सासूले चाल पाएर बुहारीचाहिँ सासूकी आँखाको कसिङ्गर भइसकेकी थिई । सासूको आँखा ओझेल हुनासाथ ससुराले बुहारीलाई गिजोल्न खोज्थ्यो । कान्छीको विरोधपछि अर्कै कहानी गढेर बूढोले स्वास्नीका कान फुकिदिन्थ्यो । जसको प्रतिफल कान्छीले सासूको प्रताडनाको सिकार प्राय:जसो हुनै पर्थ्यो । छोराछोरीको प्रेममा फसेकी कान्छी सासूससुराको हिंसा सहन बाध्य थिई । कान्छीले दैनिकैजसो आफ्नो कथा सुनाउँदासुनाउँदा मलाई उसको कथाव्यथा कण्ठाग्र नै भएको थियो । त्यस दिन पनि त्यसरी नै कान्छी मसँग आफ्नो मन बिसाउँदै थिई ।

"कान्छी दिदी ! आज घर जाने बेलामा मलाई भेटेर मात्र जानुस् है ! आज मामुले मीठो लड्डू बनाउनुभएको छ । तपाईंका लागि पनि मैले राखिदिएकी छु ।" श्रीले भान्साको ढोकामा आएर भनेकी थिई ।

"हवस् मैयाँ !" मेरा अघिल्तिर कान्छीले भनेकी थिई ।

"मेरा केटाकेटीलाई पनि एकोटा दिनु न है मैयाँ ।" काम सकेर घर जाने बेलामा मैले नसुन्ने गरी कान्छीको मातृत्व श्रीसँग अपेक्षित भएको थियो ।

"आज थोरै थियो, तपाईं मात्रै खानुस् कान्छी दिदी ! अर्को दिन मामुलाई धेरै बनाउन लाउँछु, अनि तपाईंका छोराछोरीलाई पनि लैजानुहोला है !" श्रीले हाँसेर उसलाई फकाएकी थिई । त्यसपछि श्रीले त्यस दिन आफ्नै हातले त्यो लड्डू कान्छीको मुखमा हालिदिएकी थिई ।

"लड्डू त साँच्चै मीठो रहेछ मैयाँ ।" लड्डूको स्वाद लिएर खाइसकेपछि कान्छीले भनेकी थिई । एकैछिन बसेर कान्छी बिदा भएकी थिई ।

"यो लड्डूको प्रभाव चारदेखि पाँच घण्टा मात्रै हुन्छ मामु ! आऊ अब कान्छीलाई हेरौँ ।"

त्यसपछि कान्छीको गतिविधि हेर्न हामी आमाछोरी कम्प्युटरको अघिल्तिर बस्यौँ । कान्छी मूल सडक, गल्ली गर्दै खोलाको किनारको सुकुम्बासी बस्तीको एउटा पक्की घरको बरन्डामा पुगी । बरन्डामा एउटा थोत्रो मुडामा एउटा अधबैँसे पुरुष चुरोट तानिरहेको देखियो ।

"आइपुगिस् कान्छी, कति बेर गरेकी ? तेरो बाटो हेर्दाहेर्दै मेरो आँखै टटचायो मोरी, आज त ।" अधबैँसेले बोल्दाबोल्दै कान्छीको नारीमा च्याप्प समात्यो ।

"के गरेको बा ?" अधबैँसेको हात झट्कारेर कान्छी कोठाभित्र पसी ।

"कसकसलाई तेल लगाएर आइस ? मेरो पनि ढाड दुखेर मर्ने बेला भा'छ, आज मेरो ढाडमा पनि मालिस लाइदे न कान्छी !" अधबैँसे कान्छीका पछिपछि पसेर भित्रबाट ढोका बन्द गरेको थियो ।

"ए बा, किन ढोका लगाएको हँ ? आमालाई भन्दिन्छु । छिटो ढोका खोल्नुस् ।" कान्छी रुन्डैरुन्डै चिच्च्याएको आवाजमा बोलेकी थिई ।

"हेर कान्छी ! तेरी सासू उसकी आमा सारै छिन् भनेर माइत गएकी छे, भोलि मात्र आउँछे । तेरा छोराछोरी स्कुलबाट आउने बेला भएको छैन । वल्लोपल्लो कोठाका मान्छे पनि कामकाममा गएका छन् । तैँले चिच्च्याए पनि कराए पनि कोही आउनेवाला छैनन् । खुरुक्क भनेको मान् । तँ पोइटोकुवीको कुरा मेरी स्वास्नीले सुन्ने छैन । बरु उसले तँलाई घरबाट निकाल्छे ।" चारैतिर विजयको खाँबो गाढेर सिकार कैद गरेको मदले त्यो अधबैँसे धीत मारेर घृणित हाँसो हाँस्यो ।

"तैँले हल्ला गरिनस भने यो कुरा कसैलाई थाहा हुँदैन । आइज खुरुक्क भनेको मान ।" बाजले परेवा झम्टेझैँ ससुरो बुहारीमाथि झम्टचो ।

"थुक्क पापी, यस्तो पापी कर्म त मरे पनि गर्दिनँ ।" कान्छीले ससुरोको चङ्गुलबाट उम्किने प्रयत्न गर्दागर्दै भनेकी थिई । अधबैँसे भए पनि लोग्नेमान्छे बलियो थियो । आइमाई भए पनि कान्छी तरुनी थिई त्यसैले कमजोर थिइन । दुवैको घम्साघम्सी परेको थियो ।

कसोकसो कान्छीको दाहिने हात घाँस काट्ने खुर्पामा परेको थियो । ससुरोले कान्छीको इज्जतमाथि धावा बोल्ने क्रममा आफ्नो होसहवास सबै बिर्सेको थियो । त्यसै बेला कान्छीले खुर्पाले ससुराको घुच्चुकमा छेडेकी थिई । कान्छीले न्वारानदेखिको बल लगाएर छेडेकीले ससुराको घिच्रोमा खुर्पाको चुच्चो निकै भित्रसम्म धँसेको थियो । गर्दनको मूल नसो काटिएर हो वा किन हो ससुरो लगत्तै निस्तेज भएको थियो । त्यत्रो चुरीफुरी भएको अधबैँसे एकैछिनमा लल्याकलुलुक भएको थियो ।

कम्प्युटरको स्क्रिनमा लड्डूको प्रभावले देखिएको कान्छीमाथि परेको घटना प्रत्यक्ष देखेका हामी आमाछोरी स्तब्ध भएका थियौँ ।

"लौन श्री के गर्ने अब ?" केहीबेरमा मैले आत्तिएर श्रीलाई सोधेकी थिएँ ।

"कान्छी आपत्मा फसी अब के गर्छे ? हामी जाऊँ न कान्छीको घरमा । कान्छीलाई ससुरा मारेको दोष लाग्छ । उसले मारेकी त होइन नि, हामीले देखेका छौँ । उसले आत्मरक्षा गरेकी हो ।"

म लगत्तै कान्छीको घरमा जान तयार भएकी थिएँ ।

"मामु, यो घटना घटिसक्यो । हामीले देखेको भनेर कसैले पत्याउने छैनन् । हामीसँग यस घटनाको रेकर्डर छैन । हामी कान्छीको

घरमा गएर पनि कान्छीलाई बचाउन सक्दैनौँ मामु ! अदालतले प्रमाण माग्छ । हामीसँग केही प्रमाण छैन ।" श्रीका कुरा सुनेर मेरा हातखुट्टा गलेका थिए । आफैँले जन्माएकी सानी छोरी आज धेरै ठूली भएर मलाई सिकाउँदै थिई । छोरीको बुद्धिमतापूर्ण कुरा सुनेर पनि आपत्मा परेकी कान्छीलाई सम्झेर म त्यस दिन रमाउन सकेकी थिइनँ ।

'परपुरुषसँगको सम्बन्धका कारण बुहारीद्वारा ससुराको हत्या प्रयास' भोलिपल्टको राष्ट्रिय दैनिकमा कान्छीको समाचार छापिएको थियो । प्रहरी नियन्त्रणमा राखिएकी कान्छीलाई हामी भेट्न गएका थियौँ ।

"बूढो बेहोस मात्रै भएको रहेछ । गाउँलेले बूढीलाई खबर गरेर बोलाइदिए । बूढीलाई बूढाले मेरो हुँदै नभएको कुरा लायो र सबै छिमेकी र पुलिसलाई पनि रुँदै मलाई झूटो लाञ्छना लायो । सबैले उसैका कुरा पत्याए । तर धरोधर्म मालिक्नी मेरो कसैसँग केही नराम्रो सम्बन्ध छैन । सबै पापी बूढाको करतुत मात्रै... !" कान्छी बोल्दाबोल्दै भक्कानिएकी थिई । उसका कुराले मेरा पनि आँखा रसाएका थिए र मन गह्रौँ भएको थियो ।

"मामु, मैले अब मेरो आविष्कारलाई प्रकट गर्न रेकर्डर बनाउनैपर्छ । अनि मात्र मेरो मिहिनतले सार्थकता पाउनेछ । त्यतिन्जेलसम्म यो आविष्कारबारे कसैलाई पनि नभन है ! हेर न, आज हामीसँग रेकर्डर मात्र हुन्थ्यो भने हामीले कान्छीलाई बचाउन सक्थ्यौँ र त्यो पापी बूढोलाई सजायँ दिलाउन सक्थ्यौँ ।

एक हप्तापछि श्रीका बुबा जिल्ला भ्रमण सकेर फर्केका थिए । श्री र मैले सल्लाह गरेर एक दिन फेरि लड्डू बनायौँ । सधैँसधैँ झैँ केही दिन हामीसँग बसेपछि श्रीका बुबाको जिल्ला भ्रमणमा जाने समय भयो । त्यस दिन पनि मैले उनको कुशल मङ्गलको कामनाका

साथ साइतको सामाग्री तयार गरें । त्यस दिन श्रीले आफ्नै हातले आफ्नो बाबालाई बढो प्रेमका साथ लड्डू खुवाएकी थिई ।

निश्चित समयमा टचाक्सी आइपुगेको थियो । मैले ठिक्क पारिदिएको लगभग एक हप्ताको औषधी, लुगाफाटा र सरसामानको ब्याग र सुटकेसका साथमा उनी सधैँ झैँ टचाक्सीमा चढेका थिए । उनलाई बिदाइको हात हल्लाइसकेपछि नियमितजस्तै मूल ढोका थुनेर श्री र म घरभित्र पसेका थियौँ । श्रीका बाबाको यो वर्षौंको नियमितताको हामीलाई पनि बानी नै परिसकेको थियो । उनी घरमा थोरै दिन र जिल्ला भ्रमणमा धेरै दिन बिताउँथे । उनको कार्यालयको कामको प्रकृति नै त्यस्तै छ भनेपछि त्यसमा मैले पनि कहिल्यै गुनासो गरिनँ । श्रीका बुबालाई सधैँ झैँ बिदा गरे पनि आज हामी आमाछोरी उनको गतिविधि हेर्ने उत्साहमा थियौँ । त्यसैले हामी उनलाई बिदा गर्नासाथ श्रीको कम्प्युटरका अघिल्तिर पुगेका थियौँ ।

श्रीले बाबालाई सरप्राइज दिन भनेर एउटा नयाँ सुन्दर डायरी किनेर ल्याएकी थिई । 'मेरो प्यारो बाबालाई विशेष उपहार' उक्त डायरीको पहिलो पानामा उसले लेखेकी थिई ।

त्यसै डायरीको दोस्रो पाना पल्टाएर उसले लेख्न थाली । 'घट्टेकुलोबाट बत्तिसपुतली हुँदै गएको टचाक्सी गौशाला पुगेर एयरपोर्टतिर लाग्नुपर्ने चाबेलतिर मोडिएको थियो । मित्रपार्कमा पुगेपछि अम्बे अपार्टमेन्टको गेटमा टचाक्सी पुग्यो ।'

'अर्को साथी पनि सँगै जाने रहेछन् क्यार, बूढाले मलाई भन्न बिर्से होलान् ।' मलाई लागेको थियो ।

'अम्बे अपार्टमेन्टमा पुगेपछि श्रीका बुबाले भाडा तिरेर टचाक्सीलाई बिदा गरे । अनि एक हातमा ब्याग झुन्डचाउँदै अर्को हातले सुटकेस गुडाउँदै उनी अपार्टमेन्टभित्र छिरे । लिफटमा पुगेर कुन तलाको स्विच दबाएका हुन् ठम्याउन सकिएन । केहीबेरमै

उनी एउटा ढोकाअघिल्तिर उभिएर कलिङबेल थिच्दै थिए । तुरुन्तै ढोका उघ्रियो । श्रीकै समवयकी सुन्दरी युवतीले ढोका खोलेकी थिई । युवतीको मुस्कानसँगै श्रीका बुबाले आफ्नो मुस्कान मिसाएका थिए ।

ढोकाभित्र पसेपछि श्रीका बुबाले ढोका बन्द गरेका थिए भने श्रीका बुबाका सामानहरू युवतीले भित्र लगेकी थिई । त्यस कोठामा अरू कोही थिएनन् ।

सानो तर निकै चिटिक्क परेको बैठक कोठाको सुन्दर सोफामा श्रीका बुबा आरामसँग जीउ तन्काएर बसेका थिए । सामान थन्क्याएर फर्केकी युवती अनुहारमा निकै गम्केको भावका साथ श्रीका बुबाकै छेउको सोफामा बसेकी थिई ।

"यता आऊ न ! नजिकै आऊ ! तिमी नजिक आउनका लागि म कति सङ्कट पार गरेर आउँछु । आफूलाई कुन बेला भेटौँ, कहिले बोलौँ, कहिले छोऔँ हुन्छ । ऊ भने कति पर बसेकी !" युवतीको पाखुरामा समातेर श्रीका बुबाले त्यस युवतीलाई आफ्नो काखमा राखेका थिए । उनीहरू दुवैको अनुहार एकअर्काको टाउकोले छोपिएको थियो ।'

"भयो श्री भयो ! अब बन्द गर ! बिन्ती छ कम्प्युटर बन्द गर !" म चिच्च्याएकी थिएँ । श्रीको कलम भुइँमा खसिसकेको थियो । केहीबेरअघि मात्र उसले उत्साहले लेखिरहेको डायरी पनि भुइँमै खसेको थियो । त्यसपछि उसले त्यस दिन कम्प्युटर पनि बन्द गरेकी थिई ।

श्रीले त्यसपछि केही दिनसम्म कम्प्युटर खोल्नै सकिन । एक हप्तापछि जिल्ला भ्रमण सकेर फर्केका श्रीका बुबासँग मैले नै पारपाचुकेको प्रस्ताव राखेँ । त्यसअघि श्रीले लेख्दालेख्दै अधुरै छोडेको डायरी मैले नै उनलाई दिएकी थिएँ । डायरी पढेर हतप्रभ भएका

उनले मनगढन्ते कथा हालेको भनेर श्री र मलाई गाली गरेका थिए । तर हामी दुवै उनीसँग पटक्कै बोलेनौँ । श्री उनकै अघि धुरुधुरु रोएकी थिई । कैय्यन् रात रोएपछि मेरो आँसु भने सुकिसकेका थिए ।

"मामु, म अब आविष्कारको काममा लाग्दिनँ, मेरै आविष्कारका कारण तिम्रो र बाबाको सम्बन्ध विच्छेद भयो ।" श्रीलाई मैले आफ्नो अध्ययनमा लाग्न सम्झाउँदा उसले निकै रुन्चे भएर भनेकी थिई ।

"छोरी तिम्रो आविष्कारले नै मलाई एउटा झूटो सम्बन्धबाट मुक्ति दिएको छ । तिमीले तिम्रो यो आविष्कारलाई पूर्णता दिनैपर्छ र तिमीले संसारका लागि आवश्यक नयाँनयाँ मुक्तिमार्ग प्रशस्त गर्ने धेरै आविष्कार गर्नुपर्छ ।" मैले दृढतापूर्वक भनेकी थिएँ । केही दिनको पलायनपछि मैले नै पुन: उसलाई प्रयोगशालामा फर्काएकी थिएँ ।

त्यसैले अहिले पनि श्री आफ्नो अध्ययनमा लागिपरेकी छे ।

• **युवामञ्च** : २०७१

# यन्त्रपोसाक

त्यस बेला संसारभरि फैलिएको प्रदूषणले पृथ्वीलाई पृथ्वीको सही स्वरूपमा रहन दिएको थिएन । युद्धको विकरालताले अझै समाधानको गति समातेको थिएन । एउटाको अडान र अर्कोको घमन्डका कारण सुरु भएको युद्धको आगोमा सम्पत्तिद्वारा किन्न सकिने शक्तिका गुलामहरूले घिउ थप्ने काम गरेकाले पनि युद्धको आगो निरन्तरतातर्फ अभिमुख हुँदै गइरहेको थियो । जे भए पनि पृथ्वीलाई पृथ्वीजस्तो अलिकति पनि रहन दिएन विज्ञानले । अब मनमोहक हरियाली, कञ्चन छहरा, कलकल बग्ने नदीनाला, शीतल वायु, रङ्गीबिरङ्गी फूल, अनेक किसिमका पक्षी अर्थात् यावत् जीवात्मा कसैको पनि अस्तित्वसम्म रहन सकेन पृथ्वीमा । त्यसैले प्रकृति, सुन्दरता, स्वाद, गन्ध, खुसी, आनन्दजस्ता कुराहरू इतिहासमा विलीन भइसकेका थिए । त्यस बेला संसारमा मृत्यु पर्खिरहेका केही लाख क्षत-विक्षत मानिसहरू मात्र थिए र हजार-पन्ध्र सय व्यक्तिहरू मात्र स्वस्थ थिए । पृथ्वीको रूप करोडौँ वर्ष पुरानो अभिशप्त खण्डहरजस्तो थियो । दन्त्यकथामा राक्षसले ध्वस्त पारेको जस्तो संसारका सम्पूर्ण देशहरूका सुनसान सहरहरूमा कतैकतै मृत्युको कामना गरेर तड्पिरहेका मानवहरूको आर्तनादसिवाय कुनै स्वर सुनिँदैनथ्यो । मानिसको आविष्कार र अहङ्कारको नतिजास्वरूप स्वयम्लाई नै चपाइसकेर पनि अऊ अघाउन सकिरहेको थिएन मानिस ।

विकसित राष्ट्रको कुनै एउटा सहरमा प्रदूषणमुक्त घरभित्र एलिनाको पाँच सदस्यीय परिवार थियो । परिवार भन्नाले एलिनाको वैज्ञानिक पति अङ्कुश, उनीहरूका दुई सन्तान मिलन र युद्ध, तथा उनीहरूमध्येका प्रौढ व्यक्तित्व मि. शर्मा थिए । ठूली छोरी मिलन, पूर्वी तथा पश्चिमी जर्मनीको पर्खाल भत्किएकै दिन जन्मिएकी थिई । त्यसै गरी इराकमाथि बहुराष्ट्रिय सेनाले आक्रमण गरेको दिन जन्मेको छोरोको नाम उनीहरुले युद्ध राखेका हुन् । र मि. शर्मा उनीहरूका रगतका नातेदार नभए पनि एलिनासँग उनको आत्मीय सम्बन्ध भएको कुरा स्वयम् अङ्कुशले पनि स्विकारिसकेका थिए । अहिले एलिनाका रगतका नातेदारमध्ये कोही जीवित छैनन् न मि. शर्माकै छन् । त्यसो त शोधकार्यका लागि अमेरिकाको क्यालिफोर्निया राज्यमा आएको बेला आणविक प्रदूषणको सिकार भएर मरणासन्न अवस्थाका मि. शर्मालाई अङ्कुशले फेला पारेका थिए । मि. शर्मालाई पूर्ण स्वस्थ पार्न नसके पनि जीवित राख्ने क्रममा अङ्कुशको सफलता स्वीकार्न योग्य थियो ।

एलिना र मि. शर्माको सम्बन्धलाई लिएर धेरै वर्षअघि जिउँदोजाग्दो पृथ्वीमा निकै चर्चा चलेको थियो । त्यसताका भन्नेहरूले जतिसुकै फोहोरी र उच्छृङ्खल विचार फैल्याए पनि एलिनालाई केवल आफ्नो मृत पिताका मित्रहरूमध्येका एक जना मि. शर्मासँग पितृवत् सम्बन्ध रहेको मात्र स्वीकार्य छ । त्यसो त पिता स्वर्गवास हुनुअघि मि. शर्मासँग यस्तो घनिष्ठता थिएन एलिनाको । मानिस पीडाको विकट मरुभूमिमा रनथनिएको बेला स्नेहको एक थोपा मात्र अमृत घडा रसाएमा पनि जीवनभर ऊ ऋणी रहने गर्दो रहेछ । एलिनाले मि. शर्माबाट यस्तै अमूल्य अनुभूति पाएकी थिई । पिताको स्वर्गवासपछि पिताका दर्जनौ मित्रहरूमध्ये विक्षिप्त एलिनाको शिरमाथि हात राख्ने मि. शर्मा मात्र एक्लो व्यक्तितत्व थिए । भावनात्मक संवेगमा त्यस बेला एलिनाले मि. शर्मालाई आफ्नै पिताको प्रतिरूप

सम्झँदै अँगालो मारेर रोएकी थिई । मि. शर्माको छातीमा आँसु बगाउँदा उसको मनको अथाह वेदनाले पोखिने बाटो पाएको थियो । यिनै घटनाका प्रत्यक्षदर्शीहरूले त्यो सम्बन्धलाई स्त्रीको परपुरुष सम्बन्ध ठहऱ्याएर कृतघ्नहरूले एलिनाको सस्तो बदनामीसमेत गर्न खोजेका थिए । कुनै पनि लोग्नेमानिस र स्वास्नीमानिसबीच हुन सक्ने पवित्र सम्बन्धबारे पनि सोच्नै नसक्ने फोहोरी मानसिकता भएका ती मानिसहरूको सङ्कीर्णताले त्यस बेला उसको आलो घाउमा ठेस पनि लागेको थियो र अहिले ती गरिब मानसिकताहरूप्रति दया लागेर आउँछ उसलाई । किनभने यस बेला ती स्वार्थी मित्रहरू शून्यतामा विलीन भइसके । अब तिनको आत्माको चिरशान्तिको कामना गर्नु एक मात्र कर्तव्य सम्झेकी थिई एलिनाले ।

यसरी एलिनाको परिवारमा मि. शर्मा पाँचौँ सदस्यका रूपमा भित्रिएका निःसहाय व्यक्ति थिए । मि. शर्मा जीवनको यो बदलिँदो परिस्थितिमा मानवसंहारको दुर्घटना र आफ्नो परिवारको पृथ्वी विलयपछि अङ्कुशद्वारा दान पाएको जिन्दगीसित सम्झौता पनि गर्न सकिरहेका थिएनन् । यसरी उनी एलिनाकै पारिवारिक सदस्यका रूपमा स्विकारिएका व्यक्ति भए पनि मानसिक रूपबाट चाहिँ 'एडजस्ट' गर्न असमर्थ भएको महसुस गर्थे आफूलाई । त्यसो त आफ्नै छोरीले भन्दा पनि बढी सेवाशुश्रूषा र स्नेह पोखेकी थिई एलिनाले । तैपनि एकान्त क्षणमा विरक्तिनसिवाय केही गर्न सकिरहेका थिएनन् उनी । कतिकतिखेर मास्क खोलेर आफू पनि शून्यमै विलीन हुने इच्छा हुन्थ्यो उनलाई । तर पनि एलिना, अङ्कुश, मिलन र युद्धको प्रेमपूर्ण व्यवहारको कारण उनीभित्र पीडापूर्ण जीवनको पनि अलिकति मोह पलाएर आउँथ्यो ।

मिलन र युद्धले मानवजीवनको कहानी आफ्नी आमाबाट सुन्ने गरेका थिए । एलिनाले सत्ययुगको कथा आफ्नी हजुरआमाको मुखबाट सुनेजस्तै आफूले बिताएका पृथ्वीका सुखपूर्ण जीवनका कथा हाल्ने

गर्थी । मिलन र युद्धले अधिकांश समय कम्प्युटर खेलेर, रोबोटसँग जिस्किएर, पुराना फिल्महरू हेरेर र बितेका समयको कहानी आफ्नी आमाको मुखबाट सुनेर बिताउने गर्थे । उनीहरूको विद्यालय, खेलमैदान, साथीसङ्गी जे भन्नु पनि यही घरभित्रै थियो । घरको मूल ढोका स्वचालित कोड नम्बरबाट खुल्ने र बन्द हुने गर्थ्यो र त्यो नम्बर अङ्कुशले आफूसँग मात्र राखेका थिए । कुनैकुनै बेला अङ्कुशको अनुमतिमा एलिना उनीहरूलाई विशेष किसिमको गाडीमा घुमाउन लग्ने गर्थी । त्यस बेला मिलन र युद्ध कुनै आश्चर्य प्रकट नगरी झ्यालबाट चुपचाप घरबाहिरको संसार अवलोकन गर्थे, यस्तो स्थितिमा एलिनाको छाती भक्कानिएर आउँथ्यो । चिडियाखानाको काँडेतारभित्रका खरानीका थुप्रा देखाएर छोराछोरीलाई विगतमा भएका जनावरहरूको आकृति, सुन्दरता र व्यवहारबारे बयान गर्दा उनीहरूले नपत्याएझैँ उसको मुखमा हेर्दा उसलाई असाध्यै नमीठो अनुभूति हुन्थ्यो । स्विमिङ पुल देखाएर पानीमा हुने माछाको बयान गर्दा उनीहरू अलमल्ल परेर एलिनाको मुख ताकेर हेर्ने गर्थे । चराचुरुङ्गीको रङ्गीचङ्गी र फूलको सुन्दरता-सुगन्ध केही पनि थाहा थिएन उनीहरूलाई । भव्य होटेलहरू र त्यहाँ बिताएका लन्च र डिनरका स्वाद पनि बुझ्दैनथे उनीहरू । ऊ यस्तो क्षणहरूबाट भागेर भयभीत हुँदै आफ्ना छोराछोरीकै भविष्यप्रति केन्द्रित हुन पुग्थी । यिनीहरू पनि निर्जीव स्वचालित मेसिन मात्रै भएजस्तो लाग्थ्यो उसलाई । यसरी एलिनाको मातृत्व आगोको ज्वाला बनेर उकुसमुकुसिई भित्रभित्रै दन्किरहन्थ्यो । केवल लक्ष्यहीन थियो उसको गति ।

अङ्कुशको अधिकांश समयचाहिँ प्रयोगशालामै बित्ने गर्थ्यो । पच्चीस वर्षदेखि उनी एउटा उच्चतम प्रयोगमा साधनारत थिए । बीस वर्षको अवधिमा पारिवारिक बन्धन र व्यस्तताले अनुसन्धानलाई पूर्ण समय दिन सकेका थिएनन् । आफूले थालेको अनुसन्धानलाई पूर्ण गर्न पाए पृथ्वीको सर्वनाश रोक्न सकिने विश्वास लिएका अङ्कुश

संसारभरिका आणविक अस्त्र क्षेप्यास्त्रलाई नष्ट पारेर पृथ्वीलाई पूर्ववत् प्राकृतिक अवस्थामा पुऱ्याउन सक्ने किरणको अनुसन्धानमा केन्द्रित थिए । उनी यस्तो किरण बनाइरहेका थिए जसको प्रभावले संसारका सम्पूर्ण जीवात्माघाती अस्त्र तथा क्षेप्यास्त्रहरू सर्वप्रथम तरल बन्नेछन् त्यसपछि बिस्तारैबिस्तारै बाफ भएर पृथ्वीको शून्यमा विलीन हुन पुग्नेछन् । त्यसबाट पृथ्वीको पर्यावरणलाई सकारात्मक प्रभाव पर्छ र पृथ्वी पुन: प्राकृतिक अवस्थामा पुग्छ । अँ, यसबाट मानवजातिले केही गुमाउनु पनि पर्नेछ त्यो के भने विज्ञानले दिएका सम्पूर्ण सुखसुविधाबाट पनि वञ्चित हुनुपर्नेछ । उसको आविष्कार सफल हुनासाथ पृथ्वीको प्राकृतिक रूपसँगसँगै मानवजाति प्राचीन अवस्थाबाट पुन: सुरु हुन्छ ।

विज्ञानको चरमोत्कर्षले मानव-संहार गरेको यथार्थ भोगेपछि अब विज्ञानबाट धेरै टाढा प्रकृतिकै काखको स्पर्श प्रिय लागेको थियो अङ्कुशलाई । त्यसैले यस बेला उनको तन, मन, धन यसै अनुसन्धानमा केन्द्रित थियो । यन्त्रपोसाक पहिरेपछि परिवारलाई समय दिनुपर्ने आवश्यकता नै रहेको थिएन अब । आणविक प्रदूषणको प्रकोप नबढुन्जेल खाना खाने टेबुलमा र एलिनासँगको एकान्तवासमा समेत सहभागी बन्ने गर्थे अङ्कुश । त्यस बेला परिवार र अनुसन्धानमा झन्डै बराबरी बाँडेका थिए आफूलाई । तर जबदेखि पृथ्वीको अक्सिजन र प्राकृतिक खाना खानाले अरबौँ मानिसको ज्यान जान थालेपछि यन्त्रपोसाकभित्र बाँचेका आफू र आफ्नो परिवारसँग उनको खास औचित्यै पनि रहँदैनथ्यो । उनीहरूले एकअर्काको मुख नदेखेर र छालाको स्पर्श नगरेरै पनि धेरै समय बितिसकेको हुन्थ्यो । समयको अन्तरालमा मिलन र युद्धको उचाइ बढेकाले यन्त्रपोसाकको साइज बढाउने क्रममा प्रयोगशालामा बेहोस पारेर उनीहरूको वास्तविक शरीर देखेका थिए अङ्कुशले । यन्त्रभित्रका उनका आँखाहरूले अघाउँजी हेरेर फलामका पन्जाहरूले छोराछोरीको छाला सुमसुम्याएका थिए ।

छातीमा परेको भक्कानु आँखाबाट निस्कन सक्दैनथ्यो– अनुभूति पनि निर्जीव थियो ।

यदि अङ्कुशले यन्त्रपोसाकको आविष्कार नगरेका भए संसारका अरबौँ मानिसहरूसरह एलिनाको परिवार पनि ध्वस्त भइसक्ने थियो । युद्ध सुरु हुनु धेरै अघि उनले यो पोसाक तयार गर्ने कार्य थालेका थिए । अचानक उनको मनमा संसारमा भयानक प्रदूषणको कल्पना उब्जेको थियो र त्यसबाट बाँच्ने र बचाउने पोसाकको निर्माणमा उनी कैय्यन् वर्षसम्म साधनारत भएका थिए । अन्ततः उनको साधनाले उनको कल्पनालाई साकार तुल्याएको थियो । यन्त्रपोसाकका धेरै विशेषताहरू थिए, जस्तो कि त्यो पहिरिने व्यक्ति पृथ्वीको धरातलमा उभिए पनि उसलाई पृथ्वीको कुनै तत्त्वले असर पार्दैनथ्यो । पृथ्वीको कुनै तत्त्वसँगको सहयोगबिना नै पोसाकधारी अविच्छिन्न जीवित रहन सक्थ्यो । पोसाक पहिरिउन्जेल वा पोसाकमा कुनै खराबी नभएसम्म पोसाकधारीको मृत्यु, रोग, भय, भोक, प्यास, विषयवासना, माया, प्रेम इत्यादि सम्पूर्ण पृथ्वीजन्य तत्त्वहरूसँग कुनै सरोकार रहँदैनथ्यो । अँ, विकसित मानसिकता र पूर्ववत् आन्तरिक भावनालाई भने यसले रोकथाम गर्न सक्तैनथ्यो । यदि कुनै पोसाकधारीले पृथ्वीको जल, गन्ध, वायु, माटो, अग्नि कुनै तत्त्वसँग कुनै पनि बेला सरोकार राख्न पोसाकबाहिर निस्केमा वा यन्त्रपोसाकमा अलिकति चुहावट भएमा पोसाकधारीको पनि मृत्यु निश्चित थियो ।

यन्त्रपोसाकको अमर तुल्याउने विशेषतासँग जनसङ्ख्या नियन्त्रण गर्ने विशेषता गाँसिएको थियो । जस्तो कि जति यन्त्रपोसाकभित्र मानिसहरू थिए त्यति मात्र मानिसको सङ्ख्या पृथ्वीमा निश्चित थियो । पोसाकधारीको असावधानी वा अनिच्छाले मृत्यु निश्चित थियो तर नयाँ मानिसले संसारमा जन्म लिनु असम्भव थियो । यस्तो यन्त्रपोसाकको अनुसन्धान गरिसकेपछि उनले आफ्नो अनुसन्धान लेखमाला पनि प्रकाशित गरे– कपोलकल्पित भनेर धेरैले व्यङ्ग्य र

अविश्वास पनि गरेका थिए उनलाई । तर उनी भने धमाधम यन्त्रपोसाकको उत्पादनमा लागिरहेर लगभग एक हजार पाँच सयजति यन्त्रपोसाकको निर्माण गरिनसक्दै युद्ध आरम्भ भएको थियो । त्यसपछि यन्त्रपोसाकको निर्माण गर्न सकेनन् उनले, किनभने यस्तो पोसाकको निर्माण स्वच्छ प्रकृतिको सहयोगबिना असम्भव थियो ।

जब युद्धले विकराल रूप लिन थाल्यो, आणविक भट्टीहरूमा खसालिएका बम र युद्धका बारुदहरू तथा अस्त्र क्षेप्यास्त्रको असङ्ख्य प्रयोगले गर्दा पृथ्वीमा अत्यन्त विषाक्त रासायनिक प्रदूषणको सुरुवात भएर जीवात्माहरू लाखौँको सङ्ख्यामा मर्न थाले त्यस बेला अङ्कुशको अनुसन्धान लेखमालाको आधारमा महाशक्ति राष्ट्रहरूले यन्त्रपोसाक मनलागी मूल्यमा खरिद गर्ने प्रस्ताव पनि राखेका थिए । तर उनले आफूलाई आवश्यक पोसाक राखेर संसारभरिका राष्ट्रहरूलाई बिनामूल्य बराबरी पोसाक बाँड्ने आफ्नो निर्णय सुनाएका थिए । कठपुतली राष्ट्रहरूले कठोर विरोध गरेका थिए । कसैले अङ्कुशको प्राणदण्डको पनि माग गरे तर उनी पटक्कै विचलित भएका थिएनन् । र, अन्त्यमा आफ्नो निर्णयअनुसार युद्धमा तैनाथ सेनाहरूलाई यो पोसाक नदिने विनम्र अनुरोध गर्दै सम्पूर्ण पोसाकहरू संसारभरि समान रूपले बाँड्न मानवकल्याण संस्थाकी केन्द्रीय अध्यक्षलाई बिनामूल्य पोसाकहरू जिम्मा लगाएका थिए । तर मानवकल्याण संस्थाकी केन्द्रीय अध्यक्षबाट बिनामूल्य पोसाक लिएका राष्ट्रहरूका केही धनपिपासु व्यक्तिहरूले महाशक्ति राष्ट्र तथा लडाकू राष्ट्रहरूलाई असङ्ख्य धनराशिमा त्यो यन्त्रपोसाक बिक्री गरेपछि युद्ध समाप्त हुनुको साटो युद्ध एकनास कायम रहेको थियो ।

आफ्नो अनुसन्धानको दुरुपयोग भएको थाहा पाएपछि आजको युद्धको निरन्तरतामा आफ्नोसमेत सहभागिताको अपराधबोधले सताउन खोजेको थियो अङ्कुशलाई तर आफ्नो परिवारलगायत अन्य असल व्यक्तिहरूलाई समेत पृथ्वीको शून्यमा विलीन हुनबाट बचाएर

मानवअस्तित्व कायम राख्न सकेकोमा गौरवान्वित पनि हुने गर्थ्यो उनको वैज्ञानिकता ।

अङ्कुशले टाढैबाट रोबोटसँग भागदौड गरिरहेका मिलन र युद्धलाई देखे । छोराछोरीलाई छातीमा टाँस्ने, म्वाइँ खाने र काखमा सुताउने इच्छा जागृत भएर आयो उनीभित्र । एक मन सबै जनाको यन्त्रपोसाक फुकालेर एकआपसमा अङ्कमाल गरेर स्पर्श– मिठासको मृत्यु प्राप्त गर्ने इच्छा पनि जाग्यो उनलाई । त्यसै क्षण उनको वैज्ञानिक मस्तिष्कले पृथ्वीलाई पृथ्वीको पूर्वावस्थामा पुऱ्याउने उनको पूर्वसाधनातर्फ मोहित तुल्यायो । अङ्कुश एउटा नयाँ उत्साह बोकेर प्रयोगशालाभित्र पसेका थिए ।

• **विमोचन** : २०४७

# त्यो रात

बिहे गरेको दस वर्ष नाघिसक्दा पनि उत्तराको कोख भरिएको थिएन । अब त घरपरिवार सबैले उत्तरालाई बाँझी भनेर उनकै मुखेन्जी भन्न मात्र बाँकी थियो । तर शिक्षित र अर्थउपार्जनमा संलग्न अनि सम्पन्न माइतीका कारण उत्तराले धैर्य त्यागेकी थिइनन् ।

दुई वर्षअघि दिल्ली पुगेर पतिपत्नी दुवैको सम्पूर्ण मेडिकल जाँच पनि उत्तराकै पहलमा भइसकेको थियो । उक्त जाँचमा उमङ्गको वीर्यमा फर्टिलिटिको अंश पर्याप्त नभएको नतिजा निस्केको थियो । 'यस्तो अवस्थामा भगवान्कै चमत्कार भए मात्र तपाईं दुईबाट सन्तान जन्मन्छ । अँ ! टेस्टटचुब गर्न सकिन्छ, तर त्यसमा पनि वीर्यचाहिँ ब्याङ्कबाटै लिनुपर्ने हुन्छ ।' डा. को सल्लाह थियो । तर उमङ्ग कुनै पनि हालतमा यस प्रकारको सन्तान नचाहने अडानमा रहे । उत्तराले पनि लोग्नेको अडान तोड्नका लागि जिद्धी गर्न सकिनन् ।

दिल्लीबाट फर्केर आएपछि उनीहरूबीचको सम्बन्ध दिनदिनै चिसिँदै गएको थियो । पार्टीमा मात्र मात्ने उमङ्ग अब आधा रातसम्म घरबाहिर रहने र फर्कंदा होसै नरहने भइसकेको थियो ।

त्यो रात पनि त्यस्तै भएको थियो ।

उत्तरा आफ्नो शयनकक्षमा राखिएको कम्प्युटरमा रमाउन खोज्दै थिइन् । उमङ्ग उनीसँग कोल्टे फर्केपछि उनको एक मात्र

साथी यही कम्प्युटर मात्र भएको थियो । गुगल सर्च गरेर विश्वका विविध विषय र प्रविधिबारेको जानकारीमा रमाउँदै समय बिताउनु उनको दैनिकी थियो । दिउँसोको समय त कार्यालय र घर गर्दा सजिलै बित्ने गर्थ्यो । तर रात जति गर्दा पनि बित्दैनथ्यो । उमङ्ग घर नआउन्जेल उनलाई बिछ्यौनामा पल्टनै मन लाग्दैनथ्यो भने उमङ्ग आएपछि पनि उनको निंद्रै टरिसकेको हुन्थ्यो । त्यसैले कम्प्युटरको वेभ भिजिट उनको बाध्यताजस्तै भइसकेको थियो । त्यही क्रम पनि अब एकरसीय भइसकेको थियो ।

त्यस रात पनि उनी अल्छीलाग्दो पाराले वेभ भिजिट गर्दै थिइन् ।

अचानक उनको मनमा फर्टिलिटी गुगल गर्ने विचार आयो । नभन्दै गुगलले केहीबेरमा नै सधैँ झैँ फर्टिलिटीबारेकै विविध साइटहरूबारे जानकारी गरायो । त्यसमध्येका अधिकांश साइटहरू उत्तराले भिजिट गरिसकेकी थिइन् । त्यसैले दिक्क मानेर त्यहाँबाट फर्किन लागेकी थिइन् । त्यसै बेला 'आजै खुलेको आश्चर्यजनक यस साइटमा भिजिट गर्नुस्' लेखिएको विज्ञापनमा उत्तराका आँखा परे । 'के रै'छ यसको नयाँ-नौलो ? हेरौँ न त ।' उत्तरालाई लाग्यो र उनले त्यसमा क्लिक गरिन् ।

'यो साइट पाँच मिनेटअघि मात्र परीक्षणका लागि राखिएको हो । जस-कसैले यो साइट भिजिट नगर्नुहोला । प्रयोगका क्रममा कुनै ग्राहकलाई कुनै समस्या पर्न गएमा गुगलले जिम्मेवारी लिने छैन ।' सावधानीका वाक्य लेखिएका राता अक्षरहरूलाई आवश्यकताभन्दा बढी प्रकाशित गरिएको थियो । सावधानीका कुरा पढेपछि उत्तराले रोमाञ्चको अनुभूति गरिन् । डराएर गुगलबाट फर्किनुको साटो उनलाई उक्त साइट एक पटक खोलेर हेर्ने उत्कट इच्छा भयो । त्यसैले उनले त्यहाँ पनि क्लिक गरिन् । एडिएसएलको नेट केही स्लो भएकाले केहीबेर उनले अधैर्यसाथ वेभ खुल्ने प्रतीक्षा गरिन् । त्यस क्षण

उनलाई उक्त वेभसाइट खुल्नुको प्रतीक्षाअवधि निकै लामो लागेको थियो ।

अन्ततः वेभपेज उनको कम्प्युटरमा खुलेको थियो ।

त्यस पेजको शिरमा पुनः अघिकै सावधानीका वाक्य रातै अक्षरमा दोहोऱ्याइएको थियो । 'तपाईं साहसका साथ यस पेजमा आइपुग्नुभएकोमा स्वागत छ ।' त्यसको तलपट्टि लेखिएको थियो । 'कृपया सावधानीका साथ यो फर्म भर्नुहोस् ।'

त्यसदेखि तलतिर एउटा फर्म थियो ।

तपाईंको नाउँ, ठेगाना लेख्नुहोस् । तर तपाईंको नाउँ, ठेगाना गोप्य राखिनेछ ।

१. के तपाईं सन्तानहीन हुनुहुन्छ ? उत्तरको ठाउँमा हो, होइन लेखिएको थियो । उनले हो मा चिनो लगाइन् ।
२. के तपाईं पैँतीस वर्ष नाघ्नुभएको छैन ? उत्तरको ठाउँमा छ, छैन लेखिएको थियो । उनले छैनमा चिनो लगाइन् ।
३. के तपाईं विज्ञानसम्मत रूपले आमा बन्नका लागि योग्य हुनुहुन्छ ? अर्थात् तपाईंको मेडिकल जाँच भइसकेको छ ? उत्तरका ठाउँमा छ, छैन लेखिएको थियो । उनले छमा चिनो लगाइन् ।

'कृपया अर्को पानामा जानुहोस् ।' लेखिएको ठाँउमा उत्तराले क्लिक गरिन् ।

'तपाईं नछुने भएको कति दिन भयो ?' त्यहाँ ऋसरले तानेर अङ्क राख्नुपर्ने थियो । उत्तराले दसको अङ्क राखिदिइन् । त्यस पानामा त्यही एउटा मात्र प्रश्न लेखिएको थियो र अर्को पानामा जाने चिह्न थियो । उत्तराले अर्को पानाका लागि क्लिक गरिन् ।

अर्को पानामा पनि एउटै मात्र प्रश्न थियो ।

'के तपाईं तत्काल गर्भाधान गर्न चाहनुहुन्छ ?'

कौतूहलमिश्रित उत्तेजनाका कारण उत्तरालाई माघ महिनाको काठमाडौँको ठिहीमा पनि चिटचिट पसिना आइसकेको थियो । त्यसै बेला उनको आँखा कोठाको मध्यभागमा टाँगिएको भित्ते घडीमा पुग्यो रातको एघार बजिसकेको थियो । बाहिर सधैँ झैँ टोले कुकुरहरू भुकेको आवाज एकनास आइरहेको थियो । घरमा भएका सासूससुराले एक निद्रा पुऱ्याउने बेला भइसकेको थियो भने उमङ्गको घर फर्किने बेला हुन अझै एक घण्टाबढी बाँकी नै थियो । यो अन्तिम प्रश्नको उत्तर लेख्ने बेलामा उनको सास पनि केही छिटोछिटो चल्न थालिसकेको थियो । 'यस्तो पनि कतै होला र ? भोकाएको मान्छेको मुखैमा आइपुगेको गाँसजस्तै कुरा छ यसको । के गरौँ ?' एकैछिन बढो द्विविधा भयो उत्तरालाई । 'गफ लगाउँदो हो । जे होला अब । एक पटक हुन्छ भनिदिन्छु । के नै होला र ?'

उनले दह्रो मन पारेर सकारात्मक कोठामा चिनो लगाइन् । चिनो लगाइसकेर उत्तराले लामो सास फेरिन् ।

नेट स्लो भएको कारण खोजीकार्यको चक्र हेरिरहिन् उनले । तर त्यसै बेला कम्प्युटरबाट आवाज आउन थाल्यो । अङ्ग्रेजी भाषामा उत्तरालाई एउटा पुरुष आवाजले सम्बोधन गरेको थियो । उत्तरा झनै छक्क परेकी थिइन् । आश्चर्यचकित उत्तराले पनि प्रतिउत्तर दिन थालिन् ।

'मैले भनेको मान्यौ भने म तिमीलाई गर्भवती बनाइदिन सक्छु ।' त्यस आवाजले उत्तरालाई मायालु आवाजमा सोधेको थियो ।

आवाज अत्यन्त सम्मोहक थियो । उत्तरालाई त्यस आवाजको सम्मोहनले लट्ठ पारेको थियो । उनले त्यस आवाजप्रति स्वीकारोक्ति जनाइन् ।

'ढोकामा चुकुल लगाऊ ।

मधुरो बत्ती बाल ।

तिम्रा सबै पोसाक खोल ।

अब तिमी बिछ्यौनामा जाऊ ।'

उक्त आवाजले उत्तरालाई अह्राएको थियो । र उत्तराले पनि आवाजले भनेअनुसार नै सबै काम गर्दै गएकी थिइन् ।

उत्तरा बिछ्यौनामा पुगेको केहीबेरमै कम्प्युटरमा स्वाँ... गरेर आवाज आएको थियो र कम्प्युटरबाट इन्द्रधनुषसरहको किरण बाहिर निस्केको थियो । उक्त इन्द्रधनुष हेर्दाहेर्दै मानव आकृतिमा परिणत भयो । उक्त मानवआकृति बिस्तारै उत्तराको बिछ्यौनातिर लम्केको थियो । त्यो निर्वस्त्र सुन्दर शरीरधारी पुरुषका ओठमा मन्द मुस्कान थियो भने उसको अनुहार ओजस्वी देखिएको थियो । उत्तराले छक्क परेर ती पुरुषलाई अपलक हेरिरहिन् । सपनाजस्तो लागेर उत्तराले आफूलाई चिमोटिन पनि तर त्यो सम्पूर्ण बिपना थियो ।

त्यसपछिको समय कसरी बित्यो उत्तरा अर्धबेहोसीकै अवस्थामा रहिन् । यत्ति हो उक्त पुरुषले सम्पूर्ण पाकक्रिडाका साथमा उत्तरासँग सम्भोग गरेर उनलाई चरमसन्तुष्टिको शिखरमा पुऱ्याइदिएको थियो । झन्डै आधा घण्टाको अवधिमा सबै काम सकिएको थियो ।

'अब मातृत्वले भरिएको तिम्रो जीवन रमाइलो हुनेछ । भगवान्ले तिमीलाई सुखी पारून ।' उक्त पुरुषले उत्तराको निधारमा चुम्बन गरेपछि बिदाइको हात हल्लाउँदै भनेको थियो । आफ्नो निधारमा त्यस पुरुषको तातो चुम्बनले उत्तरालाई आफ्नो स्वर्गवासी पिताको सम्झना गराएको थियो । अभूतपूर्व अपार आनन्दको पोखरीमा पौडिरहेकी उनले उक्त पुरुषसँग कुनै प्रश्न गर्न खोज्दानखोज्दै ऊ त पुन: इन्द्रेणीमा परिणत भएर कम्प्युटरमा प्रवेश गरिसकेको थियो । त्यसपछि कोठा चकमन्न भएको थियो ।

अब उत्तरा वास्तविक दुनियाँमा आइपुगेझैँ ऊसङ्ग भएकी थिइन् । उनले भित्ते घडी हेरिन्, बाह्र बज्नै लागेको थियो । उनको लोग्ने अझै फर्केका थिएनन् ।

उनी हतारहतार बिछ्यौनाबाट उठेर बाथरुम पसिन् र आफूलाई धोइपखाली गरिन् । बाथरुमबाट फर्केर खजमजिएको बिछ्यौनालाई मिलाउँदामिलाउँदै लोग्नेको मोटरको आवाज आएको थियो ।

लगत्तै उनी लोग्नेका लागि मूल ढोका उघार्न गएकी थिइन् ।

• **युवामञ्च** : २०७०

# मेरो कथा नलेखिदिनू

"आन्टी !"

घरअघिल्तिरको गल्लीको पसलमा हरियो खुर्सानी किन्दै थिएँ । त्यसै बेला पछिल्तिरबाट मलाई कसैले ग्वाम्लाङ्ङ अँगालो हालेको थियो । तत्क्षण त्यस शारीरिक स्पर्शपछि भएको प्रिय अनुभूति र प्राप्त परिचित गन्ध र आवाजले समेत मेरो मुखबाट 'सुनिती' निस्केको थियो । साँच्चै, मेरा अघिल्तिर सुनिती उभिएकी थिई ।

'सुनिती' मेरो छोराकी बालसखी ! सुनितीलाई अचानक आफ्ना सामुन्ने देख्दा विदेसिएको छोरो अक्षतको आकृति मेरा आँखाभरि टाँसियो । हामी मानिस किन यति स्वार्थी हुन्छौँ कुन्नि ? कुनै पनि व्यक्ति वा वस्तुलाई सोही रूप वा अवस्थितिभन्दा पनि अरू कसैसँग गाँसेर सम्झनामा राख्छौँ । अनि त्यसै सम्झनाको झल्कोमा कहिले रुन्छौँ त कहिले हाँस्छौँ । त्यसैले त्यस बेला पनि मेरा लागि सुनिती, सुनिती मात्र नभएर मेरो एक मात्र छोरो अक्षतकी बालसखी भएकीले प्यारीसमेत भएकी थिई ।

वस्तुवादी अर्थशास्त्रको प्रभाव अथवा भौतिकताको नशामा परेका विकासोन्मुख मुलुकका अहिलेका अधिकांश हामी प्रौढहरू सन्तानको ऊर्जावान समय विदेशीलाई बेचिरहेका छौँ । मेरा पति र म पनि तिनै प्रौढकै समूहमा छौँ । त्यसैले उमेरदार छोरोको उपस्थितिको साटो उसको कमाइको एउटा अंश भोगेर छोराको सशरीर उपस्थितिको

तिर्सनामा बाँचिरहेका छौँ । त्यति बेला सुनिती झट्टै मेरासामु परिदिँदा मेरो अक्षत नै मेरा सामुन्ने आएझैँ भएको थियो मलाई ।

सुनितीको अपर्झटको उपस्थितिले ममा परेको प्रभावको प्रतिक्रियास्वरूप मैले उसलाई मोहित भएर हेरिरहँदा सुनिती पनि अचम्म भएर मैतिर हेरिरहेकी थिई । एक महिनाजति अघि मात्र छुट्टिएकी सुनितीको तिर्सना पनि अचम्मले मौलाएछ मभित्र । मलाई आफैँसँग पनि अलि अनौठो लागेको थियो ।

उसका आँखासँग मेरा आँखा जुद्धा मात्र मलाई यथास्थितिको बोध भएर लज्जाको समेत मैले अनुभूत गरेकी थिएँ ।

मीठो सपना देखेर बिउँझिँएसरी म झल्याँस्स भएकी थिएँ । विगतमा झैँ केहीबेर मसँग अँगालोमा गाँसिएर त्यस बेलासम्म सुनिती अलग्गिइसकेकी थिई ।

“कहिले आयौ नानू ?” लामो सास फालेर सामान्य हुन खोज्दै सुनितीका कोमल हात सुमसुम्याउँदै मैले सोधेकी थिएँ ।

“एक हप्ता भयो आन्टी ।” उसले सहज जबाफ फर्काएकी थिई ।

पसलबाट सुनितीसँगै म पनि घरतिर लागेकी थिएँ । यसै गल्लीको माझमा पहिले मेरो घर र त्यसपछिको एक घर परतिर उसको घर अथवा अब उसको माइत थियो ।

“चिया खाएर जाऊ न है ?” मैले उसको हात नछोडेकै अवस्थामा ऊसँग आग्रह गरेकी थिएँ ।” मलाई अझै अक्षतको न्यास्रो मेटिएकै थिएन । त्यसैले पनि हुनुपर्छ मैले आफ्नो घरको मूल ढोकामा पुगेपछि सुनितीलाई आफूसँगै तानेकी थिएँ । त्यस बेला उसले पुलुक्क आफ्ना घरको कौसीतिर हेरेकी थिई । मेरो घरअगाडिको सडकबाट उसको चारतले घरको कौसी मज्जाले नै देखिन्थ्यो । त्यस बेला त्यस कौसीमा कोही थिएन ।

"हिँड न, म पनि तिमीसँगै चिया पिउने नि आज !" फेरि दोहोऱ्याएर मैले आग्रह गर्दै उसलाई आफूसँगै भित्र पुऱ्याएकी थिएँ । "हो र आन्टी... ऐले... ।" सुनिती केही अकमकाएर बोलेकी थिई ।

त्यसपछि हामी दुई पहिलेपहिलेजस्तै सरासर तेस्रो तलामा रहेको हाम्रो भान्साकोठैमा पुग्यौँ । भान्साअघिल्तिरको डाइनिङ रुममा बसेका मेरा पति अखबारमै मस्त थिए । हाम्रो पदचाप सुनेर उनले टाउको उठाएर हामीतिर हेरेका थिए ।

"दर्शन, अङ्कल" सुनितीले उनका अघिल्तिर पुगेर शिर निहुऱ्याएकी थिई ।

"ओहो सुनिती बेटा, तिमी कहिले आयौ ? झन् राम्री पो भइछौ ! लन्डनको हावापानी फापेछ नि ! अनि ज्वाइँसाहेब पनि सँगै हो ?"

बाल्यकालदेखि काखमा खेलेर हुर्केकी सुनितीलाई देखेपछि मेरा पति पनि जुरुक्क उठेका थिए र पहिलेपहिलेजस्तै उनले सुनितीलाई आफ्नो छातीमै टाँसेर माया जनाएका थिए । साथसाथै उनले आफ्नो वकालत पेसासम्बद्ध प्रश्नप्रतिप्रश्न पनि सुनितीका सामु बर्साइरहेका थिए ।

"एक हप्ता भयो अङ्कल, म एक्लै आएकी ।" सुनितीले सन्तुलित भएर जबाफ फर्काएकी थिई ।

"अस्तिसम्म सानी सुनिती बिहे हुनेबित्तिकै कति ठूली भएकी है !" उनले सुनितीलाई गढेर हेर्दै मतिर लक्षित भएर भनेका थिए । सुनिती लजाएकी थिई । त्यसपछि मैले सुनितीलाई तानेर आफैँसँग भान्सामा पुऱ्याएकी थिएँ ।

"तिम्रो अङ्कल त्यस्तै हुन् क्या सुनिती, कठघरामा मान्छे राखेर दिनरात प्रश्न सोध्ने बानी भएको वकिल त हो नि !" मैले ठटचौली पाराले बूढाको मजाक उडाएकी थिएँ ।

"कथाकार महोदय, यो वकिलको घाँटी रसाउने उपाय गर्नुपर्‍यो ।" उनको वकिल चेतमा पतिपारा मिसिएर मेरो लेखनप्रतिको रुचितिर लक्षित गर्दै मेरा पतिद्वारा तेस्रो कप कालो कफीको माग आएको थियो ।

मैले पनि उनको सहज माग तुरुन्तै पूरा गरेर सुनिती र मेरा लागि दूध र चिया मसला हालेर नेपाली चिया बनाएकी थिएँ । सुनितीलाई मैले बनाएको यस्तो चिया खुबै मन पर्थ्यो ।

"उस्तै, एकदम उस्तै स्वाद छ आन्टी ! हजुरजस्तै छ यो चिया पनि ! मैले लन्डनमा पनि हजुरको यो चिया सम्झेर बनाउन खोजेकी थिएँ । अहँ, बन्दै बनेन् । हजुरको हातमा त जादु छ आन्टी जादु !"

हामी दुवै भान्साकै सानो टेबुलमा चिया राखेर त्यहींको कुर्सीमा बसेर चिया पिउन लागेका थियौं । सधैं झैं सुनिती बढो स्वाद लिएर चिया पिउँदै थिई । म पनि चिया पिउँदै, सुनितीले आफ्नो प्रशंसामा खर्चेका मीठा शब्दहरूमा रमाउँदै थिएँ । सन्तानको बहिर्गमनले नीरस जीवन बिताउन बाध्य मेरो समय त्यस बेला केहीबेरकै लागि नै भए पनि रसिलो हुन खोज्दै थियो । सुनितीका सामु बसेकी मैले यस बेला सुनितीको अनुहारमा पूर्वअवस्थाका तुलनामा निकै फरक चीज देखेकी थिएँ । किन होला उसका आँखा पनि सधैं झैं चञ्चल र तेजिलो देखिइरहेको थिएन । 'भर्खरै मात्र गरिएको लामो हवाईजहाजको यात्राको कारण हुनुपर्छ ।' मेरो आफ्नै मनले निर्क्योल निकालेको थियो ।

सुनितीले चिया सिध्याउनै लागेकी थिई, ऊसँग बिताउन पाएको समयको मोहमा परेर म भने समय लम्ब्याउने उपक्रमले पनि चिया सुस्त गतिमा पिइरहेकी थिएँ । सुनिती लामो समयसम्म बसोस् भन्ने मेरो आन्तरिक आग्रहलाई चिया ढिला गतिमा पिइनुले अभिव्यक्त गरिरहेको थियो ।

चिया सिध्याएकी सुनितीले भित्ते घडीमा आँखा पुऱ्याएर कुर्सीबाट उठने उपक्रम गरेकी थिई ।

"अनि तिमी अलि दिन बस्छचौ नि ?" अब शब्दजालमै भए पनि सुनितीलाई केहीबेर अलमल्याउने मेरो अभीष्ट हुनुपर्छ । मेरो प्रश्नको उत्तर सुनितीले सहजै दिइन । केहीबेरसम्म ऊ केही बोलिन पनि ।

"आन्टी, अरूसँग बेग्लै कुरा हो तर हजुरसँग म झूट बोल्न सक्तिनँ... म अब लन्डन नजाने गरी आएकी छु ।"

सुनितीले गहिरो आवाजमा मलाई जबाफ दिएकी थिई ।

"के भनेकी नानू तिमीले यस्तो कुरा ?" सुनितीबाट आएको यो अप्रत्यासित जबाफले म आत्तिएकी थिएँ ।

यसबीच सुनितीका आँखा भरिएर ढिक्का आँसुका दाना पनि बरर्र उसका सुकोमल र सुन्दर गालाको बाटो भएर जमिनतिर पलायन हुँदै थिए ।

एक महिनाअघि मात्र त्यस्तो भव्य बिहे भएकी सुनितीले मेरो काल्पनिकतामा पनि उब्जिन नसक्ने त्यस्तो जबाफ दिएकी थिई । र उसको अवस्था देखेर त्यस बेला मलाई नै भाउन्न होला जस्तो भएको थियो । म आफ्नो कुर्सीबाट जुरुक्क उठेर उसको अगाडि पुगिसकेकी थिएँ । ऊ अघि नै उसको कुर्सीबाट उठिसकेकी थिई । मैले सुनितीलाई अँगालोमा बेरेकी थिएँ । मेरो छातीमा टाउको राखेर सुनिती घुँक्कघुँक्क गर्दै रोएकी थिई । म चुपचाप उसको टाउको मात्र मुसारिरहेकी थिएँ । मभित्रको आइमाईमनको कमलो बाँध पनि भत्किसकेको थियो । कारणै थाहा नपाउँदाको उसको रोदनले पनि मलाई भिजाइसकेको थियो ।

"तिमी त ज्ञानी केटी, यसरी पीर गर्नुहुन्न सुनिती बेटा, के भयो ? नयाँनयाँ हुँदा कहिलेकाहीँ पतिपत्नीबीच मिस अन्डरस्टचान्डिङ

पनि हुन जान्छ । सम्हाल्नुपर्छ, कुरा बुझ्नुपर्छ । आवेशमा निर्णय गर्नुहुन्न नानू ! ज्वाइँसाहेब त निकै भलादमी देखिनुहुन्थ्यो । त्यत्रो सम्पन्न परिवारको एउटा मात्र छोरो !" मैले उसको ढाड सुमसुम्याउँदै भनेकी थिएँ ।

"होइन आन्टी, यो नमिल्ने कुरा हो । मिल्नै सक्दैन । मैले ठूलो धोका पाएँ आन्टी !" हजुरको फुर्सद भएको बेला पारेर आउँछु । त्यति बेला सबै कुरा भन्नेछु । अहिले जान्छु ल ?"

भन्दानभन्दै मेरो अँगालोबाट फुत्किएर उसले टिस्युपेपरले आँसु र सिँगान पुछेकी थिई । मेरा मनमा आफ्नो सिङ्गो कथाको बीउ रोपेर सुनितीले मसँग बिदा मागेकी थिई । मैले चाहेर पनि उसलाई यस बेला रोक्न सक्तिनथेँ । किनभने मेरो बिहानको घरधन्धा पनि असरल्ल परेर हाँस्दै मलाई गिज्याइरहेको थियो ।

सुनिती त हिँडी, तर मेरो मनमा उसका बारेको आँधी-तुफानको सुरुवात गराइदिएर ऊ गएकी थिई । ऊ हिँडेपछि शरीरले त मैले गृहस्थीका यावत् दैनिक कार्यहरू गरिरहेँ तर मेरो मानसले भने एकै पल पनि सुनितीलाई आफूबाट बाहिर निकाल्न मानेको थिएन ।

अक्षतभन्दा सुनिती एक वर्ष ठूली हो । त्यस बेलाको घट्टेकुलोमा बस्ती नै कति थियो र ? सिंहदरबारको पूर्वी पर्खालछेउको सडक भनेको खेतको आली नै थियो । त्यस बेला अनामनगरको नामनामेसी नै थिएन । धोबीखोलामा पनि सफा पानी बग्थ्यो । छेउछाउमा बाक्लै झाडी थियो । कहिलेकाहीँ त दिउँसै स्याल कराउँथ्यो ।

हामीले घर बनाइसक्तानसक्तै मालपोत कार्यालयका नापीका अमिनले पनि घर बनाउन थालेका थिए । हामी पुराना र उनीहरू नयाँ । त्यसैले त्यस बेला हामीले हाम्रा नयाँ छिमेकी हुन आएका सुनितीका बुबाआमालाई सकेको सहयोग गरेका थियौँ । हाम्रो घडेरी आठ आना, उनीहरूको चार आना ।

"अमिनसाहेब, पछि किन्छु भन्दा पनि पाइँदैन, जमिन त अलिकति थप्नुहोस् ।" मेरा पतिले सुनितीका पितालाई सुझाएका थिए ।

"वकिलसाहेब, अहिले यसभन्दा धेरको औकात मसँग भएन हजुर !" फिस्स हाँसेर उनले जबाफ फर्काएका थिए । तर त्यसको पाँच वर्षभित्रमा उनले वरिपरिबाट जमिन थपेर उनको घडेरी एक रोपनी बढी पुऱ्याएका थिए । हाम्रो भने आठ आनामास्तिरको औकात कहिल्यै भएन ।

सुनितीकी आमाको भनाइअनुरूप उनकै माइतीले दिएको दाइजोस्वरूप काठमाडौँका अरू दुई-चार ठाउँमा पनि उनीहरूले बिस्तारै घडेरी किन्दै गएका थिए ।

सुनितीपछि सुनितीकी आमाले लगालग दुई छोरा जन्माइन् । हाम्रो अक्षत मात्र सन्तान भयो ।

टुकुटुकु हिँड्न थालेपछि नै सुनितीले हाम्रा घरमै धेरजसो समय बिताउने गर्थी । सुनितीकी आमाले अरू सन्तान जन्माउँदै गएपछि म नै सुनितीकी अघोषित आमाजस्तै भएकी थिएँ ।

अक्षत पनि सुनिती भएपछि धूमधामै रमाउँथ्यो । खाना खान होस् वा खेल्न होस् अक्षतलाई सुनिती नै चाहिन्थ्यो । सुनिती त्यस बेला अक्षतका लागि हिँडडुल गर्ने खेलौनाजस्तै थिई । छोराका खुसीका लागि म पनि दुई सन्तानसरह नै सुनितीलाई रुचाउँथेँ । त्यस बेला सुनिती नआएको बेला हाम्रो घर अनौठो र चकमन्नजस्तै हुने गर्थ्यो ।

"छोरा, तँ कोसँग बिहे गर्छस् ?" एक दिन मेरा पतिले सुनितीसँग खेलिरहेको छोरोसँग रमाइलो गर्न सोधेका थिए ।

"म त तुनितीसँग बिहे दर्ने हो ।" तोते बोलीमा अक्षतले भनेको थियो ।

“सुनिती ! तँ कोसँग बिहे गर्छेस् ?” मेरा पतिले भुकुल्ल परेकी डल्ली सुनितीलाई काखमा बोकेर सोधेका थिए । सुनितीले अक्षतपट्टि औँलाले देखाएर मेरा पतिको छातीमा टाउको लुकाएकी थिई ।

शिशु खेलमा रमेका बेला हामी दुवै पतिपत्नी खूब मज्जाले हाँसेका थियौँ ।

“के केटाकेटीसँग यस्तो मजाक गऱ्या होला ।” लिनु आनन्द लिइसकेपछि मैले पनि बूढालाई नियन्त्रण गर्ने हिसाबले भनेकी थिएँ ।

“मजाक होइन, म त अमिनसाहेबसँग कुरा चलाएर यिनीहरूको बिहे नै गर्दिने सोचमा पो छु त । तिमीले के ठानेको ?” मेरा पति फुर्किंदै बोलेका थिए ।

“हेर, हेर, ‘बालविवाह’ ! आफैँ कानुनी मानिस भएर कानुन उलङ्घनको कुरा कसरी गर्न सक्या होला ।” मैले होच्याएरै भनेकी थिएँ ।

“ए लाटी मान्छे, कानुनको उलङ्घन गर्ने भनेकै कानुनी मान्छेले नै हो । हा... हा... हा... !” उनी पनि स्वाद लिएरै हाँसेका थिए ।

समय बित्दै गयो । वर्षदिनपछिको पुस महिनाको एक दिन, जाडोको बिदाका कारण गाउँभरिका केटाकेटी यताउति दौडिने, खेल्ने गरिरहेथे । बाहिर न्यानो घाम लागेको थियो ।

“मम्मी ! मम्मी ! ...” अक्षत चिच्च्याउँदै आएको थियो । घाम तापेर स्वेटर बुनिरहेकी म छोराको आवाजले झस्केकी थिएँ ।

“के भो छोरा ?” दौडेर मतिर आएको अक्षतलाई च्याप्प समातेर मैले सोधेकी थिएँ । मेरो काखमा टाँसिएको ऊ रुन थाल्यो ।

“तुनितीले मसँग बिहे गल्दिन ले ।” उसले रुँदै भनेको थियो । मलाई उसको कुरा सुनेर हाँस उठे पनि ऊ रोएको बेला म हाँस्न सकिनँ । हाँसो रोक्दै उसको आँसु पुछिदिएँ ।

"बाबूले सुनितीलाई पिटचो ?" मैले सोधेकी थिएँ । उसले रुँदै टाउको हल्लायो र पिटेको छैन भन्ने जनायो । धेरैअघि उसले सुनितिबारे भनेको कुरा मैले झन्डै बिर्सिसकेकै रहिछु । विगत सम्झिँदै, मनमनमा हाँसो उठे पनि गम्भीर भएरै अलि परतिर खेलिरहेकी सुनितीलाई मैले त्यहीँबाट डाकेकी थिएँ ।

"हजुर आन्टी !" सुनिती म नजिकै आएर मैसँग टाँसिएकी थिई । अक्षतभन्दा एक वर्ष मात्रै ठूली भए पनि सुनिती अक्षतभन्दा निकै ठूलीजस्ती देखिन्थी र बाठी पनि थिई ।

अक्षत पनि मेरो काखमा बसेर छातीमै टाँसिँदै भर्खरै आँसु ओबाएका आँखाले सुनितीको अनुहारमा हेर्दै थियो ।

"तिमीले अक्षुसँग बिहे गर्दिन भनेको रे हो ?" मैले छोरो फकाउने उपक्रम गरेकी थिएँ । कताकता मलाई पनि कौतूहल भने नभएको होइन ।

"हो नि, आन्टी, अनि के... त... मम्मीले भनिस्सेको कि, अक्षतसँग मैले बिहे गर्न हुँदैन रे । बिहे भनेको त धनी मानिससँग गर्नुपर्छ रे, धेरै मोटर, ठूलो घर, सुनचाँदी, हीरामोती केक्के हो केक्के हुने मानिससँग बिहे गर्नुपर्छ रे । अक्षुसँग त केही छैन । 'म त तिमीसँग बिहे नगर्ने' मैले भनेको थिएँ अनि ऊ त मसँग नखेलेर रोएको पो त । आऊ हामी खेल्न जाने ।" सुनितीले मच्चिँदैमच्चिँदै मेरो प्रश्नले खोजेभन्दा धेरै उत्तर दिएपछि अक्षतलाई आफूसँग लैजान खोजेकी थिई । तर अक्षत सुनितीसँग ठुस्किएर अझै मसँगै टाँस्सिँदै थियो ।

"ल, ल, सुनिती, तिमी अक्षतसँग बिहे नगर्ने तर साथी हुने है ?" मैले सुनितीलाई अक्षतका लागि फकाइदिएकी थिएँ ।

"साथी भनेको के हो आन्टी ?" सुनितीले सोधेकी थिई ।

“तिमी र अक्षात खेल्ने भनेको क्या...” मैले हतारिएर अर्थ्याइदिएकी थिएँ ।

“हस् आन्टी, आऊ अक्षु मैले खेल्ने त भनेको नि, अक्षु नै नमानेर आएको त हो नि !” सुनितीले मसँग अझै टाँस्सिरहेको अक्षतलाई तानेरै लगेकी थिई ।

त्यसपछि निर्दोष र निश्छल बालापनमा भएका उनीहरू त सरक्कै खेल्न गएका थिए । तर त्यस बेला उनीहरू गएपछिको रिक्त समयमा ट्वाल्ल पर्ने पालो भने मेरो थियो । सुनितीलाई बाल्यकालमै त्यस्तो कुरा सिकाउने उसकी आमाका विचारले मेरो मानसमा घन ठोकिरहेको थियो । त्यसपछि बुनिरहेको स्वेटर बुन्न पनि मैले सकेकी थिइनँ ।

“सुख प्राप्तिका लागि के भौतिकता नै सबैभन्दा ठूलो साधन हो ?” कैयौँ दिनसम्म यसै प्रश्नले मभित्र उथलपुथल मच्चाएको थियो ।

त्यसपछिको समयमा भने मैले सुनितीकी मम्मीका गतिविधिमा पनि ध्यान पुऱ्याएकी थिएँ । एउटा सामान्य कर्मचारीको परिवारका रूपमा चिनिएका उनीहरू रातारात नवधनाढ्यमा परिवर्तित भइसकेका रहेछन् । सुनितीकी मम्मीको पहिरन, फेसन र सङ्गत अर्कै किसिमको भइसकेको रहेछ ।

यति हुँदाहुँदै पनि सुनिती भने स्कुल पढुन्जेल हरेक लामो बिदामा अक्षतसँग खेल्ने निहुँमा अथवा यसै पनि मेरा सम्पर्कमा आइरही ।

अक्षत प्लस टुपछि बाहिरै पढ्न जान्छु भनेर विदेशतिरै उड्यो । सुनितीले यतै पढी । तर पनि फेसबुकका माध्यमले अक्षात र सुनिती पनि साथी नै थिए ।

“छोरा, अब त जागिर पनि खान थालिस, बिहे गर्नुपर्छ । तेरी केटी छ कि खोजौँ ?” वाट्ससफमा कुरा गरिरहेको एक दिन मैले अक्षतसँग सोधेकी थिएँ ।

"छैन हौ मम, खोज न त", उसले हाँसेर जबाफ दिएको थियो ।

"खोइ, अब कता खोज्ने हो । तैँले रोजेकी सुनिती..." मैले पुरानो कुरा उप्काएर एकैछिन रमाउन खोजेकी थिएँ ।

"त्यस बेला 'सुनितीले मसँग बिहे गर्दिनँ' भनी भनेर म रोएको थिएँ रे हैन ? तर अब म ऊसँग बिहे गर्दिनँ नि !" उसले मेरो कुरा बीचैमा काटेर भनेको थियो ।

"किन र अक्षु ? सुनिती त राम्री पनि छे, पढेकी छे, तेरी बालसखी पनि हो ।" मैले सुनितीप्रतिको उसको नकारात्मकता बुझ्न खोजेकी थिएँ ।

"बाफ रे मम, तिमी त छक्कै पर्छौ । त्यो सुनितीको त कति जना ब्वाईफ्रेन्ड छन् कति जना ? मेरा नै दुइटा साथीसँग सुनिती डेटिङ गएको मलाई थाहा छ । अहिले एउटा अर्कै केटोसँग सुनितीको एकदम डिपलभ छ भनेर त सुनितीले नै मलाई भनेकी हो । उसको फेसबुकमा गएर हेर न, उनीहरूको फोटो पनि छ, सुनिती इज जस्ट ओन्ली फ्रेन्ड मम, नेभर म्यारिज मटेरियल !"

अक्षतले एकै सासमा सुनितीबारेका कुरा सुनाउँदा म त अचम्मै परेकी थिएँ । सुनितीका बारेमा अरूले यस्ता कुरा भनेको भए त म पत्याउने पनि थिइनँ होला । किनभने मैले जाने-बुझेकी सुनिती त एकदमै सुशील, मायालु, राम्री र बुहारी बनाउनका लागि लोभलाग्दी नै थिई । तर अक्षुले भनेको कुरा नपत्याउन पनि म सक्दिनँ, किनभने उसले कहिल्यै कसैका बारेमा वाहियात कुरा गर्दै गर्दैन र अरूले फाल्तू कुरा गरेको पनि उसले मन पराउँदैन । तुलनात्मक रूपमा बरु अक्षतका बुबाले कहिलेकाहीँ उडन्ते वा तथ्यहीन कुरा पनि गरिदिन्छन् । 'आफ्ना कुरालाई पुष्टि गर्न वकिलधर्म निर्वाह गर्छन्' भनेर हामी आमाछोरा बूढाका कति कुरा पत्याउँदैन पनि थियौँ । तर हामी आमाछोरा भने एकअर्काका लागि अत्यन्त विश्वसनीय थियौँ ।

त्यसैले मैले अक्षुले सुनितीका बारेमा दिएको जानकारीलाई पनि सहजै पत्याएकी थिएँ ।

हाम्रो जमानामा पनि केटा मानिसले त एकै पटकमा धेरै केटीसँग प्रेमसम्बन्ध राखेका घटनाहरू नसुनिने होइन । तर केटी मानिसले एकै पटकमा धेरैवटा केटासँग प्रेमसम्बन्ध राखेका कुरा त्यस बेलाका लागि अपत्यारिला वा काल्पनिक नै हुन्थे । त्यसैले आफ्नै आँखाअगाडि हुर्केकी आफ्नै छोरीसरहकी केटीको यस प्रकारको आचरणका कुरा आफूले सबैभन्दा बढी विश्वास गरिएको व्यक्तिबाट थाहा पाउँदा म गहिरै आश्चर्यमा परेकी थिएँ ।

त्यसै दिन अक्षतले मेरा सामू आफूले प्रेमसम्बन्ध राखेकी केटीका बारे पनि खुलासा गरेको थियो । दुई वर्षदेखि ब्रिटनीसँग लिभिङ टुगेदरमा भएको कुरा पनि जनाउँदै अब उसैसँग बिहे गर्ने विचार उसले अभिव्यक्त गरेको थियो । यससम्बन्धमा हाम्रो सहमती र चाँडै हामी अमेरिका पुगेर उनीहरूको बिहा गरिदिन पनि उसले अनुरोध गरेको थियो । त्यस दिन मैले ऊसँग सहज रूपले केही उत्तरै दिन सकेकी थिइनँ । उसका पितासँग सल्लाह गरेपछि भनौँला भनेर त्यस दिन हामी छुटेका थियौँ ।

ऊ सहज रूपले सुनितीका बारे जानकारी गराउँदै आफ्नाबारेका पनि सबै यथार्थ प्रस्तुत गरेर बिदा भएको थियो । तर मलाई भने उसका कुरा सुनेर निकै सकस भएको थियो ।

छोराको अनुहार देखेपछि नै आफ्नै जातकी अनि संस्कारी बुहारी भित्र्याउने मेरो सपना त्यस दिन छोराको प्रेमकहानी सुनेपछि भताभुङ्ग भएको थियो । अक्षतका कुरा सुनेपछि जाडोको बेला पनि मलाई खलखली पसिना नै आएको थियो । हुन त के अनौठो भएको थियो र ? उमेर पुगेको छोराले आफ्नो जीवनसाथी छानेको थियो । धन्न त्यस दिन हामी भिडियो च्याटमा थिएनौँ,

नत्र उसले विदेशी बुहारी छानेको समाचार सुनेर आहत मानसको प्रतिच्छाया भरिँदाको परिवर्तित मेरो अनुहार देखेर अक्षुले के ठान्थ्यो होला !

हुन पनि त्यस दिन अक्षुका कुरा सुनेर म अलिबेर त अत्तालिएझैँ गरी बोल्नै सकेकी थिइनँ । उताबाट उसले निकैबेरसम्म 'मम...मम... हेल्लो... हेल्लो...' गरेपछि मैले 'हजुर' भनेकी थिएँ ।

"अक्षु, केटी त छानिछस्, तर हाम्रो देश, जात, धर्म, संस्कार केही पनि हेरिनछस् नि त बाबू !" मैले आफूभित्र फुटिसकेको बाँध पनि सम्हालेर भनेकी थिएँ ।

"मम, ब्रिटनी निकै फरासिली, इमानदार र अनुशासित छ । उसले सङ्घर्ष गरेर जीवन यहाँसम्म ल्याएकी हो । ऊ मिहिनेती, लगनशील, राम्रो स्वास्थ्यका साथ मायाप्रेमले भरिएकी केटी हो । मैले चाहेको जीवनसाथीमा हुनुपर्ने सबै गुण उसमा भेटेको छु । मम, तिमी चित्त नदुखाऊ है ! म र ब्रिटनीले दुई वर्षमा एकअर्कालाई राम्रोसँग चिन्ने मौका पायौँ । अब हामीले कानुनी रूपले बिहे गरेर बच्चाका लागि पनि सोच्ने समय भएको छ । मम मलाई विश्वास छ तिमी र पापाले ब्रिटनीलाई रुचाउनेछौ । किनभने ब्रिटनीले बूढाबूढी र असहायहरूलाई भुतुक्क भएर सेवा गरेको पनि मैले देखेको छु ।" यसरी अक्षतले त्यस दिन हाम्रो परिवारमा ब्रिटनीलाई अनौपचारिक रूपमा भए पनि मानसिक रूपले प्रवेश नै गराएको थियो ।

"मम, जीवन बिताउनका लागि जातजाति र धर्मसंस्कारभन्दा पनि गतिलो जीवनसाथी हुनु आवश्यक छैन र ? मानिस असल हुने हो भने धर्मसंस्कार त संसारभरिका जुनसुकै जातजातिकै पनि राम्रो हुन्छ नि । पालनकर्ता गतिला नहुँदा नै सबै कुरा बिग्रिने होइन र ? त्यसैले मलाई लाग्छ हामीले पहिले मानिस असल छान्नुपर्छ त्यसपछि

मात्र जात, धर्म र संस्कार छाड्नुपर्छ ।" आफूले नै जन्माएर हुर्काएको छोरो अब मलाई उपदेश दिने भइसकेको थियो । म कुवाको ब्याङ र ऊ समुद्रको माछो ! उसका तर्कलाई जित्ने किसिमको कुनै जबाफ मसँग थिएन पनि ।

अक्षुसँग त्यस दिन मैले कुनै जबाफ फर्काउन नसक्नुको अर्थ मेरो चित्त शान्त भएको थिएन । म त्यस दिन अक्षुका कुराले निकै उथलपुथल नै भएकी थिएँ । सुनितीका बारे शान्त हुन खोजेको मेरो मनस्थिति आफ्नै छोराको रोजाइप्रति पनि सकारात्मक थिएन । मलाई आफूले टेकेको धरती नै धसिएको झैँ लागेको थियो । आफ्ना यावत् नाताकुटुम्ब र समग्र समाजका अघि एक मात्र छोरोले विदेशी बिहे गर्न लागेको समाचार सुनाउन पनि मलाई सरम लागेको थियो । त्यसैत्यसै शिर निहुरिएको अनुभूति भएको थियो मलाई ।

"भैगो नि, उसको जिन्दगी उसैको खुसी गरोस् । अब उमेर पुगेको छ, जे गर्छ उसैले भोग्छ । आजकल गर्छन् अरूले पनि । विश्व बजारीकरणको युगमा अब देश, जातजाति, धर्मसंस्कार गरेर रुनु पनि व्यर्थ छ । संसारै एउटै घर भइसक्यो । तिमीले पीर गर्नु बेकार छ । अक्षुले भनेजस्तै केटी असल भए भइगयो नि त ।" कति सहजै अक्षुका पिताले स्वीकार गरेका थिए । पिताको मन ! मलाई अचम्म लागेको थियो । तर मैले अमेरिका पुगेर ब्रिटनीसँग साहचार्य नगरुन्जेल ब्रिटनीलाई बुहारीका रूपमा स्वीकार गर्न सकेकी थिइनँ ।

ब्रिटनीप्रतिको मेरो धमिलो र अमिलो मन कतिखेर सँग्लियो र मिठियो मैले नै चाल पाइनँ । अमेरिकामा तीन महिनासम्म छोराबुहारीसँग बिताएर हामी नेपाल फर्किएका थियौँ । त्यति बेला ब्रिटनीसँग छुट्टिनुको पीडामा म बुहारीसँग छुट्टिनुको होइन छोरीसँगको बिछोडको अनुभूतिले दुखेकी थिएँ ।

यो भर्खरैको कुरा हो ।

आजभन्दा एक महिनाअघि हामी अमेरिकाबाट फर्किएको एक हप्ता मात्र बितेको थियो । अचानक सुनिती हाम्रा घरमा आएकी थिई ।

“आन्टी... !”

सधैँ झैँ सुनिती मसँग अँगालोमा टाँस्सिएकी थिई ।

उसका हातको रातो कार्ड उसले त्यहीँ टेबलमा राखिसकेकी थिई । केहीबेरपछि मेरो अँगालोबाट निस्किएकी सुनिती र म सोफामा बसेका थियौँ । सुन्दरतामा उत्साहको रङ पोतिँदा सुनिती थप सुन्दरी देखिएकी थिई ।

“यो...” आफ्ना अघिल्तिरको टेबुलमा भएको रातो कार्ड हातमा लिँदै मैले सुनितीका अनुहारमा हेरेकी थिएँ ।

“आन्टी, पर्सि मेरो बिहे नि, हजुरहरू अमेरिकाबाट नआइस्सेला भनेर मलाई कस्तो टेन्सन लागेको थियो । थ्याङ्क गड, आइस्यो । भन्न त अक्षुले भनेको थियो । तर पनि हजुरहरूलाई नदेखुन्जेलसम्म मलाई टेन्सनै लागेको थियो ।” उसले मैले समातेको कार्डतिर हेर्दै भनेकी थिई ।

“ओहो, कस्तो राम्रो कार्ड रहेछ सुनिती !” कार्ड साँच्चिकै भव्य थियो । आफूले एक मात्र छोरोको साधारण कार्डसमेत नछापी बिहे सकेर आएको पीडा पनि कताकता बल्झिन खोज्यो मभित्र । तर सुनितीको खुसीका अघिल्तिर आफूमा बितिसकेको पीडा बल्झेला भनेर सतर्क भएकी थिएँ म ।

“आन्टी, मैले अक्षात र ब्रिटनीको बिहेको भिडियो र फोटोहरू फेसबुकमा हेरेँ नि ! एउटा कुरा भनौँ आन्टी, हाम्रो अक्षातजस्तो होइन है ब्रिटनी, माइन्ड नगरिस्योस है ? हजुरलाई कस्ती लाग्यो ?” सुनितीले ब्रिटनीको आवरणको कुरा गरेकी थिई ।

“तिम्रो कुरा ठीक हो सुनिती ! रूपमा त अक्षतकी जोडा हुँदै होइन ब्रिटनी तर स्वभावमा झन्डै अक्षतलाई पनि जित्ने खालकी रहिछे त्यो केटी, हामी दुवैलाई अक्षतको रोजाइ मन पऱ्यो सुनिती ! अनि तिमीले पनि आफैँ छानेकी होइन त केटो ? ज्वाइँ काठमाडौँ कै त हुनुहोला नि हैन ?” कार्ड खामबाट झिकिनसकी मैले पनि सोधेकी थिएँ ।

“होइन नि आन्टी, हजुरको ज्वाइँ त लन्डनको नि !” सुनितीको कुरा सुनेपछि मैले हातको कार्डमा नभएर उसको अनुहारमा केही आश्चर्य मिसिएको दृष्टि पोखेकी थिएँ । मैतिर हेरिरहेकी सुनितीको अनुहारमा त्यस क्षण केही गर्वभाव देखेकी थिएँ मैले ।

“तिम्रो चिनापर्ची भएकै होला नि त, कस्तो हुनुहुन्छ उहाँ, तिमीजस्तै फर्साइलो ?” मैले उसलाई उधिन्न खोजेकी थिएँ । सायद मेरो मानस केही समयअघि अक्षतबाट सुनितीबारे प्राप्त जानकारीकै पुष्टि खोज्न उद्यत भएको हुनुपर्छ ।

यसबीच मैले कार्ड खोलिसकेकी थिएँ । कार्डमा वरबधूको नाउँ र उनीहरूका मातापिताको नाउँबाहेकका सामान्य औपचारिकताबाहेक अरू विशेष जानकारी केही हुने कुरा पनि भएन ।

“काँ हुनु र आन्टी, हजुरलाई थाहा छ नि मेरो ममपापालाई त एकदम धनी केटो चाहिने नि ! ममको साथीको एक जना रिलेटिभ लन्डनमा रै’छ । पन्ध्र दिनअघि ममीको त्यही साथीको घरमा ऋषभलाई र उसको ममीपापालाई नि मैले पनि भेटेको हो । त्यसपछि एक पटक फेरि उनीहरूकै घरमा हाम्रो परिवारै लन्च पनि गएको हो । मैले ममलाई भने पनि ‘यो केटो त बोल्दो रैनछ’, ‘तँजस्तो फतौरी हुन्छन् त इज्जतिला मानिस ! धनी मानिसको चालामाला पनि इज्जतिलो हुन्छ । किन बोलिरहनुपऱ्यो भन्या !’ ममले मेरो बोली नै बन्द गर्दिस्यो । हाम्रो घरमा पनि उनीहरूलाई डिनरमा बोलाएको हो । तर

ऋषभ त त्यति धेरै बोल्दै बोलेन । सोधेको प्रश्नको यस, नो भन्छ । त्यति हो । हा...हा...हा..., मलाई पटरपटर गरिरहनुपर्छ, ऊचाहिँ यस, नो मात्र । हा...हा...हा... !"

ऊ सधैँ झैँ मसँग टाँस्सिएरै मज्जाले हाँसिरही । म अचम्ममा परिरहेँ ।

"कति पढेको रे ? हेर्दा कस्ता छन् नि ?" मैले पनि कौतूहल भएरै सोधेकी थिएँ ।

"हेर्दा त राम्रो छ आन्टी, कम्प्युटर इन्जिनियर रे । उसको पापाको लन्डनमै ठूलो बिजनेस छ रे । उनीहरू उहिल्यै उतैको सिटिजन पनि भइसकेको रे । 'त्यस्तो धनीको एउटा मात्र छोरो, त्यो पनि लन्डनको सिटिजन, केटो पढेलेखेको ह्यान्डसम छ । ल भन, अब तँलाई के चाहियो ? माग्न आएको यस्तो राम्रो घरमा खुरुक्कन बिहे गर ! तेरै साथीहरू लन्डन जाने भिसाका लागि मरिहत्ते गर्छन् । यस्तो राम्रो केटो भेटे भने कुन केटीले नगर्लान् यस्तासँग बिहे !' मेरो ममीले भनिस्यो । मलाई पनि ममीको कुरा नै ठीक लाग्यो । बिहे त कसै न कसैसँग गर्नैपर्छ नि आन्टी ! अब आफूले खोजेको ठीकठीकैको केटोसँग बिहे गरौँ न त भने पनि जिन्दगीभरि पैसा कमाउनकै पछि लाग्दालाग्दै सारा इन्ज्वाई नै मर्ने ! आ बरु पैसावालसँग बिहे गरेपछि ढुक्क ! भोलि यत्तिको केटो अर्को नपाइएला, आ... बरु बिहे गरिदियो, ममीको कचकच पनि सुन्नु परेन । ममीले भन्याजस्तै विदेश जाने भिसाको चक्करमा पनि पर्नु परेन । आखिर यहाँ सधैँ बस्ने कुरा पनि त भएन नि आन्टी, मेरा धेरैजसो साथीहरू सबै कताकता पुगिसके, मै मात्र सधैँ यता के बस्नु त भनिस्योस् न हजुर पनि, मैले ठीक गरिनँ त आन्टी ?"

"आन्टी, हजुर त मेरो बिहे हुन लागेको सुनेर खुसी पनि भइस्सेन !" त्यस बेला मेरा अनुहारमा नाचेका विचित्र भाव भेटेरै होला उसले मलाई अप्ठचोरो प्रश्न गरेकी थिई ।

"तिमीजस्ती पढेलेखेकी, टाठीबाठी केटीले अहिलेको जमानाअनुसार आफैँले रोजेको, सङ्गत गरेको केटोसँग पो बिहे गर्नुपर्थ्यो कि ? अनि तिमीजस्ती मायालु छोरी टाढा जाँदा यो टोलै शून्य हुने भो नि नानू !"

मैले शब्दत: उसलाई जबाफ दिँदानदिँदै अब ऊ पूरै मसँग लपेसिइसकेकी थिई ।

"आन्टी मेरो सङ्गतीका बरा यहाँका ठिटाहरू रमाइलो गर्ने खालका मात्र हुन् क्या । तिनीहरूसँग न रूप, न रङ, न त धन ! ऋषभजस्तो बिहे नै गर्नलायक मेरा नजिकमा यहाँ कोही छैनन् । हजुरले देखिस्यो भने हजुरले पनि ऋषभमा केही खोट देखिसिन्न आन्टी ! ऋषभका अगाडि यहाँका सब खाते छन्, आन्टी खाते ! एउटा कुरा भनौँ आन्टी, हाम्रो अक्षुभन्दा पनि पो ह्यान्डसम पो छ ऋषभ त ! नत्र म पनि त ममलाई प्रेसर गर्थें नि ।" उसले मसँग लपेसिएर खुलेरै भनेकी थिई ।

उसका सबै कुरा सुनेर मलाई खुसी पनि लागेको थियो । तर नजिकै भएकी एउटी मायालु केटी, जोसँग यदाकदा मैले पनि मातृत्वभाव पोख्दै आएकी थिएँ, त्यो टाढा हुने भई भन्ने पिरलो पनि मेरा मनमा उम्रेको थियो । आफूसँग टाँस्सिएकी सुनितीको टाउकोमा हात पुऱ्याएर म यसै संवेदनामा गह रसाउन पुगेकी थिएँ । म नबोलेपछि मेरा आँखामा हात पुऱ्याउँदै मेरो आँसु पुछेको हात आफ्नो ओठमा पुऱ्याएर उसले चुमेकी थिई ।

"मेरी प्यारी आन्टी, हजुरका यी अमूल्य आँसु भुइँमा खस्नुहुन्न ।" हामी दुई भलाकुसारी गरेका बेला भावावेशमा मेरा गह रसाएका बेला प्राय: ऊ यसरी नै मेरा आँखा पुछेर चुम्दै आफ्नो मायामा मलाई थप भिजाउने गर्थी । उसको यही मायालुपनले मलाई ऊसँग थप गाँसेर लैजाने गर्थ्यो ।

त्यस दिन कार्ड बन्द गरेपछि मनभरि अक्षतले सुनितीका बारे सुनाएका जानकारीहरू हुँडल्दै फेरि सुनितीतिरै लक्षित म उसका कुराले थप हुँडलिएकी थिएँ । तर सुनितीका अनुहारमा त्यसरी उसकी ममीका इच्छाले बिहे गर्नुपरेको पीडाभन्दा पनि गतिलै वरसँग बिहे गर्न पाएको गौरवी भाव नै छाएको थियो । त्यसैले यस विषयमा थप चिन्तन गर्न मलाई पनि त्यस बेला उपयुक्त लागेको थिएन । यत्तिचाहिँ हो, मैले आफूले भोगिआएको युगका तुलनामा अहिलेका युगका नारीले पाएको असीमित स्वतन्त्रताबारेका आश्चर्य र रोमाञ्चकतामिस्रित रङ्गीविरङ्गी फूलहरू मेरा मानसमा पनि फुलेका थिए । तर त्यस बेला मेरा लागि अरू सबै कुरा गौण भएका थिए र आफ्नै काखमा हुर्किएकी आफ्नै सन्तानसरहकी सुनितीले जसरी पनि सुख पाओस्, खुसी रहोस् भन्ने मेरो ऊप्रतिको समग्र कामना प्रबल रहेको थियो ।

"आन्टी, ममीले सपिङ जाने कुरा गरिस्सेको थियो । म त एकैछिनका लागि हजुरकोमा आएकी थिएँ । हजुरसँग भेटेपछि समय बितेको पनि पत्तो हुँदैन मलाई । हजुर म टाढा हुने पीर नगरिस्योस् न, हामी सञ्जालमा दिनदिनै भिडियो च्याट गरौँला । यताभन्दा पनि धेरै भेटिन्छ सञ्जालमा । म पछि हजुरहरूलाई पनि लन्डन बोलाउँछु नि ! पखिस्योस् न ! म त हजुरकी छोरी हुँ नि !

आज मार्छ ममले, 'लक्ष्मुमनेले कार्ड पुऱ्याउँछ, तँ जानु पर्दैन' ममले भन्या हो, 'होइन, आन्टीअङ्कललाई म आफ्नै हातले दिन्छु, तुरुन्तै आँउछु' भनेको थिएँ । हेरिस्योस् न ममको कति मिसकल !"

टेबुलमा राखेको साइलेन्ट मोडमा भएको मोबाइल टिपेर हेर्दै जाने बेलामा फेरि मसँग लपक्कै टाँस्सिएर मेरा गालामा सुनितीले तातो चुम्बन पस्केकी थिई । मैले पनि उसका निधारमा चुमेकी थिएँ ।

कार्डअनुरूपकै सुनितीको बिहे पनि भव्य रूपले सम्पन्न भएको थियो ।

उसको बिहे भएको एक महिना पनि नपुग्दै अचानक उसलाई आज भेट्दा मलाई आश्चर्यजनक खुसी लागेको थियो ।

तीन दिनअघि मसँग केहीबेर कुरा गरेर, मलाई आन्दोलित पारेर गएकी सुनिती त्यस दिन मध्याह्नमा मेरा घरमा आएकी थिई । त्यस दिन मैले सुनितीको उज्यालो अनुहार धूमधामको कालो बादलले छोपेको देखेँ । उसका चञ्चल मृगनयन सुन्निएका र उदास थिए । आँखामुन्तिर गहिरो खाडल र कालो छाया परिसकेको थियो । एक महिनाअघि मसँग टाँसिएर बिदा भएकी सुनिती र आज यहाँ मेरा सामुन्ने भएकी सुनिती एउटै हो भन्न पनि नहुने गरी परिवर्तित थिई ऊ । तीन दिनअघि मैले उसमा देखेको परिवर्तनमा पनि अझै थपिएको अकल्पनीय परिवर्तनले मलाई निकै आश्चर्यमा पार्दै, दु:खीसमेत पारेको थियो ।

म सुनितीलाई लिएर आफ्नो शयनकक्षमै पुगेँ । त्यसो त घरमा यस बेला अरू कोही थिएनन् पनि । अक्षुका बाबा अदालततिर गएका थिए । तर पनि सुनितीसँग म प्राय:जसो शयनकक्षमै गफिने गरेका कारण पनि हामी उतै पुगेका थियौँ । शयनकक्षको ढोका पनि मैले भित्रबाट बन्द गरेँ । पहिलेपहिलेजस्तै सुनिती मेरो बिछ्यौनामै ढल्केकी थिई । म तकिया पेटमा अडचाएर उसको सामुन्नेमा बसेकी थिएँ ।

“आन्टी, मलाई जिन्दगीले नराम्रोसँग ठग्यो ।” केहीबेर चुपचाप ढल्केकी ऊ यति बोलिसकेर रुन थालेकी थिई । मैले आफ्नो दाहिने हातले उसको गाला थपथपाएकी थिएँ । उसको अवस्था देखेर नै संवेदना रसाएको मेरो मानसगहबाट बग्न उद्यत थियो । त्यसैले मेरो पनि केही बोल्ने अवस्था थिएन । ऊ केहीबेरसम्म त्यसरी नै रोइरही । म चुपचाप उसका आँसुमा आफ्नो पनि आँसु मिसाउने उपक्रममा मात्र रहेँ ।

बाँकी समय मौन बितिरह्यो ।

"बिहे गरेको तीन दिनपछि ऋषभ र उसको ममपापासँग लन्डनको उनीहरूको घरमा म पुगेकी थिएँ । साँच्चै लन्डनमा उनीहरूको सुन्दर बङ्गला, कार र ठाँटबाट देख्दा म त छक्कै परेकी थिएँ । अझ घरमा काम गर्ने बेलायती न्यानी पनि देखेर म अर्को आश्चर्यमा परेकी थिएँ ।

दुई दिन आराम गरेपछि ऋषभको ममले मलाई सपिङ लगिन् र मलाई जेजे चाहियो त्यहीत्यही किनिदिइन् । उनले मेरो हरेक सानोसानो कुरा पनि याद गरेको देख्दा मलाई धेरै खुसी र अचम्म पनि लागेको थियो । मेरो आफ्नो ममले पनि त्यति धेरै खोजी र वास्ता गरेको मलाई थाहा थिएन । सासू भनेको त दुष्ट हुन्छन् भन्ने सुन्दै आएकी मलाई यस्ती माया गर्ने सासू पाएकोमा आफूलाई मैले भाग्यमानी ठानेकी थिएँ । ऋषभका पापा बिहान हामी उठ्नुअघि नै आफ्नो व्यापारमा गइसकेका हुन्थे । उनी बेलुकी निकै अबेर मात्र घर फर्किन्थे । घरमा ऋषभकी मम, ऋषभ र म हुन्थ्यौँ । मम र न्यानी भएर किचन र घरको सारा काम गर्थे । मलाई ममले भर्खरै रिलिज भएका हिन्दी फिल्मका क्यासेट दिन्थिन् र हेरेर बस भन्थिन् । ऋषभ त जतिखेर पनि कम्प्युटरमा हुन्थे । बेलुकी पनि अबेरसम्म उनी कम्प्युटरमा मात्रै हुन्थे ।

म उनीसँग कुरा गर्न चाहन्थेँ । तर उनी मुसुक्क हाँसेर मेरो प्रश्नको यस, नोबाहेक कुनै जबाफ दिँदैनथे । पन्ध्र दिनसम्म पनि मैले ती सब कुरालाई सहज रूपमै लिएँ । म पनि लन्डन, नयाँ परिवार, खानपिन, रहनसहन आदिमा परिचित हुने कोसिसमा थिएँ ।

म दिनदिनै ऋषभसँग एकान्तमा बात मार्न, रमाइलो गर्न उत्साही हुँदै गएकी थिएँ । तर ऊ भने मसँग एकैनासको व्यवहारमा थियो ।

'कस्तो केटो होला, चासै छैन ।'

मलाई लाग्न थालेको थियो । नेपालमा मसँग हुरुक्क हुने र मेरो रूप र बैँसको बयान गरेर नथाक्ने मेरा केटासाथीहरू सम्झन्थेँ ।

'यस केटाको अर्को केटी छ भनौँ भने पनि यो कतै गएको पनि देखेको छैन । खालि कम्प्युटरमै मात्र बसेको देखिन्छ ।'

मेरो मनमा खुलदुली भएको थियो । राति पनि जहिले पनि म सुतेपछि कुन बेला कोठामा आउँछ मलाई थाहै हुँदैन, बिहान निकैबेर सुत्छ । त्यसैले त्यस दिन मैले अठोट गरेँ । यसरी भएन । अब मैले नै खोजी गर्नुपर्ने भो । आज राति ऋषभ नआउन्जेल म नै पर्खेर बस्नुपऱ्यो । भर्खर बिहे गरेका लोग्नेस्वास्नीको जीवन पनि कहीँ यस्तो हुन्छ र ? साथीहरूले 'हनिमुनमा कता गयौ, कता जान्छौ, ल केटी मोज गर ।' केके लेख्छन् केके ? मलाई भने तिनीहरूलाई के मात्र भनेर जबाफ दिनु पनि भएको थियो ।

सासूसँग पनि मलाई क्रोक चल्न थालेको थियो । यति धनी मानिसले छोराबुहारीलाई हनिमुन पठाउनु पर्दैन । कुरै गर्दिनन् । 'खालि तिमीलाई के चाहिएको छ ? कुन सिनेमा हेर्छ्यौ ?' भन्छिन् । म के यहाँ सिनेमा हेर्न आएकी हुँ र ? अब मैले नै 'हामीलाई हनिमुन पठाउनुस्' पनि भन्नु भएन । अझ भएन छोरो पनि ममा चासै नराख्ने ! यिनीहरू कस्ता खाले मानिस हुन कुन्नि !

ऋषभलाई पर्खिएर बसेका बेला मेरा मनभरि यस्ता कुरा पनि त्यस रात आएका थिए । तर म त्यस रात सबै कुरा बिर्सिएर ऋषभको प्रतीक्षामा थिएँ र त्यस रात ऋषभसँग रमाइलो गरिछोड्ने मनस्थितिमा उत्साह सँगालेर बसेकी थिएँ ।

अन्तत: सधैँ झैँ रात निकै बितेपछि उनी आएर वासरुम पसे र नाइट गाउन लगाएर फर्के । सधैँजस्तै मेरो अनुहारमा एक पटक हेरेर मुसुक्क हाँसे अनि ठूलो पलङको एकापट्टि लम्पसार परे । मेरो मादक शरीरपट्टि उनले खासै ध्यानै दिएनन् ।

'अब भएन, आज मै पहल गर्छु !'

यिनले किन मेरो बेवास्ता गर्छन् । म त भर्खरै विवाह गरेर आएकी स्वास्नी पो हुँ त ! मैले दृढ निश्चय गरिसकेकी थिएँ । ढोकाको साँचो भित्रबाट लगाएँ । बल्ब पहिले नै मधुरो थियो ।

उनको छेउमै गएर टाँस्सिएर सुतेँ र उनलाई अँगालो हालेँ । उनले कुनै प्रतिक्रिया जनाएनन् । आज मैले आफ्नो उद्देश्य पूरा गर्नु नै थियो । त्यसैले मैले उनको सर्टको बटन खोलेँ । नाङ्गो उनको छातीमा एकैरत्ति पनि रौँ थिएन । केटीको गालाजस्तै केटाको चिल्लो छाती देखेर मलाई अचम्म लागेको थियो । मलाई केटाको छातीमा भएको रौँसँग खेल्न असाध्य मन पर्थ्यो । तर मैले त्यस बेला त्यतातिर पनि त्यति ध्यानै दिइन । उनी निष्क्रिय थिए । मैले नै बाध्य भएर उनको पाइजामा पनि तलतिर सारिदिँदै खोलिदिएँ । उनमा कुनै हलचल थिएन । उनको ओठमा भने यथावत् मुस्कान थियो । पाइजामा खोलेपछि मेरा दृष्टि उनको अन्डरवेयरको अघिल्लो पाटोमा अडियो । त्यहाँ मैले पुरुषहरूको देखिने पुरुषत्वको उचाइ देखिनँ । त्यति बेलै अलि अचम्ममा पनि म परेकी थिएँ । त्यसपछि मैले उनको अन्डरवेयर पनि तलतिर तानेँ । त्यति बेला भने उनले आफ्नो हातले अन्डरवेयरलाई माथितिर तानेर सामान्य विरोध जनाउन खोजेका थिए । त्यस बेला उनको विरोधको मलाई कुनै अर्थ थिएन । म उत्तेजनाको प्रखरावस्थामा पुगिसकेकी थिएँ । तर उनको अनुहारमा यथावत् मुस्कानबाहेक अरू कुनै प्रतिक्रिया थिएन ।

मैले उनको हात सरक्क पन्छाएर उनको अन्डरवेयर तल सारेँ । त्यहाँ देखिएको दृश्यले मलाई सखाप पारेको थियो । आन्टी... !"

एकनास बोलिरहेकी सुनितीका कुरा सुनेर कुनै सिनेमा हेरेझैँ भएर म लाटिएकी थिएँ । सुनिती बोल्न छोडेपछि म बिउँझिएझैँ भएकी थिएँ ।

"नानू !" मैले सुनितीको हात दह्रोसँग समातेकी थिएँ ।

"आन्टी ! त्यहाँ केही थिएन आन्टी ! ऋषभको अन्डरवेयरभित्रको ठाउँमा एउटा सानो प्वाल मात्र थियो । त्यसपछिको समयमा मलाई के भयो थाहा छैन । त्यस बेलाको अर्धबेहोसी अवस्थामा पुगेकी मलाई आफूले पहिरेको पारदर्शी नाइट गाउनको पनि हेक्का भएन, झन्डै अर्धनग्न अवस्थाकी म चिच्च्याउँदै आफ्नो कोठाबाट निस्केर सासूससुराको ढोका पिट्न पुगेकी थिएँ ।

आधा रातमा म चिच्च्याएको सुनेर सासूससुरा दुवै एकैसाथ ढोका खोलेर मेरा सामु उभिएका थिए ।

'के भो बुहारी, सपना नराम्रो देख्यौ ?' सासूले मलाई अँगाल्न खोजेर सोधेकी थिइन् । 'तपाईंले किन मेरो जिन्दगीसँग खेल्नुभो ? तपाईंको त्यस्तो छोरोसँग किन मेरो बिहे गर्नुभो ? तपाईंहरू पापी रै'छ । भो मलाई यस्तो घरमा बस्नु छैन । मलाई नेपाल पठाइदिनुस् । म भोलि नै फर्किन्छु ।' म सासूमाथि झम्टेकी थिएँ र मैले रुँदै, चिच्च्याउँदै भनेकी थिएँ ।

'यस्तो दिन आउँछ भन्ने मलाई थाहा थियो सगुन ! तिम्रो जिद्धीले गर्दा यस्तो दिन पनि आयो । लौ अब आफ्नो सोखको नयाँ तमासा हेर !' ससुराले सासूलाई भनेका थिए ।

'मलाई पनि के थाहा र यस्तो हुन्छ भनेर अनुप । लौ न अब के गर्ने ?' रुन्चे स्वरमा सासू ससुराको आडमा पुगेर बोलेकी थिइन् । मेरो बीभत्स रूप देखेपछि सायद सासू पनि डराएकी थिइन् ।

मलाई त्यस बेला लाज, डर, घिनको अर्थै थिएन । ममाथि सिङ्गै आकाश खसेको थियो । मेरो होसहवास सबै उडेको थियो ।

सासू मेरो सामना गर्न नसकेर कुन बेला कुन बेला त्यहाँबाट लुसुक्क भागेकी थिइन् । ससुराले मलाई पाखुरामा समातेर आफ्नो

कोठामा भएको एउटा सोफामा बसालेका थिए । रोइरहेकी मेरा गालाको आँसु उनैले पुछेका थिए । म पूरै बेहोस हुने अवस्थामा पुगेकी थिएँ । बेहाल भएको मनस्थितिमा भएको मेरो शरीरसँग पनि मलाई त्यस बेला केही सरोकार थिएन । त्यस बेला अनुभवी मेरा ससुराले मलाई शान्त पार्न कलात्मक रूपले मेरा संवेदनशील अङ्गहरूसमेत स्पर्श गरेका थिए । मैले पनि त्यस बेला उनका कुनै पनि क्रियाकलापप्रति कुनै बाधाविरोध गरेकी थिइनँ । कति बेरसम्म रुँदारुँदै त्यस रात त्यही सोफामा म एक रूप्को निदाएछु क्यारे ।

म बिउँझिँदा कोठामा कोही थिएनन् । एकैछिन निद्रामा परुन्जेल सबै थोक बिर्सिए पनि बिउँझिनासाथ बिपनाको तीतो सत्यले मलाई पुनः थङथिलो पारेको थियो ।

म बिस्तारै त्यस कोठाबाट बाहिरिएकी थिएँ । आफ्नो अर्धनग्न अवस्था थाहा पाउँदा त्यस बेला म आफैँलाई लज्जाबोध भएको थियो । म हतारहतार आफ्नो कोठामा पुगेँ । त्यहाँ ऋषभ थिएन । म वासरुम पसेँ । त्यहाँको ड्रेसिङ टेबुलको ऐनामा आफ्नो अनुहार मैले अर्कै देखेँ । हिजोसम्म विजयको उन्मादले उन्मत्त आभा भरिएकी म आज पराजयको सिकार भएर लत्रक्क परेकी थिएँ । छविमा देखिएकी म स्वयम् मेरै लागि बिरानो लाग्यो मलाई ।"

यति बोलेपछि सुनिती थाकेजस्तै गरी चुप लागेकी थिई । सुनितीको कथा सुनिरहँदा मलाई नै पनि मानसिक रूपले लामो यात्रा गरेझैँ थकाइ लागेको थियो । मैले सुनितीका लागि पल्लो कोठामा भएको फ्रिजबाट ठूलो गिलासमा र आफ्ना लागि सानो गिलासमा जुस हालेर ल्याएँ । सुनितीले एकै सासमा जुस रित्याएकी थिई । मैले बिस्तारै पिइरहेँ । उसको पीडाले मसमेत पीडित भएकी थिएँ । मलाई त्यस बेला उसको अनुहार हेरिरहन पनि गाह्रो भएको थियो ।

तर म आफू कथाकार र ऊ पात्र भएकै कारण पनि मलाई ऊभित्र खामिएको उसको कथा अझै पोख्न मन थियो ।

"अनि ?" मैले एक झल्को सुनितीको आँखामा हेरेर पुन: आफ्नो दृष्टि फेर्दै उसको कथाप्रति कौतूहलता व्यक्त गरेकी थिएँ ।

सुनिती केहीबेर बोलिन ।

"त्यसपछि वासरुममै मैले आफूलाई बलियो बनाएर जसरी पनि आजै नेपाल फर्किन्छु भन्ने निर्णयमा पुऱ्याएँ । अनि आफ्ना आवश्यक सामाग्रीको साथमा लगेज तयार गरेँ । त्यसपछि चकमन्न त्यस घरमा मैले मानिसको खोजी गरेँ । तर त्यस घरमा कोही थिएन । भूतघरजस्तो घरमा सधैँ आउने न्यानी पनि थिइन । 'सबै जना कता गए ?' मैले आफैँले आफूलाई प्रश्न गरेकी थिएँ । त्यसै बेला मेरो मोबाइल बजेको थियो । पहिलो पटक स्थानीय नम्बरबाट मेरो मोबाइलमा फोनको घण्टी बजेको थियो ।

'तिमी फ्रेस भयौ ? त्यहाँ डाइनिङ टेबुलमा तिम्रा लागि ब्रेकफास्ट राखिएको छ, खाऊ । केहीबेरमा तिमीलाई लिन मेरो ड्राइभर आउनेछ । उसैसँग तिमी मेरो अफिसमा आउनु । त्यसपछि जे गर्नुपर्छ हामी गरौँला !'

मैले केहीबेर उताको आवाज सुनेपछि मात्र चिनेकी थिएँ । ती ऋषभका पिता थिए । मलाई भोक बेसरी लागे पनि खाने इच्छा थिएन । तर मैले नखाएर पनि आफ्नो उद्देश्य पूरा गर्न सम्भव थिएन ।

मैले ब्रेकफास्ट सक्नासाथ डोरबेल बजेको थियो । डोरहोलबाट बाहिर हेर्दा आँगनमा गाडी र ढोकामा ड्राइभरजस्तै पोसाकमा गोरा नै थियो । त्यसपछि म उक्त गाडी र ड्राइभरका सहयोगले ऋषभका पिताको अफिसमा पुगेकी थिएँ । अझै पनि मेरो मस्तिष्कले सहज भएर काम गरिरहेको थिएन । त्यसैले म ती गोरा ड्राइभरको पछिपछि मात्र

हिँडिरहेकी थिएँ । हिजोको आजै मैले आफूलाई एकदम फरक मनस्थितिमा पाएकी थिएँ । हिजोसम्मको मेरो झलमलाउँदो संसार एकदम अन्धकारमा परिणत भएको थियो । त्यस अन्धकारमा मैले आफू हिँड्ने बाटो पहिल्याउन पनि मलाई गाह्रो भइरहेको थियो । निकै ठूलो घरमा पुऱ्याएर लिफ्टमा समेत चढाउँदै ड्राइभरले नै मलाई बाटो देखाइरहेका थिए । अनुप एन्ड सगुन एसोसिएट्सको अफिस निकै ठूलो थियो । ड्राइभरले क्रमिक रूपले कोठा र प्यासेजहरू पार गराउँदै अन्ततः मलाई ढोकामा ऋषभका पिताको नाउँ लेखिएको कक्षमा पुऱ्याएको थियो । उक्त कोठाको ढोकाबाट मलाई भित्र छिराएर ड्राइभर बाई गर्दै बिदा भएको थियो ।

'कस्तो छ अहिले तिमीलाई सुनिती ?' ऋषभका पिताले मन्द मुस्कानका साथ मलाई निकै आँखा गाढेर हेर्दै प्रश्न गरेका थिए ।

'मेरो नेपाल फर्किने टिकटको व्यवस्था भयो ?' अब मैले यी मानिससँग कुनै शिष्टाचार राख्नु छैन भन्ने निर्णय गरेकीले उनको अनुहारमा कठोरतापूर्वक हेरेर प्रश्न गरेकी थिएँ । तिनको कुटिल मुस्कानमा मैले हिजो राति उनीबाट मेरो संवेदनशील क्षेत्रमा गरिएको स्पर्श मुछिएको अनुभूति गरिसकेकी थिएँ । तिनको मप्रतिको नियत पनि गतिलो नभएको अब मलाई पूरै थाहा भइसकेको थियो । त्यसैले पनि ती व्यक्तिप्रति मेरो कठोर भाव प्रस्तुत भएको थियो । मेरो जीवन बरबाद गर्ने यी पनि एक अपराधी हुन भन्ने यथार्थले पनि मलाई उनीसँग सहज बनाउने कुरै थिएन ।

मेरो कठोर प्रश्नपछि पनि उनी भने सहज रूपले नै आफू बसिरहेको घुम्ने कुसीबाट उठेर म बसेकै सोफाअघिल्तिर आएर बसेका थिए ।

'हेर नानी, अब सबै कुरा तिम्रासामु खुलिसकेको छ । तिमीले रिसाएर समय र आफ्नो उमेर पनि खराब नगर । हिजोको तिम्रो

व्यवहारले आत्तिएर सगुन र ऋषभ सिङ्गापुर गइसके ।' तिनको यस जानकारीले घरको चकमन्नताबारे मलाई स्पष्ट पारेको थियो ।

'अपराधीले भाग्नैपर्छ नि, के अनौठो कुरा भयो र ? भैगो मलाई अरूको कुराको के मतलब ? म आजै नेपाल फर्कन्छु । मेरो टिकट खोइ ?' मैले अलि झर्केरै भनेकी थिएँ ।

'सुनिती, सगुनले पनि अपराधै गर्छु भनेर गरेकी त होइन, तर मोहजालले यस्तो बनाउन पुग्यो ।' उनले भनेका थिए ।

'तीस वर्षअघि हामी दुईबाटै सन्तान हुन नसक्ने मेडिकल रिपोर्ट आएको थियो । उक्त रिपोर्ट पढेपछि हाम्रो सुखका दिन सकिएको थियो । मैले त सगुनको अनुहार र अफिसको व्यस्तताले सन्तानमा खासै महत्त्व राखिनँ । तर सगुनलाई सन्तान चाहिएको थियो । नेपालबाट धर्मपुत्र वा धर्मपुत्री ल्याउन सकिन्थ्यो । तर त्यस्ता अधिकांश धर्मपुत्र वा धर्मपुत्रीहरू हुर्केपछि आफ्ना मातापिताकै खोजीमा लागेको देखिएको थियो ।

'क्लोनिङ बेबी चाहिएमा सम्पर्क राख्नुहोला ।'

त्यसैताक सगुनको इमेलमा कसैले एउटा विज्ञापन हालिदिएको रहेछ । त्यहाँ दिइएको फोन नम्बर र इमेल ठेगानामा सम्पर्क राखेर सगुनले उक्त क्लोनिङ बेबी सन्दर्भका यावत् कुराहरू बुझिछन् । त्यसपछि उनले उक्त बेबीका लागि अमेरिका जाऔँ भनेर मलाई हुटहुटी लगाउन थालेकी थिइन् ।

'कसैको हक पनि नलाग्ने, हामीले पैसा तिरेपछि हाम्रो हुने, हाम्रै लागि ती वैज्ञानिकले बेबी बनाएका रहेछन् । मेरो सपना बिपना हुने भयो । हाम्रो पनि एउटा बच्चा हुने भयो । प्लिज अनुप हामी छिट्टै जाऔँ न । मेरा लागि तिमीले फेरि अरू केही गर्नु पर्दैन । यो एउटा बच्चा मेरा लागि किनिदेऊ ।' सगुनको आग्रह दिनदिनै जिद्धीमा परिणत हुन थालेको थियो । हुँदाहुँदै सगुनले खान पनि छोडेकी थिई ।

भर्खरै व्यापारमा केही अघि बढेको अवस्थामा त्यति धेरै पैसा तिरेर बच्चा किन्ने मनसायमा म थिइनँ । तर बिस्तारै सगुनचाहिँ जीवनमरणकै सवालमा पुगेपछि मैले हारिदिएको थिएँ । त्यसपछि हामी अमेरिकाको न्युयोर्क सिटीको निश्चित ठेगानामा भएको वैज्ञानिकको प्रयोगशालामा पुगेका थियौँ ।

समाचार सत्य थियो । विश्वमा पहिलो पटक सफलतापूर्वक उत्पादन गरिएको क्लोनिङ बेबी बिक्रीमा राखिएको रहेछ । तर हाम्रो दुर्भाग्य, परीक्षणका रूपमा उत्पादन गरिएका तीनवटा क्लोनिङ बेबीमध्ये दुई बेबी बिक्री भइसकेका थिए । एउटा मात्र बेबी अब बाँकी रहेछ । सगुनले बेबी देख्नासाथ मोहित भएर बेबीलाई आफूसँग टाँसिसकेकी थिइन् ।

'यो बिक्रीका लागि होइन ।' प्रयोगशालाको म्यानेजरले भनेको थियो । त्यसपछि हामी उक्त प्रयोगशालाका प्रमुख वैज्ञानिक म्यासेसँग भेट्न गयौँ । सगुनले आँखाभरि आँसु पारेर म्यासेसँग बेबी आफूलाई बेच्नका लागि अनुरोध गरेकी थिई ।

'यस बेबीमा प्रोडक्सन इरर छ । त्यसैले हामी यो बेबी बिक्री गर्दैनौँ । किनभने यस बेबीको सेक्सुअल अर्गेन छैन ।' वैज्ञानिक म्यासेले जानकारी गराएका थिए । तर सगुनले उसका कुनै कुरा नै सुन्न मानिन । ऊ एकनास 'बेबी मलाई देऊ, मलाई बेबी देऊ' भनेर रुन थाली ।

'सगुन, म्यासेको कुरा ठीक हो, यस्तो बेबी किन किन्नुपर्‍यो । जिद्दी नगर ।' मैले सगुनलाई सम्झाउने कोसिस गरेको हुँ ।

'अनुप, मलाई यही बेबी चाहिन्छ, मलाई उसको सेक्सुअल अर्गेन किन चाहियो र ? म तिमीसँग फेरि जिन्दगीमा केही माग्दिनँ, तिमीले जे भने पनि मान्छु । तिमीले मलाई किनिदिएका सबै गहना पनि तिमीलाई नै दिन्छु । रियल स्टेटको मेरो सबै सेयर पनि तिमीलाई

नै फिर्ता दिन्छु । तर मलाई यो बेबी किनिदेऊ ।' सगुनको एकोहोरो ढिपीमा म मात्र होइन, म्यासे पनि गलेका थिए ।

वैज्ञानिकले डिस्काउन्ट गरेर दिन्छु भनेको भए पनि मैले ऋषभका लागि गतिलै दाम तिर्नुपरेको थियो ।

'यो लिगल व्यापार होइन, त्यसैले यसको बिल तपाईंहरूले पाउनुहुन्न । मेरो साथीको मेटर्निटी हस्पिटलबाट म वर्थ सर्टिफिकेट बनाउन लगाइदिन्छु । त्यसका लागि तपाईंहरूले थप अलिकति पैसा उक्त हस्पिटललाई तिर्नुपर्छ ।'

म्यासेले जे भने पनि मैले सगुनका लागि सबै कुरा सहज पाराले स्वीकार गर्नुको विकल्प मसँग त्यस बेला अर्को थिएन पनि । यो लोग्नेमानिस भन्ने जात स्वास्नीका अघिल्तिर किन यति कमजोर हुन्छ ? मैले कहिल्यै बुझ्न नसकेको कुरा यो, बुझ्यौ सुनिती ! स्वास्नीले रुँदै भनेपछि चाहिँदोनचाहिँदो जे कुरा पनि थपक्क मान्ने जात हो लोग्ने भनेको । लोग्नेहरूको स्वास्नीका आँसुका अघिल्तिर विवेक भन्ने त हुँदै नहुने रहेछ, बुझ्यौ ? त्यस बेला सगुनका आँसुका धाराका अघिल्तिर मेरो पनि विवेक हराएको थियो । मैले नहुने कुरामा सगुनका सामुन्ने हारेको थिएँ । त्यसैले सगुनको सन्तुष्टिका अघिल्तिर मैले पैसाको मुख पनि हेरेको थिइनँ । यसरी सगुनले ऋषभलाई हाम्रा घरमा ल्याएकी थिई ।

ऋषभ सगुनको जीवनमा नआउन्जेल सगुनले नाना थरीका रोगव्याधीहरू बोकेकी थिई । तर ऋषभ उसको जीवनमा आउनासाथ जादु भए जसरी ऊ चङ्गा हुन थाली । ऊ क्रमश: रोगहरूबाट मुक्त हुँदै गएकी थिई ।'

ऋषभका पापाको कुरा सुनेर म त्यस बेला केही बोल्न सकेकी थिइनँ । संसारमा यस्ता पनि घटना हुँदा रहेछन् भनेर म त अचम्म नै परेकी थिएँ ।

'यतिसम्म त ठीकै थियो, सुनिती ! मैले ऋषभको बिहे नगरौँ' भनेर सगुनलाई धेरै सम्झाएँ । तर सगुनले फेरि अर्को जिद्धी समातेकी थिई । उसलाई ऋषभकी राम्री दुलही भित्र्याउने रहरले उद्युम मच्चाएको थियो ।

'समस्या पर्छ, ऋषभ बिहे गर्नलायक छैन सगुन !' मैले पटकपटक भनेको हुँ ।

'नेपालको केटी बिहे गर्ने । सबै म सम्हाल्छु, तिमी केही चिन्ता नगर । तिमीले गर्दा मैले मातृत्व सुख प्राप्त गरेँ । म तिमीसँग जन्मजन्मसम्म अनुगृहीत त छु नै । तर यत्ति ऋषभको बिहे गरिदिऊँ त्यसपछि म तिमीसँग केही माग्ने छैन ।' सगुनले पुन: जिद्धी गरेकी थिई । म फेरि पनि पत्नीमोहमा परेँ । सुनिती ! अन्तत: यस अपराधमा म पनि सामेल भएँ ।'

त्यस बेला अनुपको स्वर साँच्चै आद्र भएको थियो आन्टी । एकैछिन मैले पनि आफूमाथि परेको बज्र बिर्सेर उनको पीडालाई आत्मसात् गर्न पुगेकी थिएँ । विवश लोग्नेमानिसको यो पीडाले कताकता मलाई आत्मसन्तुष्टि पनि दिन खोजेको थियो ।

अनुपले यो सबै कथाव्यथा मसँगै सोफामा टाँस्सिएर बसेर सुनाएका थिए । उनी मसँग अलि बढी नै टाँस्सिएको आभास भएपछि म त्यस सोफाबाट उठ्न खोजेकी थिएँ ।

'बस न सुनिती, बस, हिजो रातिको तिम्रो अवस्था देखेर मलाई निकै पीर पर्‍यो । एउटी युवतीको त्यस अवस्थालाई म महसुस गर्न सक्छु ।' यसो भनिरहँदा उनले मेरा दुवै हात आफ्ना दुवै हातका बीचमा राखेर केही थिचेका थिए । मलाई उनको यो चर्तिकला ठीक लागेन । म उनीसँगैबाट जुरुक्क उभिएर अलिपर गएकी थिएँ ।

'हेर्नुस्, अब मलाई अरू कुनै कथा सुन्नु छैन । तपाईं मेरा लागि नेपालको हवाईटिकटको बन्दोबस्त गरिदिनुस् । म तुरुन्त नेपाल फर्कन चाहन्छु ।' मैले अलि कठोर भएरै भनेकी थिएँ ।

'हेर सुनिती, तिमीलाई नेपालको टिकट लिइदिएर नेपाल फर्काउनु मेरा लागि ठूलो कुरा होइन र तिम्रै लागि पनि यो ठूलो कुरा हुने छैन । तर तिमी नेपालबाट त्यस्तो धूमधामले बिहे गरेर आएकी हौ । अब एक्लै नेपाल फर्किएर कोकोसँग केके जबाफ फर्काउँछौ ? ठीक छ यहाँ तिमी ऋषभकी दुलही भएर अब नबस न, म तिम्रा लागि राम्रो जागिर, अपार्टमेन्ट र भेइकलको व्यवस्था पनि गरिदिन्छु । हप्ताको छ दिन तिमी जोसँग जे गर मेरो तर्फबाट तिम्रो स्वतन्त्रतामा कुनै अवरोध हुने छैन । तर मसँग हप्तामा एक रातचाहिँ तिमीले बिताउनुपर्छ ।'

वार्द्धक्य प्रवेश गरिसकेको व्यक्तिले मसँग यो कस्तो प्रस्ताव राख्दै छन् ? जसलाई उनैले पुत्रबधूका रूपमा सम्बोधनसमेत गरिसकेका थिए, उसैसँग यो कस्तो सम्बन्धको आग्रह गरिरहेका छन् ? तिनको कुरा सुनेर मेरो मस्तिष्कले काम गर्न नसक्ने जस्तो भएको थियो । मेरो सारा शरीरमा दनदनी आगो सल्केझैँ भएको थियो । मलाई तिनको अनुहारमै थुकिदिऊँझैँ भएर दिगमिग पनि लागेको थियो ।

'छि... छोरीसमान मसँग, हिजोसम्मकी बुहारीसामु यस्तो घृणित प्रस्ताव राख्न तपाईंलाई सरम पनि लागेन ?' म निक्कै कड्केर नै उनीसँग बोलेकी थिएँ । यसरी बोल्दा मेरो शरीर कामिरहेको थियो ।

'सुनिती ! एउटी परिपक्व स्त्रीसँग अर्को परिपक्व पुरुषले सहमतीय समागमका लागि अनुरोध गर्नुमा सरम मान्नुपर्ने कुनै कारण छैन । स्त्रीपुरुष यौनसम्बन्ध भनेको सहमतीय हुनुपर्छ । चलिआएको सामाजिकता बिगारेर पशुवत् रूपमा चौरमा बसेर मानवीय यौनक्रिया सम्पन्न गरिनु हुँदैन । चार पर्खालको बन्द कोठाभित्र यौनानन्द ग्रहण गर्न पाउनु मानवीय जीवनको उपलब्धि हो । पारम्परिक हिसाबले पुस्ता र वैज्ञानिक हिसाबले जिनभित्र सन्तानको जायजन्म हुनु वंशका लागि नै हितकर मानिँदैन । तर तिमी मेरी छोरी होइनौ न ऋषभ नै मेरो छोरो हो । अनि मानसपुत्र ऋषभद्वारा तिमीसँग शारीरिक सम्बन्ध

पनि राखिएको छैन । अझ यौनको आकाङ्क्षा पूरा हुन नसक्नाले विक्षिप्त भएकी तिमीसँग मैले हिजो राति नै त्यस्तो सम्बन्ध राख्न सक्नु पर्थ्यो । तिम्रो आवश्यकता बुझेर पनि हिजोको वातावरणमा मैले सामाजिकताको पालना गर्नु आवश्यक थियो । त्यसैले मैले हिजो आफ्नो धर्म पालन गर्न सकिनँ । तिमी जीवन भोगाइको प्रारम्भिक अवस्थामा छौ । कुरा बुझ्ने प्रयत्न गर सुनिती ! जुनसुकै सम्बन्ध भनेको पनि के हो र मात्र दिने र लिने त हो नि ! हरेक सम्बन्धका तरिका र शैली मात्र त फरक हुन्छन् !

हेर नानी, अझ म त व्यापारी मानिस हुँ । म संसारलाई व्यापारिक दृष्टिले नै हेर्छु र बुझ्छु पनि । मेरा लागि मानिसका हरेक सम्बन्ध भनेको सिर्फ व्यापार मात्र हो, फगत व्यापार । त्यसबाहेक सबै आडम्बर ! मेरो विचारमा तिम्रो र मेरो बीच अब एउटा परिपक्व स्त्री र पुरुषको मात्र नाता छ । मलाई तिम्रो सौन्दर्यले परिपूर्ण यौवन रुचिकर भएकाले मैले तिमीसँग प्रस्ताव राखेँ । यसमा अन्यथा सोच्नुपर्ने कुरा अथवा सरम मान्नुपर्ने कुरा नै के छ र ? म शिष्ट र सभ्य तरिकाले आफूलाई मन परेको कुरा तिमीबाट किन्न चाहन्छु । मेरो सुझाव छ तिमी पनि अनावश्यक भावनामा नबगी समयले जुराएको यो स्वर्णीम अवसर र प्रकृतिले तिमीलाई भरिपूर्ण पारेको यस बेलाको रूप यौवनबाट सक्दो फाइदा उठाऊ ।' वृद्ध खुलेरै बोलेका थिए ।

'मलाई नेपाल आजै फर्किनु छ । मेरो टिकटको व्यवस्था गरिदिनोस् ।' मैले निकै कठोरतापूर्वक फेरि पनि भनेकी थिएँ । वास्तवमा मलाई ती वृद्धको अनुहार हेर्न पनि मन लागेन । संसारमा यति निर्लज्ज मानिस पनि हुँदा रहेछन् भनेर मलाई ती वृद्ध अति नै घृणित लागेका थिए । तर त्यसपछि उनले पनि केही भनेनन् ।

केहीबेरमै मेरा लागि टिकटको व्यवस्था भएको थियो । त्यसपछि आफ्नो पासपोर्ट, टिकट र लगेजका साथ म नेपाल फर्किएकी थिएँ ।"

अब सुनिती चुप लागेकी थिई । उसको अनुहार घनघोर वर्षापछिको आकाशझैँ उजेलिएको थियो ।

“आन्टी, एउटा कुरा भन्छु है !” सुनितीले अनुरोध भावमा भनेकी थिई ।

“भनन् नानू भन !” मैले उसको केश मुसार्दै भनेकी थिएँ ।

“हजुर त कथाकार, तर मेरो कथा नलेखिदिनू है !”

मौन प्रतिउत्तरमा केवल उसको केश मुसारिरहेका मेरो हातले उसै गरी उसका केशराशि खेलाइरहेको थियो । मैले ऊसँग झूटो बाचा पनि त गर्न मिल्दैनथ्यो ।

# इन्दिरा प्रसाई

**बुबा, आमा** : गणेशप्रसाद शर्मा (१९९०-२०४६) तथा दुर्गादेवी नेपाल (१९९५); **जन्म** : २०१४ साल फागुन ३ गते (दार्जिलिङ, भारत); **शिक्षा** : एम्बीए; **कृति** : ५३ पुस्तक (कथा, कविता, उपन्यास, जीवनीमूलक निबन्ध, समीक्षा, सम्पादन); **विभूषण र पुरस्कार** : प्रबल गोरखादक्षिणबाहु, गद्दीआरोहण रजतपदक, वीरेन्द्रऐश्वर्य सेवापदक, भानुभक्त प्रज्ञा पुरस्कार, भानुभक्त स्वर्णपदक, राष्ट्रिय गौरव युवासम्मान, मैनाली कथा पुरस्कार, युवावर्ष मोती पुरस्कार, राष्ट्रिय प्रतिभा पुरस्कार, दीपज्योति पुरस्कार, भद्र घले पुरस्कार, देरुनीख पुरस्कार, भारती खरेल पुरस्कार; **भ्रमण** : नेपालका विभिन्न जिल्ला तथा भारत, द.कोरिया, बेलायत र अमेरिका; **परिकल्पना तथा प्रबन्धन** : राष्ट्रकवि, देवकोटा शताब्दी महोत्सव, अन्तर्राष्ट्रिय नेपाली साहित्य सम्मेलन, विश्व नारी नेपाली साहित्य सम्मेलन, शताब्दी पुरुष, आदिकवि भानुभक्त आचार्य द्विशतवार्षिकी (नेपाल सरकार), सत्यमोहन जोशी शताब्दी महोत्सव, नेपाल-भारत नेपाली भाषासाहित्य प्राध्यापक सम्मेलन आदि; **संस्थापक** : त्रिमूर्ति निकेतन र नइ प्रकाशन ।